लेखापरीक्षण प्रतिवेदन

साँफेबगर नगरपालिका, अछाम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

साँफेबगर नगरपालिका, अछाम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/45

श्रीमान् नगर प्रमुखज्यू,
साँफेबगर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
अछाम।

बिषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

थ. अधिकारी

(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/45

मिति : २०८३-१-२८

श्रीमान् नगर प्रमुखज्यू ,

साँफेबगर नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

अछाम।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्ससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी लगायतकाकारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रू.१ अर्ब ७३ करोड ७६ लाख ११ हजारको लेखापरीक्षणबाट रू.८ करोड ९२ लाख ९४ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रू.४ लाक ३४ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रू.१८ लाख ९४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५ करोड २४ लाख ७७ हजार, नियमित गर्नुपर्ने रू.३ करोड ४४ लाख ८९ हजार गरी जम्मा रू.८ करोड ८८ लाख ६० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू.३३ करोड ३२ लाख २१ हजारमा यो वर्ष सम्परीक्षण भएको रू.२ लाख ३ हजार घटाइ बाँकी बेरुजुमा यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रू.४२ करोड १८ लाख ७९ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको

संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेश्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेश्की
७८	१५४	८,९२,९४,३७०	०	४४	४,३४,११८	०	७८	११०	८,८८,६०,२५२	१८,९४,१६६	३,४४,८९,०३७	५,२४,७७,०४९	०	०	८,६९,६६,०८६	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
अछाम	३३,३२,२१,५०५	०	२,०२,७२१	३३,३०,१८,७८४	०	८,८८,६०,२५२	४२,१८,७९,०३६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२	५५	निःशुल्क पाठ्य पुस्तक अनुदान	३,७३,३०८
२	२०८१/८२	६५	दिवा खाजा	६०,८१०
जम्मा				**४,३४,११८**
गत वर्ष सम्मको सम्परीक्षण				
१	२०८०/८१	६५	लाभग्राही अद्यावधिक	१,१७,७७०
२	२०८०/८१	६६	लगत कट्टा	६७,२०१
३	२०८०/८१	५९	गैर आवासिय छात्रवृत्ति	१४,८००

४	२०७६/७७	७३.७	सामाजिक सुरक्षा असुलि	२९५०
जम्मा				**२,०२,७२१**
कुल जम्मा				**६,३६,८३९**

साँफेबगर नगरपालिका, अछाम

(८०७७२४०४३००)

साँफेबगर नगरपालिका , अछाम

परिचय

१ **परिचयः**

(क) कार्यालय परिचय - संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यंक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।२० देखि २०८२।६।२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको प्राप्ति र भुक्तानीतर्फ रु.१ अर्ब ७३ करोड ७३ लाख ११ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१७०२३४।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ।

सि.नं	बिवरण	रकम रु.
१	शंकर बहादुर थापाबाट स्थानीय भत्ता	८३५०।००
2	तालिम कार्यक्रममा ४ जनालाई सामाजिक सुरक्षा भत्ता बढी भुक्तानी	२४२०५।००
३	मृत्यु पश्चात १० जनालाई सामाजिक सुरक्षा भत्ता बढी भुक्तानी	१३७६७९।००
	जम्मा	**१७०२३४।००**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकीकृत विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत विवरण तपशिल बमोजिम रहेको छ। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली सुत्रबाट तयार भएको पालिकाको वित्तीय विवरण म.ले.प.फा. नं. २७० अनुसूचीमा संलग्न रहेको छ ।

आर्थिक कारोबारको एकीकृत विवरण

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात	**५३५६४५७३**		**चालु खर्च**	**५६१५०७३८५**	
१.संचित कोष	५१७६५४७२		१. पालिका तर्फ	**१७४१४०७६४**	
२.धरौटी	१५६८९८८		२. संघीय सशर्त	**३८०८२६६२१**	
३.प्रकोप व्यावस्थापन कोष	२३०११३		3. प्रदेश सशर्त	**५४००००**	
यस वर्षको आय	**६४९९६७८९७**		4. प्रदेश विशेष	**६००००००**	
१.आन्तरिक आय	**१०६०९७१६**				
२. वित्तीय हस्तान्तरण (संघ)	**५९४०६०४५४**		**पुँजीगत खर्च**	**१०३४९९५८५**	
क) समानीकरण अनुदान	९८१८३२००		**१. पालिका तर्फ**	**५६२००००५**	
ख) सशर्त अनुदानचालु	४०४९७२०००		**२. संघीय सशर्त**	**६१९०६३०**	
ग) सशर्त अनुदानपुजीगत	६२००००००		**३. संघीय विशेष**	**३१०२९०७**	
घ) विशेष अनुदान	३१०२९०७		4. प्रदेश सशर्त	**२४०५५०००**	
घ) राजश्व बाडफाड	**८१६०२३४७**		5. प्रदेश समपुरक	**१३९५१०४३**	
३. वित्तीय हस्तान्तरण (प्रदेश)	**४७८३३०५५**		**अन्तर सरकारी अख्तियारी (संघ)**	**१७०२४७८५६**	
क) समानीकरण अनुदान	९७६००००		क) सामाजिक सुरक्षा	**१६७७४४९६५**	
ख) सशर्त अनुदान चालु	**५५००००**		ख)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम चालु	**१२००००**	
ग) सशर्त अनुदान पुँजीगत	२४०५०००		**ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम पुँजीगत**	२३८२८९१	
घ) समपुरक अनुदान	६४६९३८१		धरौटी फिर्ता तथा सदर स्याहा	**८२६५२१**	
ङ) विशेष अनुदान	६००००००		**कार्यसञ्चालन कोषबाट भएको खर्च (विविध खर्च खाता)**	२२९८५५४३	
च) राजश्व बाडफाड	९९८६७४		**सडक बोर्ड नेपाल**	**१९८२८६४८**	
४. अन्तर सरकारी अख्तियारी (संघ)	१७०२४७८५६		**लापा कार्यक्रम**	**३०२२६१३**	
क) सामाजिक सुरक्षा	**१६७७४४९६५**		**युनिसेफ कार्यक्रम**	**१३४२८२**	
ख)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम चालु	**१२००००**		अनुदान फिर्ता	**३०६६६४१८**	
ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम पुँजीगत	**२३८२८९१**		१. संघ तर्फ		
७. धरौटी आय	०		क) सशर्त अनुदान	३०६५६४१८	
८. कार्यसञ्चालन कोष आय	२३०५१५६१		ख) विशेष अनुदान	0	
८.१ विविध खर्च खाता	**२३०५१५६१**		ग) समपुरक अनुदान	0	
क) सडक बोर्ड नेपाल	**१९८२८६४८**		**२. प्रदेश तर्फ**		
ख) लापा कार्यक्रम	**३०२२६१३**		क) सशर्त अनुदान	१००००	
ग) युनिसेफ कार्यक्रम	**२००३००**		ख) विशेष अनुदान	0	
८.२ प्रकोप व्यवस्थापन कोष	०		ग) समपुरक अनुदान	0	
दायित्व कट्टी दाखिला बाँकी (बैंक र श्रेस्तामा	**१७७५२६८**		**अन्तिम मौज्दात**	११४०९१७५	

फरक रकम)					
			१. संचित कोषको मौज्दात	**६२६८२४**	
			२. चालु खर्च खाता	७०९५७७०	
			३.पुंजीगत खर्च खाता	२५६६७२६	
			२. धरौटी	**७४२४६७**	
			३. कार्यसञ्चालनकोष	**३७७३८८**	
			क)विविध खर्च खाता	**१४७२७५**	
			ख)प्रकोप व्यवस्थापन कोष	**२३०११३**	
जम्मा	९०११४२४८३		**जम्मा**	९०११४२४८३	

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्र मार्फत सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा. नं. २७०, २७२ र २७५) तयार गर्नुपर्दछ। पालिकाले यस वर्ष सामाजिक सुरक्षा तथा संरक्षण बापतको खर्च रु. १६,७७,४४,९६५.००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम चालु तर्फ रु. १,२०,०००.०० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम पुँजीगततर्फ रु. २३,८२,८९१.०० समेत रु. १७,०२,४७,८५६।०० का साथै संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (चालु) तर्फको विभिन्न विद्यालयलाई तेस्रो त्रैमासिकमा निकासा गरेको रु. ८,०९,८०,०७२।३७ को कारोबारको सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण भएको छैन।

४ जिम्मेवारी फरक

म.ले.प.फा.नं. २७० अनुसार गत वर्षको बैंक मौज्दात रु. ५,२५,९१,९९३.०० जिम्मेवारी सारेको देखिएकोमा एकीकृत वित्तीय विवरणमा रु. ५,३५,६४,५७३.०० जिम्मेवारी सारेको देखियो ।जस अनुसार म.ले.प.फा.नं. २७० भन्दा एकीकृत वित्तीय विवरणमा रु. ९,७२,५८०।०० बढी जिम्मेवारी सारेको छ ।त्यसै गरी आ.व. २०८१।८२ को अन्तिम बैंक मौज्दात म.ले.प.फा.नं. २७० अनुसार रु. १२,४०,८४,५१०।६५ रहेकोमा एकीकृत वित्तीय विवरणमा रु. १,१४,०९,१७५।० अन्तिम बैंक मौज्दात रही म.ले.प.फा.नं. २७० भन्दा रु. ११,२६,७५,३३५।०० घटी जिम्मेवारी सारेको देखियो ।एकीकृत वित्तीय विवरण बमोजिम नै सुत्र प्रणालीमा पनि गत वर्षको जिम्मेवारी र चालु आ.व.को अन्तिम बैंक मौज्दात भिडान हुनुपर्नेमा सो भन्दा घटी/बढी देखिएकोले सुत्र प्रणालीमा बैंक मौज्दात फरक परेको रकमको हिसाब मिलान हुनु पर्दछ।

५ सुत्र (SuTRA) प्रणालीमा प्रविष्टी नभएको

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६/७/१ को निर्णयले स्थानीय निकायले सञ्चितकोषको रकम खर्च गर्दा अनिवार्य रुपमा सुत्रको (SuTRA) प्रयोग गर्नुपर्ने तथा सूत्रभन्दा बाहिरबाट खर्च लेखाङ्कन गर्न नहुने भनी परिपत्र जारी गरेको छ । पालिकाले पालिका अन्तर्गतका बालविकास केन्द्र सहित ६३ विद्यालय र शैक्षिक पहुँच, अनौपचारिक तथा वैकल्पिक शिक्षा (सिकाई केन्द्र) समेतलाई शिक्षा तर्फको २०८१ चैत्र महिनामा तेस्रो त्रैमासिकको निकाशा गर्दा देहाय वमोजिम ८,०९,८०,०७२/३७ को चेक काटी निकाशा गरेको रकम सुत्र प्रणालीमा प्रविष्टी नगरी एवं गोश्वारा भौचर समेत नउठाई खर्च लेखेकोमा मिति २०८२।०३।३२ मा म्यानुअल गोश्वारा भौचर उठाएको छ । यसरी खर्च लेखेको निकाशा रकमका सम्बन्धमा पालिकाले २०८२।३।३१ मा च.नं. १९२२ को पत्रद्वारा महालेखा नियन्त्रक कार्यालयलाई सुत्रमा प्रविष्टी गर्न सहयोग गरिदिनुहुन भनि पत्राचार भएको देखिन्छ । त्यसैगरी साँफेवगर नगर कार्यपालिकाको २०८२।४।६ गते बसेको बैठकले विद्यालय निकाशा भएको शिक्षा तर्फको रु.८,०९,८०,०७२.३७ चेक मार्फत विद्यालयको खातामा

जम्मा भएको तर विविध कारणवस SUTRA प्रणालीमा प्रविष्टी नभएकोले प्रविष्टी गर्न गराउन नेपाल सरकार अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयलाई अनुरोध गर्ने निर्णय गरी २०८२।४।८ गते दुवै निकायलाई पत्राचार समेत भएकोमा लेखापरीक्षण अवधीसम्म सुत्रमा प्रविष्टी भएको छैन । यसरी पालिकाले सुत्र प्रणालीमा प्रविष्टी नगरी रु ८०९८००७२।३७ को म्यानुअल चेक काटी विभिन्न विद्यालयहरुलाई तेस्रो त्रैमासिकको विभिन्न शीर्षकमा निकाशा गरेकोमा हाल सुत्र रिपोर्ट १९ मा निकाशा भएको रकम मध्ये पालिकाले खर्च गर्न बाँकी देखाएको रकम भनि रु ८,०९,६९,४८८।३७ देखाएको छ ।म्यानुअल चेक काटेर खर्च गरी सुत्रमा पोष्टिङ नगरेको रकम भन्दा हाल सुत्रको रिपोर्ट-१९ मा पालिकाले खर्च गर्न बाँकी देखाएको भनिएको रकम रु. १०५८४।०० घटी समेत देखिएकोले यस सम्बन्धमा पालिकाले महालेखा नियन्त्रक कार्यालयसँग समन्वय गरी हिसाब मिलान गरेको प्रमाण पेश गर्नुपर्दछ ।साथै आगामी दिनमा यस प्रकारका कमी कमजोरी हुन नदिन कार्यालय सचेत हुनुपर्दछ ।

क.स.	शीर्षक	रकम
१	आधारभूत तहका शिक्षकको तलब भत्ता	३८७१६९४०.२४
२	माध्यामिक तहका शिक्षकहरुको तलब भत्ता	१६४२६६९७.७७
३	विद्यालय कर्मचारी/ बालविकास तलब ससर्त तर्फ	५९९१०००.००
४	कर्मचारी/ बालविकास नगरपालिका थप तलब	२८३३५००.००
५	शैक्षिक पहुँच, अनौपचारीक तथा वैकल्पिक शिक्षा (सिकाई केन्द्र तलब)	१५००००.००
६	अङग्रेजी गणित, विज्ञान अनुदान (माध्यामिक तह ९-१०) शिक्षक तलब भत्ता	१४३६८८३.४०
७	अङग्रेजी गणित विज्ञान अनुदान (आधारभूत तह ६-८) शिक्षक तलब भत्ता	१५६१४६.०८
८	नगर शिक्षक तलब भत्ता	७०६६००.००
९	सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन	२३६५६८०.००
१०	प्रति विद्यार्थी लागतका आधारमा विद्यालय अनुदान	३३४९४५०.००
११	सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थी छात्रवृत्ति	५७६४००.००
१२	विद्यालय सञ्चालन व्यवस्थापन अनुदान	३६१७०००.००
१३	सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पा.पु. खरिद	३०८५६३०.८८
१४	विपदमा सिकाइ (REAL Plan) ससर्त अनुदान	२२८५४४.००
१५	प्रदेश विशेष अनुदानबाट अतिरिक्त कक्षा सञ्चालन विद्यालयलाई अनुदान	३०१८००.००
१६	कक्षा ८ परिक्षा व्यवस्थापन विद्यालयलाई अनुदान	२६१८००.००
१७	स्वास्थ्य चौकी तथा बयलपाटा अस्पतालमा सुत्केरी भएका सेवाग्राहीलाई उत्प्रेरणा	७७६०००.००
	जम्मा	**८०९८००७२.३७**

६ SuTRA द्वारा सिर्जित विवरणमा फरक

SuTRA को वित्तीय हस्तान्तरण, प्राप्ति खर्च र फिर्ताको विवरणमा समानीकरण अनुदान बाहेक to be return महलमा रु ११,१६,२६,५३६।९३ देखाएको छ भने SuTRA कै रिपोर्ट १९ (वित्तीय हस्तान्तरणको बजेट, खर्च, बाँकी र फिर्ताको विवरण) मा नेपाल सरकारतर्फ निकाशा भएको रकम मध्ये पालिकाले खर्च गर्न बाँकी देखाएको रकम रु ८०९६९४८८।३७ र आ व २०८१।८२ भित्र फिर्ता भएको रकम रु ३०६४७०४८।५६ तथा प्रदेश सरकारतर्फ आ.व. २०८१।८२ भित्र फिर्ता भएको रकम रु १०,०००।

देखाएको छ ।पालिकाबाट प्राप्त बैंक दाखिला भौचर अनुसार मिति २०८२।०३।३२ मा कोलेनिका अछामको खाता नं ४२६०१००१०२०२०००० मा भौचर नम्बर ०८५५३९१४ (क २.२) बाट रु ३०६४७०४८।५६, भौ नं ०८५५३९१६ बाट रु. ९३७०।०० तथा भौचर नं ०८५५३९०१ (ख २.२) बाट कोलेनिका अछामको खाता नं ४२६०१००२०२०२०००० मा रु १००००। फिर्ता गरेको देखिन्छ । यसरी विभिन्न विवरणमा फरक परेको रकम सम्बन्धमा पालिकाले महालेखा नियन्त्रक कार्यालयसँग समन्वय गरी हिसाब मिलान गरेको प्रमाण पेश गर्नुपर्दछ ।

७ दाखिला गर्न बाँकी कर

कार्यालयले आयकर ऐन २०५८ बमोजिम भुक्तानीमा कर कट्टी गरेको रकम चालु आर्थिक वर्ष भित्रै संघीय राजस्व खातामा दाखिला गर्नुपर्दछ । पालिकाको सुत्रको म.ले.प.फा.नं. २७० साथै एकीकृत आय व्यय विवरण बमोजिम भुक्तानीमा कट्टी गरेको रु १७,७५,२६८.०० कर दाखिला गर्न बाँकी रहेको देखिन्छ ।उक्त दाखिला गर्न बाँकी रकम पालिकाले एकिन गरी दाखिला गर्नुपर्दछ ।

८ खाता शुन्य नबनाएको

मुल संचितकोषबाट निकासा गरेको रकम मध्ये चालु खर्च खाता र पूँजीगत खर्च खातामा बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा पुनः मुल संचित कोषमा जम्मा गरी खाताहरु शुन्य बनाउनु पर्नेमा उक्त खाताहरुमा निम्नानुसारको रकम बाँकी देखिएको छ । उक्त रकम गोश्वारा भौचर उठाई फिर्ता खर्च लेखि खाता शुन्य बनाउनु पर्नेमा सो गराएको देखिएन ।यसबाट सञ्चित कोषको हिसाब र अन्य खाताको हिसाव यथार्थपरक छ भन्न सकिएन ।

सि नं	खाताको नाम	बाँकी रहेको रकम
१	चालु खर्च खाता	७०९५७७०
२	पुँजीगत खर्च खाता	२५६६७२६
जम्मा		९६६२४९६

९ आन्तरिक नियन्त्रण

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन्

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले पालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• कार्यालयको स्वामित्वमा रहेका सवारी साधनहरुको मर्मत गर्नु अगावै तोकिएको मलेप फारमको ढाँचामा मर्मत आवेदन स्वीकृत गराइ मर्मत पश्चात मर्मत अभिलेख अद्यावधिक गर्नुपर्नेमा गरेको पाइएन ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।

• निजामती सेवा ऐन, २०४९दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरु कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले नियमको पुर्ण रुपमा पालना गरेको पाइएन ।

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख राखेको पाइएन,

•पालिकाले आम्दानी र खर्च सम्बन्धी कारोबार गर्दा सो सँग सम्बन्धित कागजातहरु गोश्वरा भौचर साथ संलग्न राखि कारोबार गरेको मिति अनुसार सिलसिलेबार नम्बर कायम गरी कारोबारमा संलग्न तयार गर्ने, सिफारिस गर्ने र प्रमाणित गर्ने कर्मचारीले दस्तखत गर्नुपर्दछ । पालिकाले यस बर्ष गरेको अधिकांश कारोबारको गोश्वरा भौचरहरुमा तयार गर्ने,सिफारिस गर्ने र प्रमाणित गर्ने कर्मचारीले दस्तखत गरेको एवम श्रेस्ताहरु अध्याबधिक गरेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनिय बनाइ सेवा प्रवाह सुदृढ बनाउनुपर्दछ।

१० नीति तथा कार्यक्रम कार्यान्वयन अवस्था

स्थानीय सरकारको सर्वोच्च अङ्गको रुपमा रहेको सभाबाट पारित भएका बार्षिक नीति तथा कार्यक्रमहरु सो वर्ष तोकिएको समयमा कार्यान्वयन हुनुपर्दछ । यस पालिकाको नगरसभाबाट आ.व.२०८१।८२ का लागि पारित भएका विभिन्न नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था अध्ययन तथा परीक्षण गर्दा अधिकांश नीति तथा कार्यक्रम कार्यन्वयनमा आएतापनि केहि नीति तथा कार्यक्रम आंशिक रुपमा र कतिपय नीति तथा कार्यक्रम कार्यान्वियनमानै आएको देखिएन। कार्यन्वयनमा नआएका नीति तथा कार्यक्रमका केहि उदाहरणहरु देहाय बमोजिम छन् :

कृषि तथा खाद्य सुरक्षातर्फ

• तरकारी बालीहरुमा कृषक पाठशाला कार्यक्रम सञ्चालन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• बिज वृद्धि (खाद्यान्न: धान, गहु) र तरकारी (केराउ, रायो, सिमि) कार्यक्रम सञ्चालन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• कर्मचारी जनप्रतिनिधिहरु, व्यापारीहरुसँग बजारीकरण सम्बन्धी अन्तर्रक्रिया गोष्ठी सञ्चालन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• विउँ भण्डारणका लागि ७५ प्रतिशत अनुदानमा मेटल बिन वितरण कार्यक्रम सञ्चालन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको।

पशुपंछीतर्फ

• विश्वकै सानो र दुर्लभ अछामी नौमुठे गाईको संरक्षण सम्बर्द्धन, प्रवर्द्धन गरी उत्पादन र उत्पादकत्वमा विशेष जोड दिइने भनिएकोमा कार्यान्वियन नभएको ।

• वर्तमान अवस्था सुहाउँदो वैज्ञानिक तथा आधुनिक प्राविधिक सेवा दिनका लागि प्राविधिक कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• पशु सेवा शाखालाई औजार उपकरण र अन्य आवश्यक साधन तथा सामाग्रीको लागि व्यवस्था मिलाईनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• कृत्रिम गर्भाधानको व्यवस्था मिलाईनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

पर्यटन, सँस्कृति तथा साहित्यतर्फ

• पहलमान सिंह स्वारको सम्झनामा साहित्य कार्यक्रम सञ्चालन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• बयलपाटा अस्पतालको लागि साँफेबगरमा भएका घटनाको संस्मरण किताब प्रकाशन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• पर्यटन संस्कृति तथा साहित्य मञ्च गठन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• पूरातात्विक धरोहरको वृत्त चित्र निर्माण गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

सहकारी तर्फ

• नियमित अनुगमन गर्दै सहकारी संस्थाहरुको संस्थागत सुशासन कायम गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• सहकारी संस्थाबाट भए गरेका क्रियाकलापहरु समयमै नगरपालिकामा जानकारी गराउने व्यवस्थालाई कडाईका साथ कार्यान्वियनमा

ल्याईनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• सहकारी संस्थाहरुको दिगोपन तथा नियमन गर्नका लागि छुट्टै शाखाको व्यवस्था गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

सडक, पुल तथा यातायात तर्फ

• कालभैरव मन्दिर देखि साँफेबगर एयरपोर्ट जोड्ने पक्की पुल निर्माणको लागि पहल गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• संघीय तथा प्रदेश सरकारसँगको सहकार्य र समन्वयमा नगरपालिकाका क्षेत्रका सडक कल्भर्ट तथा पुलहरु निर्माणका लागि लागत स्टीमेटका आधारमा आवश्यक बजेट व्यवस्था गर्न पहल गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• तालगाड पुल निर्माणको लागि लागत इस्टीमेट तयार गरी निर्माण कार्य अगाडी (डिपिआर) बढाईनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• सडक मर्मत कार्यका लागि रोड रोलर र टिपरको व्यवस्था गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

वन तथा जैविक विविधता

• नगर क्षेत्रमा क्रियाशील सामुदायिक वन उपभोक्ता समितिहरुलाई नगरपालिकामा दर्ता गरी सामुदायिक निजी र सरकारी वन उपभोक्ता समितिको नगर स्तरीय सञ्जाल निर्माण गरी सो मार्फत वन विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• सामुदायिक वनहरुलाई उत्पादनमूलक आयआर्जन क्रियाकलापमा जोडी वन पैदावरको उत्पादन तथा बिक्री सम्बन्धी बार्षिक कार्ययोजना निर्माण गरी उपभोक्ताहरुको क्षमता विकास गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

११ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री शिव वहादुर कुँवरले मिति २०८१।०३।१० गते रु. ६९ करोड ७७ लाख ११ हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०५ प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१२ खर्च बिश्लेषण

पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. १,०६,०९,७१६ राजस्व बाँडफाँड र अनुदानबाट रु. ६४,१८,९३,५०९ समेत रु. ६५,२५,०३,२२५ आम्दानी भएकोमा चालुतर्फ रु. ५६,१५,०७,३८५ र पूँजीगततर्फ रु. १०,३४,९९,५८५ समेत रु. ६६५००६९७० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५९ प्रतिशत रहेको छ । पदाधिकारी सुबिधामा रु. १,००,७७,००० खर्च भएको छ जुन आन्तरिक आयको ९४.९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८६.०५ प्रतिशत चालु र १५.८६ प्रतिशत पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१३ क्षेत्रगत बजेट र खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

सि.नं.	क्षेत्र/ उपक्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	२३८२००००	२२११७७२१	३.८३
२	सामाजिक विकास	३५६००५०००	२४२३५७५८९.२५	४१.९०
३	पूर्वाधार विकास	६१६२५०००	५५९८३०२३.०६	९.६८
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२०१७७०००	१९९३३२४७	३.४५
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	३११९४९४७२	२३८०३५३१८.२७	४१.१५
	कुलजम्मा	७७३५७६४७२	५७८४२६८९८	

उपर्युक्त विवरणअनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४१.९ प्रतिशत खर्च भएको छ भने आर्थिक विकास ३.८३ प्रतिशत तथा पूर्वाधार विकासमा ९.६८ प्रतिशत रहेको छ । आर्थिक बिकास तथा पूर्वाधार विकासमा बजेट खर्च वृद्धि गर्नुपर्ने देखिन्छ ।

१४ योजना र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्:

क्र.सं.	विवरण	योजनासंख्या	रकम (रु. हजारमा)
१	रु.१ लाखभन्दा कमको योजना	७०	३७५०
२	रु.१ लाख एकदेखि पाँच लाख सम्मका योजना	३७	८४१४
३	रु.५ लाखदेखि १० लाख सम्मका योजना	२२	१७२६५
४	रु.10 लाख एकदेखि ५० लाख सम्मका योजना	११	२७४००
५	रु.५० लाख भन्दा माथिका	३	२४४००

उपरोक्त विवरण अनुसार पालिकाले १ लाख घटी देखि ५० लाख भन्दा माथीका जम्मा १४३ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ७० वटा योजनाहरु रहेका छन् । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।

१५ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च (रु. हजारमा)
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	१०३४९९	१६९२	३७२५	१३२६२	८४८२०	८१५०३
प्रतिशत		१.६३	३.६	१२.८	८१.९	७८.७

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु १० करोड ३४ लाख ९९ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १६ लाख ९२ हजार (१.६३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु ३७ लाख २५ हजार (३.६ प्रतिशत) तेस्रो त्रैमासिकमा रु १ करोड ३२ लाख ६२ हजार (१२.८ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ८ करोड ४८ लाख २० हजार (८१.९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ८ करोड १५ लाख ३ हजार (७८.७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

१६ न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष २ विवाद दर्ता भएकोमा १ फछ्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१७ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २४ वटा ऐन, ६ नियमावली, निर्देशिका, ३१ कार्यविधि, २ आचारसंहिता, ४ नीति २ निर्देशिका ३ मापदण्ड १ कार्ययोजना लगायत ७३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

१८ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९(४) मा जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि लिलाम विक्री गर्नुपर्ने सम्पत्ती तथा जिन्सी मालसामानको हकमा नियम १०३ बमोजिम नियमित गर्ने र मर्मत संभार गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको हकमा तीन महिनाभित्र मर्मत संभार गरिसक्नु पर्ने उल्लेख छ।पालिकाबाट प्राप्त सम्पत्ति/जिन्सी मालसामानको निरीक्षण फाराम अनुसार डेक्सटप कम्प्युटर १८ थान, ल्यापटप ११ थान, मोवाइल २ थान, प्रिन्टर १९ थान, व्याट्री ११ थान, व्याकहो लोडर १ थान, टेबुल १२ थान, कुर्चि २१ थान, स्टिल दराज १४ थान, रिभलिवङ्ग चियर ३ थान, अफिस टेवल ४ थान लगायतका सामान मर्मत संभार गर्नुपर्ने, एम्बुलेन्स १ थान, प्रिन्टर १० थान, फ्याक्स मेशिन १ थान, ट्रिपर १ थान, रिभलिवङ्ग चियर २५ थान लगायतका सामान लिलाम गर्नुपर्ने एवं मोटर साइकल १ थान, राउटर १ थान लगायतका सामान मिनाहा गर्नुपर्ने उल्लेख भएकोमा लेखापरीक्षण अवधिसम्म नियममा भएको व्यवस्था बमोजिम प्रक्रिया अगाडी बढाएको देखिएन । त्यसैगरी पालिकाले अन्तर्गतका वडा कार्यालय एवं स्वास्थ्य संस्थाहरुको जिन्सी सामानको निरीक्षण गरी/गराई PAMS प्रणालीमा नराखेकोले सो सम्बन्धमा विश्लेषण गर्न सकिएन । तसर्थ, पालिकाको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित (मर्मत, लिलाम र मिनाहा गर्नुपर्ने) जिन्सी सामानको नियममा भएको व्यवस्था वमोजिममा व्यवस्थापन गर्नु पर्दछ । साथै पालिका अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्था लगायतका जिन्सी सम्पत्तिको PAMS प्रणालीमा अभिलेखांकन गरी जिन्सी निरीक्षण प्रतिवेदन समेत पेश गर्नुपर्दछ ।

१९ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष स्वीकृत घर नक्सा दर्ता पास ७, बसाईसराई २२२, विवाहदर्ता ३९३, सम्बन्धविच्छेद ३,

जन्म दर्ता १०८३ वटा, मृत्युदर्ता ३३७ लगायत अन्य सेवा प्रवाह गरेको देखियो । भौतिक पूर्वाधार निर्माण तर्फको तथ्याङ्क अद्यावधिक राखेको पाइएन । पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

२० **वार्षिक खरिद योजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले वार्षिक रु. १० करोड ३४ लाख ९९ हजार पूँजीगत खर्च अन्तर्गत खरिद तथा निर्माण कार्य गरेको छ । आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा पालिकाले उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२१ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १४४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ९९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, सिनियर डिभिजन इन्जीनियर, वरिष्ठ शिक्षा अधिकृत, आन्तरिक लेखापरीक्षक अधिकृत, वरिष्ठ जनस्वास्थ्य अधिकृत तथा लेखापाल लगायत ४५ पदहरु रिक्त रहेका छन् । पालिकाले आवश्यकताका आधारमा दरबन्दी तथा पदपूर्ति सम्बन्धी व्यवस्थापन गर्नुपर्दछ ।

२२ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

वडा संख्या	वडा सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
१४	१४	८	६

पालिकाले आवश्यकताका आधारमा दरबन्दी तथा पदपूर्ति सम्बन्धी व्यवस्थापन गर्नुपर्दछ ।

२३ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत बार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यबस्था रहेको छ । पालिकाले यसवर्ष पूँजिगत शीर्षकमा रु. १ करोड ३५ लाख र चालु शीर्षकमा रु. ३ करोड ५४ लाख ९५ हजार समेत रु. ४ करोड ८९ लाख ९५ हजार रकमान्तर गरेको छ । उक्त रकम शुरु बजेट रु. ६९ करोड ७७ लाख ११ हजारको तुलनामा ७.०३ प्रतिशत हुन आउँछ । यसरी आर्थिक वर्षको अन्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

२४ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारिण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत

शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

२५ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२७ **कर्मचारी करार**

२७.१ **पारिश्रमिक खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले स्वास्थ्य तथा अन्य क्षेत्रका विभिन्न पदमा ११४ जना कर्मचारीहरु करारमा राखी रु. ३२२०२१२२ खर्च लेखेको छ।

२७.२ **स्वीकृत दरवन्दी वेगरको करार सेवा** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहमा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ मा पालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरवन्दीको अधिनमा रही प्राविधिक कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करार लिन सकिने उल्लेख छ ।पालिकाले स्वीकृत दरवन्दी बाहिरको निम्न पदमा २३ कर्मचारी नियुक्त गरी तलब भत्ता वापत रु. ५३३६५२६.०० भुक्तानी गरेको पाइयो ।दरबन्दी भन्दा बाहेक कर्मचारी नियुक्त गरी तलबभत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

सि नं	पद	नियुक्ति संख्या	मासिक तलब	कुल तलब
१	खेलकुद प्रशिक्षक	१	३२९०२	४२७७२६
२	सहजकर्ता	१३	१६०००	२७०४०००
३	अहेव	२	१६०००	४१६०००
४	ल्याब असिस्टेन्ट	४	२२४००	११६४८००
५	अ.न.मी.	३	१६०००	६२४०००
जम्मा			**१०३३०२**	**५३३६५२६**

अनियमित भएको	५३,३६,५२६

२८ **इन्धन खर्च**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चत मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनुपर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था उल्लेख छ। पालिकाले यस वर्ष इन्धन (पदाधिकारी), इन्धन (कार्यलय प्रयोजन) र इन्धन अन्य प्रयोजन शिर्षकमा रू. १ करोड २० लाख विनियोजन गरेकोमा रु. ५० लाख ३५ हजार खर्च गरेको छ। इन्धन खर्चलाई मितव्ययी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२९ भुक्तानी बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) अनुसार कार्यालयले आर्थिक वर्षको अन्त्यमा भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी म. ले. प. फा. नं. २२१ मा सम्पूर्ण विवरणको लगत तयार गरी स्वीकृत गराई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले यो वर्ष भुक्तानी दिन बाँकीको विस्तृत विवरण नखुलाई देहाय अनुसार खाजा खाना, ईन्धन, मर्मत संभार, बैठक भत्ता, पदाधिकारी पारिश्रमिक, छपाई, विविध लगायतका निम्न रकम खर्च गरेको पाइयो । नियममा भएको व्यवस्था बमोजिम आर्थिक बर्षमा विनियोजित बजेटले नखामी भुक्तानी दिन बाँकी दायित्व सिर्जना भएको अवस्थामा सोको स्पष्ट तथा विस्तृत विवरण खुलाई सभाबाट बजेट विनियोजन गरी खर्च गर्नेचर्फ ध्यान दिनुपर्दछ ।

भौचर नं मिति	विवरण	रकम
१७। २०८१।०६। १६	मर्निङ बेल मिडिया हाउसलाई प्रधानमन्त्री रोजगार कार्यक्रम प्रसारणको लागि कति अवधिको कतिपटक प्रसारण भएको खुल्ने विवरण संलग्न नभएको	३९५५००
२९।२०८१। ०६।१८	थ्याङ्क्यु बिजीनेशलाई ल्यापटप रिपेयर मोबाइल रिपेयर कार्टरिज खरिद वापत भुक्तानी तर कसले प्रयोग गर्ने मोबाइल ल्यापटप रिपेयर बारे विवरण संलग्न नभएको	३३८३००
३१।२०८१। ०६।१८	उग्रतारा ट्रेडिङ एण्ड सप्लायर्सलाई कलर प्रिन्टर आदि खरिदको भुक्तानी	३५२०००
३३।२०८१। ०६।१८	काली कर्णाली लोक साहित्य तथा संस्कृति किताब १०६ थान खरिदको भुक्तानी तर वितरणको भरपाइ संलग्न नभएको	३१८०००
३५।२०८१। ०६।१८	जनता अटो पार्ट्स एण्ड सर्भिस सेन्टरलाई सवारी साधन मर्मत वापत भुक्तानी	१५१०००
३७।२०८१। ०६।१८	खाना खाजा वापत होटेल एअरपोर्टलाई भुक्तानी	१४४०००
३९।२०८१। ०६।१८	खाना खाजा वापत बुढा होटेललाई भुक्तानी	२६४०००
४३।२०८१। ०६।१८	सूचना प्रकासन वापत सक्सेस एडभर्टाइजिङलाई भुक्तानी	५५७००
४५।२०८१। ०६।१८	गत वर्षको १३ औं नगर सभाको खाना खाजाको भुक्तानी बुढा होटल	१५२७००
४७। २०८१।०६। १८	पिक अपको स्पेसिफिकेसन तयारीका लागि मेकानिकल इन्जिनियर गोबिन्द प्रकाश ओलीलाई दैनिक तथा भ्रमण भत्ता	३४०००
४९। २०८१।०६। १८	अनुगमन र भ्रमण वापत इन्जिनियर निराजन शाह र बिक्रम कुँवरलाई भुक्तानी	४१४००
५२।२०८१। ०६।१८	इन्टरनेट सेवा वापत एभरेस्ट वायरलेस नेटवर्कलाई भुक्तानी	५१५२८०
७२।२०८१। ०९।२१	सिंहदेवी अटो पार्ट्सलाई सवारी मर्मत वापत भुक्तानी	१४३०७५३

७४। २०८१।०९। २८	मसलन्द सामग्री खरिद वापत एन्जिला ट्रेडर्सलाई भुक्तानी	२१२२०९६
७७। २०८१।१०। ०७	कार्यालय सञ्चालनका सामग्रीहरु खरिद वापत एस एस स्टेशनरीलाई भुक्तानी	३८०५११
१११। २०८१।१०। १०	खाजा खाना वापत बुढा होटललाई भुक्तानी	७४१००५
११७। २०८१।१०। १४	विपद व्यवस्थापनका लागि त्रिपाल खरिद वापत कुवेर ट्रेडर्सलाई भुक्तानी कस कसले बुझेको सम्बन्धमा विवरण नखुलेको	४४८५८१
	जम्मा	**७८८४८२६**

३० **मर्मत सम्भार खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र मर्मत सम्भार तथा संरक्षण आवेदन स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ। सोही बमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ। पालिकाले सवारी साधन मर्मत गर्दा लागत अनुमान नबनाई सिधै खर्च गरेको छ। पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु. ८४,५३,४७९ खर्च लेखेको छ। मर्मत सम्भार सम्बन्धी खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पालना हुनुपर्दछ।

३१ **आर्थिक सहायता**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५मा सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको वित्तीय समानीकरण चालुको नमुना छनौटको आधारमा परीक्षण गर्दा विभिन्न रोग बिरामका साथै क्यान्सर पिडित, भुकम्प पिडीत आगलागी पिडित, विपद प्रभावितलाई सहयोगका लागि न्यूनतम रु. ५००० देखि अधिकतम रु. १००००० सम्म ५२ जनालाई रु. १९ लाख ८० हजार आर्थिक सहायता वितरणमा खर्च गरेको देखियो। आर्थिक सहायता वितरण गर्दा अन्य निकायबाट समेत सहायता लिए नलिएको सम्बन्धमा स्पष्ट भइ पालिकाको आन्तरिक स्रोत समेतलाई मध्यनजर गरी सहायता दिनुपर्दछ ।

३२ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविध शीर्षकवाट खाना खाजामा विभिन्न होटेल रेष्टुरेन्टका बिल राखी रु ४५ लाख

५४ हजार २०१ खर्च लेखेको छ । यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ।।पालिकाले यस प्रकारको खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ ।

३३ **अनुगमन तथा भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शीर्षकबाट रु. २१,२६,४९५।०० अनुगमन तथा भ्रमणमा खर्च लेखेको छ ।पालिकाले भ्रमण खर्च नियमावलीको व्यवस्था बमोजिम भ्रमण आदेश तथा बिलसँगै भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि संलग्न गर्नुपर्ने नियमको आंशिक रुपमा मात्र पालना गरेको छ ।ऐन तथा नियममा भएको व्यवस्थाको पालना गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

३४ **परामर्श सेवा**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७२ मा सार्वजनिक निकायले २० लाख रुपैयाँ भन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्नेछ । पालिकाले बिभिन्न निर्माण काम गर्ने प्रयोजनको लागि देहाय अनुसार बिभिन्न परामर्शदाताहरुबाट बिस्तृत अध्ययन प्रतिबेदनको लागि भुक्तानी दिएको पाइयो ।

सि नं	**योजनाको नाम**	**परामर्शदाताको नाम**	**रकम**	**योजनाको प्रस्तावित लागत**	**आ व**	**कैफियत**
१	लापा कार्यक्रम	अपि पोइन्ट जेभी	२२९४२२३	८८४२२५०००	२०८१।८२	बजेटमा समावेश ह हुन बाँकी
२	साँफेबगर जिरो पोइन्ट देखि ठाडो बाटो सडक	साइपाल इन्जिनियरिङ कन्सल्टेन्सी	३२३४०६	२०७६१००५८	२०८१।८२	बहुवर्षीय ठेक्का भएको
३	बाब्ला देखि पुत्रु समैजी खोला सडक	न्यू प्लानेट इन्जिनियरिङ सर्भिसेस प्रा लि	१३५०३५०	९७३८०६१०८	२०८१।८२	रु ३ करोड बजेट ठेक्का भएको
४	बुडाकोट देखि पातालकोट डुनिरवा पुल सडक	राघवी इन्जिनियरिङ सर्भिसेस प्रा लि	१३५०९१५	७६१४६८२९७	२०८१।८२	रु ३ करोड बजेट ठेक्का भएको
५	मोटेना डिप बोरिङको डिपिआर	जय श्री बैजनाथ इन्जिनियरिङ सोलुसन	४९६२९६	१०३६७९२८	२०८०।८१	कार्यक्रम सम्पन्न भएको
६	रतन देखि दलित बस्ती कृषि सडक	एम पि टी कन्सल्टेन्ट एण्ड कन्स्ट्रक्सन	१०४६०४१	३८८१२८१४२	२०८०।८१	कार्यान्वयन भएको
७	बयलपाटा अस्पतालको ट्रमा भवनको डिपी आर	बुढीगङ्गा इन्जिनियरिङ एण्ड कन्सलटेन्सी प्रा लि	१९७७५००	१५१९६६२१६	२०८०।८१	कार्यान्वयन नभएको
जम्मा						

माथिको बिस्तृत अध्ययन प्रतिबेदनको सम्बन्धमा देखिएका प्रमुख ब्यहोराहरु निम्नानुसार रहेका छन ।

३४.१ **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्स, सम्बन्धित क्षेत्रगत शर्त, वा सोही प्रकृतिको खरिद कार्यमा लागेको वास्तविक लागतलाई आधार लिइ लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष परामर्श खरिद गरेका कार्यक्रमको लागत अनुमान तयार गर्दा उक्त आधार नलिइ पालिकाबाट विनियोजन वजेटलाई नै विभिन्न क्षेत्रमा छुट्याइ लागत अनुमान तयार गरेको एवं लागत

अनुमानमा सम्बन्धित प्राबिधिक तथा कार्यालय प्रमुखको दस्तखत भएको पाइएन । जसबाट लागत अनुमान यथार्थपरक भएकोमा एकिन हुन सकिएन ।

३४.२ **प्रस्ताव मुल्याङ्कन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ मा प्रस्ताव माग गर्ने र नियम ७६ मा प्रस्ताव मुल्याङ्कन गर्ने सम्बन्धि व्यवस्था छ । पालिकाले यस वर्ष परामर्श सेवा खरिद गरेका कार्यक्रमको लागि प्रस्ताव माग गरी खरिद गरेको देखिएता पनि संलग्न श्रेस्ता अनुसार उक्त प्रस्तावको प्राविधिक मुल्याङ्कन तथा आर्थिक प्रस्ताब मूल्यांकन गरेको भएतापनि प्रस्तावदाताहरुले पेश गरेका प्रस्ताबहरु सिलसिलेबद्ध किसिमले फाइल साथ संलग्न नगरेको,केही परामर्शदाताहरुसँग गरिएको सम्झौताको टी.ओ.आर.पेश नभएको,केहीको प्रस्तावहरु लेखापरीक्षणमा पेश नभएको आदी कारणबाट परामर्श कार्यको लागि छनौट भएका परामर्शदाताहरु तोकिएको कार्य गर्न सक्षम सम्बन्धित जनशक्ति तथा प्राविधिक क्षमता भए नभएको सम्बन्धमा एकिन हुन सकिएन र पेश भएको प्रतिवेदनहरु गुणस्तरिय एवम कार्यान्वियन योग्य छन भन्न सकिएन ।

३४.३ **जिन्सी दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ९५ मा कार्यालय प्रमुखले कुनै माध्यमबाट प्राप्त हुन आएको सम्पत्ती तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि लगत अध्यावधिक गर्नु, गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष खरिद भएका माथि उल्लेखित परामर्श खरिद वापतका प्रतिवेदन पालिकाको जिम्सी किताब/पाम्समा दाखिला गरेको पाइएन । अतः उक्त प्रतिवेदन दाखिला गरेको प्रतिवेदन पेश गर्नुपर्दछ ।

३५ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम पालिका अन्तर्गतका १४ वडामा अठारे देउगाडा सिंचाई कुलो निर्माण, लुयाटा पिपलरुख गोरेटो बाटो मर्मत, भालुखोला सडक मर्मत, बाब्ला टोल पि सी सी बाटो निर्माण, ओदलखोला देखि बेतालमान्डौं गोरेटो बाटो सरसफाइ लगायत १८ योजना सञ्चालन गरी यस वर्ष ७७ जनालाई औसत १०० दिनले रोजगारी उपलव्ध गराई रू .३६५४८९२ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार वडा स्तरबाट छनौट भई आएका योजनाहरु कार्यान्वियन भएको नभएको नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

३६ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र अन्तर्गत के कति सहकारी संस्था रहेका छन् सोको कुनै अभिलेख राखेको एवं अनुगमन निरीक्षण गर्ने गरेको छैन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ पालिकाले आफ्नो क्षेत्र अन्तर्गतका सहकारी संस्थाहरुको अभिलेख राखि ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३७ आन्तरिक राजस्व प्रक्षेपण तथा असूली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकिकृत सम्पत्ती कर र घरजग्गा कर, भूमिकर(मालपोत), घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यबस्था छ भने दफा ६६ मा स्रोत अनुमान तथा

बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको प्रक्षेपण गर्नसक्ने व्यवस्था छ । पालिकाको आ. ब . २०८०।८१ र २०८१।८२ को आन्तरिक राजस्वको प्रक्षेपण तथा असुली अवस्था देहाय बमोजिम रहेको छ ।

आय शिर्षक नाम	असुली	प्रक्षेपण/ असुली	असुली	प्रतिशत
		प्रक्षेपण २०८१/८२		
सम्पत्ति कर	९१९४१९.००	१५०००००.००	८६२१६४.००	५७.४८
भुमिकर/ मालपोत	५२३३३९.००	६०००००.००	३५२०९३.००	५८.६८
घरवहाल कर	१४३९२८१.१६	१२०००००.००	१५१४१२२.४०	१२६.१८
सवारी साधनकर (साना सवारी)	०.००	१०००००.००	०.००	०.००
व्यवसाय कर	३०००.००	१००००००.००	२९५००.००	२.९५
व्यवसाय रजिष्ट्रेशन दस्तुर	४९०५७०.००	२०००००.००	३०८८००.००	१५४.४०
सरकारी सम्पत्ति वहालबाट प्राप्त आय	३१४०१२५.००	३००००००.००	२४१०९८१.००	८०.३७
अन्यस्रोतबाट प्राप्त रोयल्टी वडाले उठाउने	०.००	२०००००.००	०.००	0.००
नक्सापास दस्तुर	१७६७२०.००	४०००००.००	१७६०५२.००	४४.०१
सिफारिश दस्तुर	११३०२२९.००	१२०००००.००	११५५७८७.००	९६.३२
व्यक्तिगत घटना दर्ता दस्तुर	५१५२६०.००	५०००००.००	५२६८००.००	१०५.३६
नाता प्रमाणित दस्तुर	२९१००.००	१०००००.००	७५३००.००	७५.३०
अन्य दस्तुर (दहत्तरबत्तर शुल्क रु. २४७६२५० समेत समाबेश)	५६३७४५८.००	५०००००.००	३१९८११७.००	६३९.३२
दहत्तरबत्तर शुल्क	०.००	४५०००००.००	०.००	०.००
मिति २०८१/०४/ ०१ देखि २०८२/०३/ ३२ सम्म को जम्मा रु	**१४००४५२.१६**	**१५००००००.००**	**१०६०९७१६.४०**	**७०.७३**

उपर्युक्त तालिका अनुसार पालिकाले आर्थिक वर्ष २०८०।८१ मा रु. २ करोड आन्तरिक आय संकलन गर्ने प्रक्षेपण गरेकोमा रु.१ करोड ४० लाख (७० प्रतिशत) संकलन गरेको देखिन्छ भने आ.व. २०८१।८२ मा १ करोड ५० लाख संकलन गर्ने लक्ष्य राखेकोमा रु. १ करोड ६ लाख १० हजार (७०.७३ प्रतिशत) संकलन गरेको छ । पालिकाले २०८१।८२ मा प्रक्षेपणको तुलनामा व्यवसाय कर २.९५ प्रतिशत, नक्सापास दस्तुर ४४ प्रतिशत, सम्पत्तिकर ५७.४८ प्रतिशत, भूमिकर/मालपोत ५८.६८ प्रतिशत संकलन गरेको छ भने घर वहाल कर १२६.१८ प्रतिशत, व्यवसाय रजिस्ट्रेशन दस्तुर १५४.४० प्रतिशत संकलन गरेको देखिन्छ । त्यसैगरी अन्य दस्तुर ५ लाख संकलन गर्ने प्रक्षेपण गरेकोमा रु.३१ लाख ९८ हजार (६३९ प्रतिशत) प्राप्त गरको देखाए पनि उक्त रकममा दहत्तरबहत्तर वापत असुली भएको रु.२४ लाख ७६ हजार समेत समावेश भएकोले प्रक्षेपण र असूली यथार्थपरक देखिएन । दहत्तर बहत्तर वापत यस वर्ष रु.४५ लाख संकलन गर्ने प्रक्षेपण गरेकोमा २४ लाख ७६ हजार (५५ प्रतिशत) असूली भएको देखिन्छ । पालिकाले आन्तरिक आय वृद्धि गर्नका लागि राजस्व परामर्श समितिले थप आयका श्रोत पहिचान गरी यथार्थपरक हुनेगरी राजस्व प्रक्षेपण तथा असुली गर्नेतर्फ विशेष पहल गर्नुपर्ने देखिन्छ ।

३८ **आन्तरिक आय संकलन ठेक्का**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा भएको व्यबस्था अनुसार पालिकाले आफ्नो आन्तरिक आय सङ्कलनका लागि स्थानीय कर, सेवा शुल्क तथा दस्तुर लगाउन सक्ने व्यवस्था छ । यसका लागि पालिकाले आफ्नो क्षेत्रभित्र दैनिक हाट बाजार कर,

सडक मर्मत संभार शुल्क, स्थानीय पूर्वाधारको उपभोग शुल्क, विभन्न प्राकृतिक वस्तुको विक्री तथा निकासीमा लाग्ने शुल्क लगायतका कारोबारबाट राजस्व संकलनका लागि आन्तरिक आय ठेक्का लगाई राजस्व वृद्धि गर्नुपर्नेमा यसवर्ष कुनैपनि आय ठेक्का लगाएको पाइएन ।

३९ ढिलो दाखिला

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ को दफा २८ (१) मा जिम्मेवार व्याक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने एवं उपदफा (२) मा त्यसरी दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशतका दरले जरीवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गराउन सक्ने व्यावस्था छ । यस पालिका अन्तरगतका विभिन्न वडा कार्यालयहरुले नगदी रसिदको प्रयोग गरी असुली गरेको राजस्व तोकिएको अवधिमा दाखिला नगरेको अवस्थामा समेत यस प्रकारको कानुनको पालना भएको देखिएन।पालिकाले जिम्मेवार व्यक्तिलाई जवाफदेही वनाई कानुनमा भएको व्यवस्था अनुरुप दाखिला गराउन लगाउनु पर्दछ । पालिका तथा अन्तर्गतका वडा कार्यालयहरुको असुली तथा दाखिला देहाय बमोजिम रहेको छ ।

सि.न.	राजस्व संकलन केन्द्र	पालिकामा दाखिलारु.	कैफियत
१	वडानं.१ कार्यालय	७९९६०	२०८१ माघ देखि २०८२ बैशाख तथा असार सम्म गरी ३ पटक नगदी रसिद ठेलीको रकम पालिकामा बुझाई पालिकाले एकमुष्ट बैंक दाखिला गरेको ।
२	वडानं.२ कार्यालय	१७१२४०	२०८२ जेठ र असारमा गरी २ पटक नगदी रसिद ठेलीको रकम पालिकामा बुझाई पालिकाले एकमुष्ट बैंक दाखिला गरेको ।
३	वडान.३ कार्यालय	३३७२९०	२०८१ साउँन, असोज, कार्तिक, मंसिर, पुस, माघ तथा २०८२ असार सम्म ९ पटक नगदी रसिद ठेलीको रकम पालिकामा बुझाई पालिकाले एकमुष्ट बैंक दाखिला गरेको ।
४	वडा नं.४ कार्यालय	५७५३७२	२०८१ मंसिर, पुस, फागुन, चैत्र देखि २०८२ असार सम्म गरी ११ पटक नगदी रसिद ठेलीको रकम पालिकामा बुझाई पालिकाले एकमुष्ट बैंक दाखिला गरेको ।
५	वडा नं.५ कार्यालय	११२६७५	२०८१ चैत्र देखि २०८२ असार सम्म ४ पटक नगदी रसिद ठेलीको रकम पालिकामा बुझाई पालिकाले एकमुष्ट बैंक दाखिला गरेको ।
६	वडा नं.६ कार्यालय	१०७९९०	२०८१ माघ देखि २०८२ असार सम्म ४ पटक नगदी रसिद ठेलीको रकम पालिकामा बुझाई पालिकाले एकमुष्ट बैंक दाखिला गरेको ।
७	वडा नं.७ कार्यालय	७८९७०	२०८१ साउन देखि २०८२ असार सम्म १ पटक नगदी रसिद ठेलीको रकम पालिकामा बुझाई पालिकाले एकमुष्ट बैंक दाखिला गरेको । पटक नगदी रसिद ठेलीको रकम पालिकामा बुझाई पालिकाले एकमुष्ट बैंक दाखिला गरेको ।
८	वडा नं.८ कार्यालय	२३५१४७	२०८१ कार्तिक, मंसिर, पुस, फागुन गरी असार सम्म ६ पटक नगदी रसिद ठेलीको रकम पालिकामा बुझाई पालिकाले एकमुष्ट बैंक दाखिला गरेको ।
९	वडा नं.९ कार्यालय	८९०६७	२०८१ साउन देखि २०८२ असार सम्म १ पटक नगदी रसिद ठेलीको रकम पालिकामा बुझाई पालिकाले एकमुष्ट बैंक दाखिला गरेको ।
१०	वडा नं.१० कार्यालय	२७१२६५	२०८१ साउन देखि २०८२ असार सम्म 7 पटक नगदी रसिद ठेलीको रकम पालिकामा बुझाई पालिकाले एकमुष्ट बैंक दाखिला गरेको ।

११	वडा नं.११ कार्यालय	२८८४७	२०८१ साउन देखि २०८२ असार सम्म १ पटक नगदी रसिद ठेलीको रकम पालिकामा बुझाई पालिकाले एकमुष्ट बैंक दाखिला गरेको ।
१२	वडा नं.१२ कार्यालय	१०६०७३	२०८१ साउन देखि असार सम्म २ पटक नगदी रसिद ठेलीको रकम पालिकामा बुझाई पालिकाले एकमुष्ट बैंक दाखिला गरेको ।
१३	वडा नं.१३ कार्यालय	१८६४८२	२०८१ असोज, माघ, फागुन गरी असार सम्म ९ पटक नगदी रसिद ठेलीको रकम पालिकामा बुझाई पालिकाले एकमुष्ट बैंक दाखिला गरेको ।
१४	वडा नं.१४ कार्यालय	१५८०३८	२०८१ फागुन तथा २०८२ असारमा गरी २ पटक नगदी रसिद ठेलीको रकम पालिकामा बुझाई पालिकाले एकमुष्ट बैंक दाखिला गरेको ।
१५	पालिकाको कार्यालयबाट	८०७१३००	विभिन्न मितिमा दाखिला

४० **ढुङ्गा, गिट्टी, वालुवा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा पालिकाले आफ्नो क्षेत्र भित्रका नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) उत्खनन् ,संकलन एवं निकासी गरी आन्तरिक आय संकलन गर्न सक्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र पर्ने वुढीगंगा, छिपेखोला, पर्भाली गाड, जिगेडी गाड लगायतबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन्, संकलन तथा निकाशी गरी आन्तरिक आय वृद्धिका लागि कुनै पनि ठेक्का लगाएको छैन । पालिकाको आन्तरिक आय वृद्धिका लागि IEE प्रतिवेदन अनुसारको परिमाणमा ढुङ्गा, गिट्टी,वालुवा उत्खनन, संकलन तथा निकासीका लागि आय ठेक्का लगाई आन्तरिक आय वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । यस सम्बन्धमा देखिएको थप व्यहोरा देहाय बमोजिम छन्:

४०.१ **अमानतबाट रोयल्टी संकलन** - पालिकाले यसवर्ष आन्तरिक आय ठेक्का नलगाई अमानतबाट ढुङ्गा, गिट्टी, वालुवाको रोयल्टी संकलन गर्नका लागि २०८१ मंसीर १८ गते बसेको कार्यपालिकाको निर्णय अनुसार साँफेबगर नगरपालिका अन्तर्गतका नदिनाला तथा खोला खोल्साबाट उठाउने ढुंगा गिट्टी वालुवाको रोयल्टी रकम नदिनाला तथा खोला खोल्सा रहेको सम्बन्धित वडा कार्यालयले अमानतमा उठाउने गरी अख्तियारी दिने सर्व सम्मत निर्णय गरेको छ । सोही निर्णयका आधारमा विभिन्न वडालाई नगदी रसीद उपलब्ध गराई प्रदेश आर्थिक ऐनले तोकेको दर अनुसार संकलन गर्नका लागि टेक्टर प्रति ट्रली रु.४००।– र ट्रिपर प्रति ट्रली रु.१२००।– का दरले संकलन गरेको देखिन्छ ।

४०.२ **राजस्व बाँडफाड** - सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८(४) मा नगरपालिकाको स्थानीय विभाज्य कोषमा जम्मा गरेको ढुंगा, गिट्टी, वालुवाको रोयल्टी वापतको रकम वाँडफाँड गरी ४० प्रतिशतले हुने रकम प्रदेश संचित कोषमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाले यसवर्ष संकलन गरेको रु.२४७६२५० मध्ये मूल्यअभिवृद्धि कर वापतको रकम घटाई हुने रु.२१,९१,३७२।– को ४० प्रतिशतले हुने रु.८,७६,५४९।– प्रदेश सञ्चित कोषमा दाखिला नगरी स्थानीय संचित कोषमै दाखिला गरेकोले उक्त रकम प्रदेश संचित कोषमा पठाउनु पर्ने रु.

प्रमाण पेश नगरेको	८,७६,५४९

४०.३ **मूल्य अभिवृद्धिकर** - पालिकाले यसवर्ष ढुंगा, गिट्टी, एवं वालुवा निकाशी गरी विभिन्न ४ वटा वडा (वडा नं १,३,४ र ७) वाट रु.२४,७६,२५०।– संकलन गरेको विवरणबाट देखिएको छ । उक्त संकलित रकममा मूल्य अभिवृद्धिकर वापतको रु.२,८४,८७८।–

समेत समावेश भएकोमा उक्त रकम पालिकाले सम्बन्धित संघीय संचितकोष खातामा दाखिला नगरी पालिकाकै संचित कोषमा दाखिला गरेको छ । मूल्य अभिवृद्धि कर ऐन, २०५३ तथा नियमावली २०५४ अनुसार उक्त रकम सम्बन्धित संघीय राजस्व शीर्षकमा जम्मा गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,८४,८७८

४०.४ **रसिद फिर्ता नभएको -** पालिकाले ढुङ्गा, गिट्टी, वालुवाको रोयल्टी संकलनका लागि विभिन्न वडालाई उपलब्ध गराएका नगदी रसीद मध्ये देहाय वमोजिमका रसीद र सो बाट संकलित रकम २०८२ आषाढ मसान्त सम्म पालिकामा फिर्ता भएको नदेखिएकोले यस सम्बन्धमा पालिकाले उक्त नगदी रसीद र सो वाट संकलित रकम एकिन गरेर फिर्ता गराई आम्दानी वाध्नु पर्दछ । रोयल्टी असुल गरी समयमा दाखिला नगर्ने जिम्मेवार पदाधिकारी/ कर्मचारीलाई आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ वमोजिम लाग्ने जरीवाना समेत असुल गराई कारवाही समेत गर्नुपर्दछ ।

क्र.स.	रसीदको विवरण	वडा नं	वुझिलिने
१	रसीद नं ४२५१ -४३०० सम्म	१३	रुप वहादुर कुँवर (वडा अध्यक्ष)
२	रसीद नं ७५१-८०० सम्म	७	हिक्मत कडायत(वडा अध्यक्ष)
३	रसीद नं ११५१-१२०० सम्म	७	हिक्मत कडायत(वडा अध्यक्ष)
४	रसीद नं १२०१-१२५० सम्म	७	हिक्मत कडायत(वडा अध्यक्ष)
५	रसीद नं २२५१-२३०० सम्म	७	हिक्मत कडायत(वडा अध्यक्ष)
६	रसीद नं २७५१-२८०० सम्म	७	तर्कराज जोशी (वडा सचिव)
७	रसीद नं ३००१-३०५० सम्म	७	हिक्मत कडायत(वडा अध्यक्ष)
८	रसीद नं ३६५१-३७०० सम्म	७	हिक्मत कडायत(वडा अध्यक्ष)
९	रसीद नं ४०५१-४१०० सम्म	७	हिक्मत कडायत(वडा अध्यक्ष)
१०	रसीद नं ५००१-५०५० सम्म	७	हिक्मत कडायत(वडा अध्यक्ष)
११	रसीद नं ५३५१-५४०० सम्म	७	हिक्मत कडायत(वडा अध्यक्ष)
१२	रसीद नं ५९०१-५९५० सम्म	७	हिक्मत कडायत(वडा अध्यक्ष)
१३	रसीद नं ५९५१-६००० सम्म	७	हिक्मत कडायत(वडा अध्यक्ष)
१४	रसीद नं ६४०१-६४५० सम्म	७	हिक्मत कडायत(वडा अध्यक्ष)
१५	रसीद नं ६४५१-६५०० सम्म	७	हिक्मत कडायत(वडा अध्यक्ष)
१६	रसीद नं ८७०१-८७५० सम्म	७	हिक्मत कडायत(वडा अध्यक्ष)
१७	रसीद नं ८९०१-८९५० सम्म	७	हिक्मत कडायत(वडा अध्यक्ष)
१८	रसीद नं ९२०१-९२५० सम्म	७	हिक्मत कडायत(वडा अध्यक्ष)

४०.५ **निर्माण व्यवसायीलाई नगदी रसिद -** पालिकाले पि.एस. वानिया जे.भी द्वारा संचालित वडा नं. १ मा अवस्थित क्रसर उद्योगमा प्रयोग गर्नका लागि देहाय वमोजिमका नगदी रसीद प्रमाणित गरी उपलब्ध गराएको छ ।उक्त रसिदहरु पालिकाबाट छपाई नगरी क्रसर

सञ्चालकले नै प्रमाणितका लागि ल्याएको पालिकाले जनाएको छ । यसरी बुझिलगेका नगदी रसीद तथा रसीदबाट संकलित रकम पालिकामा दाखिला गरेको देखिएन । सो सम्बन्धमा पालिकाले एकिन गरी रसीद तथा उठेको रकम पालिकामा फिर्ता गराई आम्दानी गर्नुपर्दछ । सो बाहेक अन्य थप रसीदको प्रयोग गरी रकम संकलन भए नभएको सम्बन्धमा समेत पालिकाले एकिन गरी रोयल्टी सङ्कलन गरी आम्दानी गर्नुपर्दछ ।

क्र.स.	रसिद नंम्बर	रसिद लगेको मिति	रसिद बुझिलिने व्यक्ति
१	४०१-४५०	२०८१।३।३१	भिम कुँवर/ डम्वर धामी
२	५०१-५५०	२०८१।३।३१	भिम कुँवर/ डम्वर धामी
३	६०१-६५०	२०८१।३।३१	भिम कुँवर/ डम्वर धामी

४१ **रसिद नियन्त्रण खाता**

पालिकाले राजश्व असुलीमा प्रयोग हुने रसिदको दुरुपयोग हुन नदिन रसिद नियन्त्रण खाता (म.ले.प.फ.न ९०४) तयार गरी रसिदको व्यवस्थित अभिलेख राख्नु पर्दछ । पालिकाले विभिन्न वडा कार्यालयहरुलाई नगदी रसिद वितरण गर्दा रसिद नं. उल्लेख गरी भर्पाई गराएर दिने गरेको भएतापनि गतवर्षबाट जिम्मेवारी सरी आएका र यस वर्ष छपाई गरिएका के कति रसिद थिए सो खुल्नेगरी रसिद नियन्त्रण खाता राखेको छैन । यसरी पालिकासँग विगतको वाँकी नगदी रसिद तथा यस वर्ष छपाई भएका रसिद खुल्नेगरी अभिलेख नहुँदा यस वर्ष विभिन्न वडा कार्यालयलाई भरपाई गराई उपलव्ध गराएको रसिद मात्र प्रयोग भएको हो भनि सुनिश्चित हुन सकिएन। जस्तै- वडा नंबर ८ कार्यालयले यसवर्ष भरपाई गरी लगेको रसिद भन्दा फरक रसिद (र.नं.४३०१ देखि ४३५०) बाट रु. २८०००।०० असुल गरेको समेत देखिन्छ भने सोहि नंबरको रसिद यसवर्ष वडा नंबर ४ मा समेत प्रयोग भएको छ ।यसरी एकै आर्थिक वर्षमा एउटै नंबरका रसिदको दोहोरो प्रयोग हुँदा आम्दानी रसिदको सहि र व्यवस्थित प्रयोग भएको छ र सङ्कलन तथा दाखिला भएको राजस्व सहि र यथार्थपरक छ भनि सुनिश्चित हुन समेत सकिएन । तसर्थ पालिकाले कानून बमोजिम रसिद नियन्त्रण खाताको अभिलेख व्यबस्थित गरी वडा कार्यालयहरू तथा पालिकाका विभिन्न शाखाहरुबाट उठेको राजस्व सही र यथर्थ भएको सुनिश्चत गरी राजस्व आम्दानीलाई पारदर्शी बनाउनु पर्दछ ।

४२ **आय अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ तथा ५९ मा दैनिक तथा वार्षिक रूपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी स्रेस्ता राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले नगदी रसिद छपाई वडाबाट राजस्व असुली गर्ने गरेको नगदी तथा पालिकाले प्रणालीबाट असुल भएको सबै राजश्व आम्दानीको एकीकृत विवरण देखिने गरी दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), प्राप्त सवै राजश्वको गोस्वारा भौचर (म.ले.प.फा. नं. १०३), राजस्व आम्दानीको शीर्षकगत खाता (म.ले.प.फा. नं. १०४), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. हरू नराखेकोले राजश्वको लेखापरीक्षणबाट प्राप्त हुनुपर्ने सवै राजस्व प्राप्त गरेको र प्राप्त सवै राजस्व वैङ्क दाखिला गरेको एकिन गर्न सकिएन । तसर्थ अनिवार्य रूपमा राख्नुपर्ने खाताहरूको प्रयोग गरी आन्तरिक आयको लेखालाई व्यवस्थित बनाउनुपर्दछ ।

४३ **आयको क्षेत्र पहिचान**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र विभिन्न कर शुल्क लगाउने तथा आय ठेक्का व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको छ । तर पालिकाले आफ्नो आयको सबै स्रोतहरू जस्तैः सवारी साधन कर, विज्ञापन कर, कवाडी तथा जीवजन्तु कर, पार्कीङ्ग शुल्क लगायतका करहरूको सम्भावित परिमाण, सङ्ख्या यकिन गरी दर निर्धारण तथा सभाबाट स्वीकृत गरी हुने आय यकिन गरेको छैन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन

ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान तथा असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरूको लगत (म.ले.प.फा. नं. ११२) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११३), तयार गरी करयोग्य आय भएका सवैलाई करको दायारामा ल्याउनु पर्दछ ।

४४ **एम्बुलेन्स सेवा**

साँफेवगर नगरपालिका आर्थिक ऐन,२०८१ मा एम्बुलेन्स सेवा लिए वापत दुरी अनुसार लाग्ने भाडादर तोकिएको छ । तर कुन किसिमको बिरामीलाई भाडा छुट दिने भन्ने कुनै कार्यविधि वा पालिकाले निर्णय गरेको देखिएन । एम्बुलेन्स चालकले सेवाग्राहीलाई सेवा दिए वापत स्थलगत रुपमै नगदी रसिद प्रयोग गरी दिने नगरी लगबुकमा रकम चढाई पालिकामा रकम दाखिला गरेपछि मात्र अनलाइन रसिद काट्ने गरेको पाइयो । उक्त लगवुक परीक्षण गर्दा कतिपय मितिमा विरामीलाई सेवा दिए पनि प्रयोगकर्ता महलमा प्रयोग कर्ता विरामीको नाम उल्लेख नगरी अफिस मार्फत लेख्ने गरेको र रकम नउठाएको देखिन्छ । उक्त लगबुक अधिकार प्राप्त अधिकारीबाट प्रमाणित समेत भएको छैन । यसरी अधिकार प्राप्त अधिकारीबाट लगबुक प्रमाणित नहुने र रकम असुल समेत नहुँदा छुट पाउनु पर्नेले नै पाए नपाएको सुनिश्चित हुन सकिएन । पालिकाले कार्यविधि बनाएर सेवा सञ्चालन गरी पारदर्शी रुपमा अभिलेख व्यवस्थित गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका थप व्यहोरा देहाय बमोजिम छन्:

४४.१ मिति २०८२।१२।४ मा चन्द्रे दमाईले अफिस/हस्पिटल देखि नेपालगञ्ज सम्म एम्वुलेन्स प्रयोग गरेवापत लाग्ने रु.१७५००।– मध्ये मिति २०८२।५।२४ मा रु.१२०००।– मात्र पालिकामा दाखिला गरेको अनलाइन नगदी रसीद पेश भएको छ । दाखिला गर्न वाँकी रु.५५००।– नियमानुसार असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५,५००

४४.२ लगवुक अनुसार एम्वुलेन्स चालक हिक्मत लोहारले देहाय बमोजिम उठाएको रकम मध्ये तेल हालेको जनाई असुली भन्दा कम दाखिला गरेको छ । तर तेल हालेको प्रमाणित हुने विल भरपाई समेत संलग्न छैन । यस सम्बन्धमा कार्यालयमा बुझ्दा यसरी तेल हालेमा सो वापतको रकम पालिकाले भुक्तानी गरी उक्त उठेको आम्दानी राजस्व मै बुझाउनु पर्ने भनाई रहेकोले तेल हालेको पुस्टी हुने विल भरपाई पालिकामा पेश गरी उक्त रकम राजस्वमा दाखिला गर्नुपर्ने रु.

क्र.स.	एम्बुलेन्स प्रयोग कर्ता	प्रयोग मिति	स्थान	उठेको रकम	दाखिला रकम	नपुग रकम
१	फकिरे सुनार	२०८१।४।४	अफिस-धनगढी	१४०००	६०००	८०००
२	नरेश परियार	२०८१।४।९	वयलपाटा-डोटी	८०००	०	८०००
३	गौतम कुंवर	२०८१।४।३०	अफिस-धनगढी	१४०००	५९००	८१००
				३६०००	**११९००**	**२४१००**

प्रमाण पेश नगरेको	२४,१००

४४.३ मिति २०८१।४।२८ मा लाल वहादुर कुँवरले अफिस देखि धनगढी सम्म एम्बुलेन्स प्रयोग गरेकोमा रु.८०००।– को डिजल हालेको उल्लेख गरेको र अफिस मार्फत भनि बाँकी रकम असुल नगरेकोले आदेश दिने कर्मचारी/पदाधिकारीलाई जिम्मेवार बनाई नपुग रु.६०००।– असूल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	६,०००

४४.४ मिति २०८१।५।१८ मा मेल्लेखका गम्भिर साउँदले अफिसदेखि धनगढी सम्म एम्वुलेन्स प्रयोग गरेकोमा नियमानुसार लाग्ने भाडा रु.१४०००।– मध्ये रु.४४००।– मात्र दाखिला गरेकोले नपुग रु. ९६००।– आदेश दिने कर्मचारी।पदाधिकारीलाई जिम्मेवार वनाई असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९,६००

४४.५ साँफेबगर नगरपालिका वडा नं ४ का शमसेर कुँवरले २०८१।८।१० गते अफिस देखि नेपालगञ्ज सम्म एम्बुलेन्स प्रयोग गरेको रु.१७०००।– तथा २०८१।९।२९ गते अफिस देखि धनगढी सम्म प्रयोग गरेको रु.१४०००।– समेत रु.३१०००।– लेखापरीक्षण अवधी सम्म पनि दाखिला नगरेकोले नियमानुसार असुल गरी दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३१,०००

४४.६ मिति २०८१।८।१८ मा चौरपाटी-४ की जमुना खत्रीले अफिस देखि धनगढी सम्म एम्वुलेन्स प्रयोग गरेकोमा रु.५००० मात्र असुल गरी बाँकी रकम असुल नगरेकोले आदेश दिने कर्मचारी।पदाधिकारीलाई जिम्मेवार वनाई असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९,०००

४५ देहाय वमोजिम एम्बुलेन्स प्रयोग गरेकोमा रकम असुल नगरेकोले असुल गर्नु नपर्ने कारण सहित पालिकाको निर्णय पेश हुनुपर्ने अन्यथा आदेश दिने कर्मचारी।पदाधिकारीलाई जिम्मेवार वनाई असुल गर्नुपर्ने रु.

क्र.स.	प्रयोग कर्ता	मिति	स्थान	लाग्ने भाडा रकम
१	पुरन आउजी सा.न.पा.४	२०८१।१०।१७	अफिस-वयलपाटा	५००
२	कार्यपालिका सदस्य अनिल रइगाई	२०८१।१०।१७	अफिस- घुघुरकोट	१५००
३	विष्णु शाह सा.न.पा.१	२०८१।१०।२२	अफिस- कालिमाटी हस्पिटल	१३००
४	नाम खाली (अफिस मार्फत)	२०८१।११।४	अफिस-हस्पिटल	५००
			जम्मा	३८००

प्रमाण पेश नगरेको	३,८००

४६ मिति २०८१।८।२२ मा गउमुल वाजुराका रमेश धामीले अफिस।हस्पिटल देखि धनगढी सम्म एम्वुलेन्स प्रयोग गरेकोमा रु.१०,०००।– मात्र असुल गरी वाँकी रकम असुल नगरेकोले आदेश दिने कर्मचारी।पदाधिकारीलाई जिम्मेवार वनाइ असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	४,०००

४७ **डोजर भाडा**

स्थानीय सरकार संचालन ऐन, २०७५ को परिच्छेद ९ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र विभिन्न कर शुल्क लगाउने तथा आय ठेक्का व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाको आर्थिक ऐन, २०८१ मा डोजरको भाडा प्रतिघण्टा रु.१४०० र एक्साभेटर भाडा वापत प्रति घण्टा रु.२५०० हुने उल्लेख छ । पालिकामा तीन वटा डोजर तथा एक एक्साभेटर रहेकोमा विभिन्न व्यक्ति तथा व्यवसायीलाई भाडामा दिँदा केहिको भाडा सम्झौता गरेपनि सबैको सम्झौता गर्ने गरेको देखिएन । पालिकाबाट पेस भएको डोजर तथा एक्साभेटर परिचालन भएको लगबुक परीक्षण गर्दा यो वर्ष भाडामा लगाएका मध्ये देहाय बमोजिमका व्यक्ति तथा व्यवसायीबाट भाडा असुल गरेको देखिएन । पालिकाले गत विगतका डोजर तथा एक्साभेटर परिचालन तथा सोबाट प्राप्त भएको रकम र असुल हुन बाँकीको विवरण तयार नगरेकोले उक्त विषय परीक्षण गर्न सकिएन । पालिकाले यो वर्ष प्रयोग भएको डोजर तथा एक्साभेटर भाडा वापत असुल हुन बाँकी भाडा रकममा नियमानुसार लाग्ने जरीवाना समेत हिसाब गरी असुल गर्नुपर्ने रु.

क्र.स.	डोजर (जेसिबी) प्रयोग गरेको मिति	प्रयोगकर्ताको नाम	प्रयोग गरेको घण्टा	प्रतिघण्टा दर	जम्मा रकम
क) चालक श्री कमल शाही से.०१ ग १३१					
१	२०८२।२।१६देखि २०८२।३।३१ सम्म	कार्यपालिका सदस्य मुकेश सुनार, सा.न.पा. ४	१४०	१४००	१९६०००
२	२०८२।२।१९ देखि २०८२।३।१ सम्म	कृष्ण बहादुर बुढा, सा.न.पा. ३	३८.६	१४००	५४०४०
३	२०८१।११।१२ देखि २०८१।११।२१ सम्म	वडा सदस्य चक्र चाड, सा.न.पा. ५	६७	१४००	९३८००
४	२०८२।१।१७	अशोक कुँवर, सा.न.पा. ४	४.५	१४००	६३००
५	२०८२।२।२ देखि २०८२।३।१८ सम्म	सुरत कुँवर, सा.न.पा. ४	७६.२	१४००	१०६६८०
६	२०८२।२।२९ देखि २०८२।३।२ सम्म	राजन भण्डारी, सा.न.पा. ४	२८.५	१४००	३९९००
ख) चालक कमल शाही सु.प.प्र.०१ ग २४५					
१	२०८२।२।३ देखि २०८२।३।२४ सम्म	नृप खड्का डोटी	८०.७	१४००	११२९८०
२	२०८२।२।२०	सुरत कुँवर, सा.न.पा. ४	७.८	१४००	१०९२०
ग) चालक भविन कडायत से.१.ग.६९					
१	२०८१।११।४ देखि यहि ७ गते सम्म	वडा सदस्य चक्र चाड, सा.न.पा. ५	३६	१४००	५०४००
		कुल जम्मा			६७१०२०
				असुल गर्नुपर्ने	६,७१,०२०

४८ **स्थानीय सामग्री उत्खनन र बिक्री**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क. वमोजिम पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । पालिकाले आफ्नो क्षेत्रमा पर्ने बुढी गंगा नदीको बिभिन्न क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन २०७९ तयार गरी गतवर्ष आय ठेक्का लगायता पनि यसवर्ष आय ठेक्का नलगाई कार्यपालिकाले पालिका अन्तर्गतका नदिनाला तथा खोला खोल्साबाट अमानतमा ढुङ्गा, गिट्टी, बालुवाको रोयल्टी उठाउने निर्णय गरी वडा नंबर १,३,४ र ७ अन्तर्गत पर्ने बुढीगंगा क्षेत्रबाट अमानतमा रु.२४,७६,२५०।०० आन्तरिक आय संकलन गरेको देखिन्छ । पालिका अन्तर्गत बुढी गंगा लगायत छिपेखोला, पर्भाली गाड, जिजेडी गाड लगायतका अन्य खोला तथा खोल्सीहरु समेत रहेको देखिन्छ । पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग हुने स्थिति समेत रहेको देखिन्छ । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका सबै वडाहरुका सम्भाव्य स्थानहरुबाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन का आधारमा ढुङ्गा, गिट्टी, बालुवा एवम्

माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन्, संकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

४९ सामुदायिक वनबाट आय

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ। पालिकाले आफ्नो क्षेत्रभित्र के कति सामुदायिक वन रहेका छन् सो सम्बन्धमा सामुदायिक वनको व्यवस्थित अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन । अतः पालिकाले ऐनमा भएको व्यबस्थाको कार्यान्वियन गर्नुपर्दछ ।

५० फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैला वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ ।फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाले पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

५१ कार्यसम्पादनमा आधारित अनुदान

शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा जारी गरिएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत ९.५ मा नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियनका लागि कार्यसम्पादनमा आधारित अनुदानको व्यवस्था छ । यसरी दिएको अनुदान रकमको स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईबाट अनुगमन हुने समेत व्यवस्था छ । सोही व्यवस्था अनुसार पालिकाले सूर्यचन्द्र माध्यामिक विद्यालयलाई रु.३०,००,०००।– अनुदान दिएको छ । यसरी निकाशा गरेको रकमबाट विद्यालयले कुन कुन क्षेत्रमा काम गर्ने हो, सोको प्रस्तावना पेश गरेको देखिएन । कार्यविधिमा उल्लेखित क्रियाकलाप मध्ये विद्यालयले के के मा खर्च गर्ने प्रस्तावना पेश नगरेको एवं स्थानीय तहबाट उक्त रकमबाट तोकिएको क्षेत्रमा कानूनी प्रक्रिया पुरा गरी खर्च गरे नगरेको अनुगमन प्रतिवेदन समेत पेश नभएकोले उक्त अनुदान रकमको उपयोग सम्बन्धमा सुनिश्चित हुन सकिएन । तसर्थ, अनुदान रकमबाट गरिने खर्चको प्रस्तावना सहित सार्वजनिक खरिद कानूनको पालना गरी अनुदान रकमको उपयोग भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गरी प्रतिवेदन सहित नियमित गर्नुपर्ने रु.

अनियमित भएको	३०,००,०००

५२ पुस्तकालय तथा आईसिटि व्यवस्थापन

शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा जारी गरिएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नंबर २.७.१३.१३ अन्तर्गत बुँदा नं ९.१ मा विद्यालयमा पुस्तकालय प्रयोगशाला तथा ICT व्यवस्थापनका लागि प्रति विद्यालय रु.६,५०,०००।– दिने व्यवस्था रहेको र सोही व्यवस्था अनुसार यस वर्ष पालिकाले देहाय बमोजिमका विद्यालयलाई अनुदान उपलब्ध गराएको छ । कार्यक्रम कार्यान्वियन कार्यविधि अनुसार कार्यक्रम कार्यान्वियनको जिम्मेवारी नगरपालिका, विद्यालय र विद्यालय व्यवस्थापन समितिलाई तोकेको छ । विद्यालयलाई निकासा गरेको रकमबाट विद्यालयले पुस्तकालय तथा आईसिटी व्यवस्थापनमा खर्च गरेका विल भरपाई पेश गरेको र उपमेयरको संयोजकत्वमा गठित अनुगमन तथा सुपरीवेक्षण समितीले अनुगमन गरी कार्य सम्पन्न भएको भनि अनुगमनको फर्मेट संलग्न भए पनि अनुगमन प्रतिवेदनमा खुलाउनु पर्ने सबै व्यहोरा खुलाई कमि कमजोरी एवं सुझाव सहितको प्रतिवेदन तयार गरेको देखिएन । पालिकाले अनुदान रकमको नियमित अनुगमन गरी पृष्ठपोषण सहितको प्रतिवेदन पेश गर्नुपर्दछ ।

क्र.स	विद्यालयको नाम	विवरण	अनुगमन मिति	निकासा रकम
१	सुर्यचन्द्र माध्यामिक विद्यालय	पुस्तकालय तथा आईसिटी व्यवस्थापन	२०८२।३।२०	६,५०,०००।
२	हिमालय माध्यामिक विद्यालय	पुस्तकालय तथा आईसिटी व्यवस्थापन	२०८२।३।१९	६,५०,०००।
३	कालिका माध्यामिक विद्यालय	पुस्तकालय तथा आईसिटी व्यवस्थापन	२०८२।३।१९	६,५०,०००।

५३ **विद्यालय कर्मचारी तथा वालविकास सहजकर्ताको पारिश्रमिक**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ मा प्रचलित कानून वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम तथा पालिकाको आन्तरिक स्रोतबाट तोकिएको दरमा तलब भत्ता खाने गरी नियुक्त गरिएका विद्यालय कर्मचारी (लेखापाल तथा कार्यालय सहयोगी) र बाल विकास सहजकर्ताको पारिश्रमिक भुक्तानी गर्दा पालिकाको आन्तरिक स्रोतबाट व्योर्नुपर्ने खर्च समेत देहाय बमोजिम संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाटै भुक्तानी गरेको छ । संघीय सरकारबाट हस्तान्तरित कार्यक्रममा खर्च नभई वचत हुने रकम संघीय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने प्रावधान रहेकोले यसरी पालिकाको आन्तरिक स्रोतबाट खर्च लेख्नुपर्ने रकम संघीय सशर्तबाट खर्च लेखेकोले उक्त रकम पालिकाको आन्तरिक आम्दानीबाट फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

भौचर नं मिति	विवरण	निकाशा रकम
१९।२०८१।६।१६	प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालयका कर्मचारीको चाडपर्व खर्च समेत प्रथम त्रैमासिको पारिश्रमिक निकासा	३७७६०००
२४।२०८१।१०।१३	प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालयका कर्मचारीको दोस्रो त्रैमासिको पारिश्रमिक निकासा	२८४८५००
१।२०८२।३।३२(मेनुअल भौचर)	प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालयका कर्मचारीको तेस्रो त्रैमासिको पारिश्रमिक निकासा	२८३३५००
१४८।२०८२।३।२३	प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालयका कर्मचारीको चौथो त्रैमासिको पारिश्रमिक निकासा	२७८५५००
जम्मा		१२२४३५००

प्रमाण पेश नगरेको	१,२२,४३,५००

५४ **सामाजिक तथा आर्थिक लेखापरीक्षण**

शिक्षा तथा मानवश्रोत विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा जारी गरिएको कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नंवर २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत प्रत्येक विद्यालयले विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ अनुसार अनिवार्य रुपमा सामाजिक परीक्षण गर्ने व्यवस्था मिलाउने एवं विद्यालयले आर्थिक लेखापरीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने समेत उल्लेख छ । पालिकाले यस वर्ष पालिका अन्तर्गतका १४ माध्यामिक विद्यालयलाई रु.१५०००।- का दरले तथा ३९ आ.वि.लाई रु.१०,०००।– का दरले रु.६०००००।– सामाजिक तथा आर्थिक लेखापरीक्षणका लागि निकाशा गरेको छ । विद्यालयहरुले आर्थिक वर्ष २०८०।८१ को सामाजिक तथा आर्थिक लेखापरीक्षण गराई

प्रतिवेदन पेश गरेको भएतापनि आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण प्रतिवेदन पेश भएको छैन । कार्यविधि अनुसार आर्थिक वर्ष २०८१।८२ को समेत लेखापरीक्षण गराई प्रतिवेदन पेश गर्नुपर्दछ ।

५५ **निःशुल्क पाठ्य पुस्तक अनुदान**

शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमीद्वारा जारी गरिएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.४.६.२ मा सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था छ । यस वर्ष पालिकाले २०८१ चैत्रमा ३०,८५,६३०।८८ र २०८२ आषाढमा ११,१३,००५।१३ समेत रु.४१,९८,६३६।०१ विभिन्न ५३ वटा विद्यालयलाई निकाशा गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय वमोजिम छन्:

५५.१ **बढी भुक्तानी-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१,२६७.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-५** को निर्णयले रू **१३,९३९.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **६,३३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **२,५३४.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **६,९६९.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **३,१६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **४,४३५.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **११,४०४.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **५,०६८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **७,६०३.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२९,१४५.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **१२,६७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **३,८०१.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **६,९६९.६**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **३,८०१.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **३,१६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **९,५०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **३,८०१.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **७,६०३.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **३,८०१.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **५,०६८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **५,७०२.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **६,३३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **८,२३६.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२,५३४.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **३,१६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **३,१६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२,५३४.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **७,६०३.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **३,८०१.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **७,६०३.२**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **८,२३६.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **३,१६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२३,४४३.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **५,०६८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **५,७०२.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **७,६०३.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **८,८७०.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२१,५४२.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५५.२ **बढी निकाशा-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **४,७३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **७०,९७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **११,२०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५६ मुल्य अभिवृद्धि कर कट्टी नगरेको

मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६ग बमोजिम सरकारी निकायले ठेक्का वा करार बापतको रकम भुक्तानी गर्दा कर रकमको ३०% रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहाय बमोजिमका फर्म/संस्थालाई संम्झौता अनुसारको बिल भुक्तानी गर्दा भुक्तानी दिएको मुल्य अभिवृद्धि कर रकमको ३० प्रतिशतले हुने रु.८५४६३।०० कट्टा नगरी भुक्तानी गरेकोले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

भौचर नं मिति	विवरण	फर्म/संस्था	जम्मा भुक्तानी	जम्मा मूल्य अभिवृद्धी कर	३०प्रतिशत मु.अ. कर
६६। २०८२।३। १७	सन्दर्भ सामाग्री पुस्तक छपाई, विजक नं १४।२०८२।३।८	मनिसा सप्लायर्स (स्थायी ले.नं. ६१८२९५९००)	४,७६७२४	५५८४४	१६४५३
११२। ०८२।३। १९	सेनीटरी प्याड खरिद, विजक नं.३७।२०८२।३।१५	वुढीगंगा फार्मेसी (स्थायी ले.नं. १२१६४३१९१	१९९९५३६	२३००३५	६९०१०
जम्मा					८५४६३
				प्रमाण पेश नगरेको	८५,४६३

५७ **सेनिटरी प्याड खरिद**

सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा कार्यालयले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार रु.१० लाख भन्दा बढीको मालसामान तथा वस्तु खरिद गर्दा सिलबन्दी दरभाउ पत्रको माध्यामबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३, अनुसूची-१ मा पालिकाले खरिद गर्ने सेनिटरी प्याडको साइज न्यूनतम लम्बाई २४०+ २० एमएम चौडाई ६० देखि ७५ एम एम र मोटाइ १५ + 2 एमएम हुनुपर्ने उल्लेख छ । त्यसैगरी दफा ४ मा स्थानीय तहले खरिद गरेका सेनिटरी प्याड सुरक्षित भण्डारण गर्नुपर्ने, दफा ५ मा सेनिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने र दफा २१ मा यस कार्यक्रमको कार्यान्वयनको प्रगती विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विद्यालयले स्थानीय तहमा र स्थानीय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने उल्लेख छ । पालिकाले भौ.नं. ११२ मिति २०८२।३।२१ बाट ३३८९२ प्याकेट सेनिटरी प्याड रु.१९,९९,५३६।-मा खरीद गरी बुढिगंगा फार्मेसिलाई भुक्तानी गरेको छ । यसरी पालिकाले आर्थिक वर्षको अन्तिम महिनामा विना प्रतिस्पर्धा खुल्ला कोटेशनको माध्यमले रु.१९,९९,५३६।-को सोझै खरिद गरेको छ । खरिद गरिएका सेनिटरी प्याडको वीजकमा २४० एमएम उल्लेख भएता पनि कार्यविधिमा तोकिएको सबै मापदण्ड तथा स्पेशीफिकेशन अनुसार भए नभएको सम्बन्धमा सेनिटरी प्याड प्राप्त गरी दाखिला गर्दा सम्बन्धित विज्ञ सहित खरिद समितिबाट मुचुल्का उठाई दाखिला गरेको देखिएन ।साथै खरिद गरिएका सेनिटरी प्याड PAMS मा दाखिला समेत गरेको छैन । त्यसैगरी खरिद गरिएका सेनिटरी प्याड मध्ये लेखापरीक्षण अवधी सम्म विभिन्न १६ विद्यालयलाई २८५९१ प्याकेट वितरण गरी ५३०१ प्याकेट पालिकामै मौज्दात रहेको देखियो ।पालिकाले सेनिटरी प्याड खरिद तथा वितरण गर्दा कार्यविधिमा तोकिएको मापदण्ड अनुसारको गुणस्तर सुनिश्चित गरी उचित भण्डारण एवं कार्विधिमा तोकिएका अन्य प्रक्रिया समेत पालना गर्नुको साथै प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद गर्नुपर्छ ।

५८ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली २०५९, को नियम ७७(१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः ५०,४५ र ४० हुनुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात देहाय बमोजिम रहेको छ ।

क्र.स.	विद्यालयको नाम	संचालित कक्षा	राहत	दरबन्दी	नगर	जम्मा शिक्षक	विद्यार्थी	अनुपात
१	सुर्यचन्द्र मा.वि.१	कक्षा १-१२	३	१५	१	१९	५७२	३०
२	शिवशक्ति प्रा.वि.१	कक्षा १-५	०	३	०	३	१२	४
३	वैजनाथ वेदविद्याश्रम	कक्षा ६-८	२	१	०	३	२५	८
५	बुढीगंगा प्रा.वि.२	कक्षा १-५	२	३	०	५	३१	६
६	ज्ञानज्योति प्रा.वि२ .	कक्षा १-५	१	२	०	३	१४	५
७	खापरमाण्डौ प्रा.वि.२	कक्षा १-५	२	३	०	५	२०	४
८	सरस्वती आ.वि.२	कक्षा १-८	०	६	१	७	८६	१२
९	त्रिपुरा सुन्दरीमा.वि.२	कक्षा १-१२	६	१५	०	२१	२५६	१२
१०	जनता प्रा.वि.३	कक्षा १-५	३	१	०	४	२८	७
११	सरस्वती प्रा.वि.३	कक्षा १-५	०	४	०	४	४९	१२
१३	कालिका प्रा.वि.३	कक्षा १-३	३	०	०	३	१५	५
१४	प्रभाधम्कोट मा.वि.३	कक्षा १-१२	१०	१०	१	२१	३९७	१९
१५	भगवती आ.वि.४	कक्षा १-८	३	४	१	८	१७०	२१
१६	जनकल्याण मा.वि.४	कक्षा १-१२	७	४	१	१२	४२३	३५
१७	हिमालय मा.वि.४	कक्षा १-१२	९	१०	०	१९	२२९	१२
१८	जाल्पादेवीप्रा.वि.५	कक्षा १-५	२	४	०	६	६३	११
१९	कृष्ण मा.वि.५	कक्षा १-१०	६	३	१	१०	१०२	१०
२१	चन्द्रोदयप्रा.वि.६	कक्षा १-५	०	३	०	३	३८	१३
२४	सरस्वती ककडसात आ.वि ७	कक्षा १-५	२	४	०	६	३३	६
२७	मदरासा दारुल कुरान ८	कक्षा १-३	१	१	०	२	१२	६
२८	नवदुर्गा प्रा.वि.८	कक्षा १-५	३	१	०	४	२४	६
३०	महेन्द्र मा.वि.८	कक्षा १-१२	५	१९	०	२४	४१९	१७
३१	कर्ण प्रा.वि.९	कक्षा १-३	०	१	०	१	१९	१९
३२	सरस्वतीप्रा.वि.९	कक्षा १-५	१	३	०	४	४६	१२
३३	त्रिपुरा बसकाटिया९	कक्षा १-५	१	३	०	४	३०	८
३४	त्रिपुरा ऐराड़ा ९	कक्षा १-५	१	३	०	४	६५	१६

३५	बुढाकोट मा.वि.९	कक्षा १-१०	३	६	१	१०	१७८	१८
३६	नवदुर्गा प्रा.वि.१०	कक्षा १-३	२	०	०	२	१५	८
३८	गंगा प्रा.वि.१०	कक्षा १-५	०	३	०	३	१६	५
४०	घुघुरकोटमा.वि.१०	कक्षा १-१०	४	५	०	९	११७	१३
४१	बेतालमाण्डौ मा.वि.१०	कक्षा १-१२	३	१७	०	२०	२३४	१२
४२	शान्तिप्रा.वि.११	कक्षा १-३	१	०	०	१	७	७
४३	सरस्वतीप्रा.वि.११	कक्षा १-५	२	१	०	३	३४	११
४४	कालिकाप्रा.वि.११	कक्षा १-५	१	१	०	२	१८	९
४५	महाकालीप्रा.वि.११	कक्षा १-५	०	३	०	३	२८	९
४६	कैलाश प्रा.वि.११	कक्षा १-५	३	०	०	३	३३	११
४७	हंसबाहिनी मा.वि.११	कक्षा १-१०	६	३	२	११	१५२	१४
४८	शैलेश्वरीप्रा.व्बी.१२	कक्षा १-५	०	३	०	३	४०	१३
४९	खसड प्रा.वि.१२	कक्षा १-५	१	२	०	३	२९	१०
५०	भानुदयप्रा.वि.१२	कक्षा १-५	०	३	०	३	३६	१२
५१	तुका मा.वि.१२	कक्षा १-१०	४	३	१	८	१७१	२१
५२	भगवती प्रा.वि.१३	कक्षा १-३	१	१	०	२	२१	११
५३	त्रिपुरासुन्दरीप्रा.वि.१३	कक्षा १-३	०	२	०	२	२१	११
५४	जाल्पादेवी.प्रा.वि.१३	कक्षा १-५	३	०	०	३	५४	१८
५५	सुर्योदयप्रा.वि.१३	कक्षा १-५	२	०	०	२	२२	११
५६	जनता प्रा.वि.१३	कक्षा १-५	०	३	०	३	३५	१२
५७	राष्ट्रियमा.वि.१३	कक्षा १-१२	६	१३	०	१९	४४०	२३
५८	चण्डिकाप्रा.वि.१४	कक्षा १-३	०	२	०	२	५३	२७
५९	पिपलपार्क प्रा.वि.१४	कक्षा १-३	२	०	०	२	४६	२३
६०	सरस्वतीप्रा.वि.१४	कक्षा १-५	०	४	०	४	९३	२३
६१	दुर्गादेवी प्रा.वि.१४	कक्षा १-५	३	०	०	३	६५	२२
६२	मष्टामाण्डौप्रा.वि.१४	कक्षा १-५	२	१	०	३	४६	१५
६३	कालिका मा.वि.१४	कक्षा १-१२	३	५	२	१०	२७६	२८
	जम्मा		**१२५**	**२०७**	**१२**	**३४४**	**५४५८**	**१६**

उपर्युक्त तालिका अनुसार पहाडी जिल्लामा पर्ने यस पालिका अन्तर्गतका विद्यालयमध्ये सबैभन्दा बढी क्रमश: जनकल्याण माध्यामिक विद्यालय वडा नं ४ मा शिक्षक विद्यार्थी अनुपात १:३५, सुर्यचन्द्र मा.वि. वडा नं १ मा

१:३०, कालिका मा.वि. वडा नं १४ मा १:२८ देखिन्छ भने सबै भन्दा कम क्रमशः शिवशक्ति प्रा.वि.वडा नं १ र खापरमाण्डौ प्रा.वि.वडा नं २ मा १:४, ज्ञानज्योति प्रा.वि वडा नं २, कालिका प्रा.वि.वडा नं ३ र गंगा प्रा.वि. वडा नं १० मा १:५,तथा बुढीगंगा प्रा.वि. वडा नं २, सरस्वती ककडसात आ.वि वडा नं ७, मदरासा दारुल कुरान वडा नं ८ र नवदुर्गा प्रा.वि. वडा नं ८ मा १:६ रहेको देखिन्छ । यसरी शिक्षक विद्यार्थी अनुपात नमिलेका अर्थात् विद्यार्थी संख्या कम भएका विद्यालयहरुलाई नियमानुसार मर्ज गर्नुपर्ने एवं शिक्षक दरबन्दी मिलान गर्दै जानुपर्ने देखिन्छ ।

५९ **अतिरिक्त कक्षा सञ्चालन**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ मा प्रचलित कानून वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनमा खर्च गर्नुपर्ने व्यवस्था छ।पालिकाले कक्षा ८ को अतिरिक्त कक्षा सञ्चालनका लागि विभिन्न १७ विद्यालयलाई रु.३,०१,८००।०० संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमवाट निकासा गरेको छ ।स्वीकृत कार्यक्रम अनुसार उक्त रकम प्रदेश विशेष अनुदानबाट खर्च गर्नुपर्नेमा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमवाट खर्च गरेकोले उक्त खर्च नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	३,०१,८००

६० **नगर शिक्षक तलब भत्ता अनुदान**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहमा स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ भने दफा २८ मा प्रचलित कानून वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले विगत वर्षदेखि नगर अनुदान शिक्षकको रुपमा नियुक्त गरेका शिक्षकहरुका लागि तेस्रो त्रैमासिक निकाशा गर्दा संघीय सशर्त तर्फको बजेटबाट रु.७०६६००।– निकाशा गरेको छ । पालिकाको आन्तरिक आम्दानीबाट खर्च लेख्नु पर्ने नगर अनुदान शिक्षकको तलब भत्ता सशर्त तर्फको बजेटबाट खर्च लेखेकोले उक्त रकम पालिकाको आन्तरिक आम्दानीबाट फिर्ता गरी संघीय संचितकोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७,०६,६००

६१ **करार कर्मचारीको पारिश्रमिक**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ मा प्रचलित कानून वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले पालिकाको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त गरिएका पालिका करार तर्फका कर्मचारीहरुको तलब भत्ता भुक्तानी गर्दा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमवाट खर्च लेख्न नमिल्ने र सशर्त तर्फको बचत रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने प्रावधान रहेकोले पालिकाबाट देहाय बमोजिम खर्च लेखेको रकम पालिकाको आन्तरिक आम्दानीबाट फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

११।२०८१।६।१५	नगरपालिका करार तर्फका कर्मचारीको श्रावण देखि असोज सम्मको तलब भत्ता तथा चाडपर्व खर्च	६०६४२१२
८६।२०८२।३।१९	नगरपालिका करार तर्फका १९ जनाको कार्तिक देखि पौषको तलब भत्ता	७२२५००
९२।२०८२।३।१९	नगरपालिका करार तर्फका कर्मचारीको माघ देखि चैत्र सम्मको तलब भत्ता तथा पोशाक	७५०५००
१०१।२०८२।३।२०	नगरपालिका करार तर्फका २०८२ वैशाख देखि असार सम्मको ४ जनाको छुट भएको समेत	८६८९२०
१३।२०८१।६।१५	नगरपालिका करार तर्फका सहजकर्ता विक्रम आउजिको २०८१ श्रावण देखि कार्तिक सम्म तथा चाडपर्व समेत	८००००
७४।२०८२।३।१९	नगरपालिका करार तर्फका खेलकुद प्रशिक्षक सञ्जय भाटको कार्तिक देखि पौष सम्मको तलब	१०४१९०
जम्मा		**८५९०३२२**

प्रमाण पेश नगरेको	८५,९०,३२२

६२ **नयाँ बाख्रा पकेट विकास कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ.व. २०८१।८२ मा नयाँ बाख्रा पकेट विकास कार्यक्रम सञ्चालन अन्तर्गत उन्नत बोका १५ वटा तथा बाख्रा ४० वटा खरिद वापत भौचर नं. १४४।२०८२।०३।२३ बाट प्रतिक एग्रो एण्ड मेनेजमेन्ट प्रा.लि. लाई रु.९,३०,०००।– तथा भौचर नं १४२ मिति २०८२।०३।२३ वाट पशु औषधी तथा टयाग खरीद वापत रु.१,७०,१००।– समेत रु.११,००,१००भुक्तानी गरेको छ । यसरी खरीद गरिएका बोका, बाख्रा तथा औषधीहरु विभिन्न ४ वटा कृषक समूह तथा ११ वटा कृषि फर्मलाई वितरण गरेको भरपाई पेश भएको छ । तर कृषक समूह तथा फर्मसँग भएको सम्झौता पेश भएको छैन । उक्त कार्यक्रम कृषकहरुको लागत साझेदारीमा सञ्चालन गर्नका लागि बाख्रा तथा वोका खरिद, खोर निर्माण, विमा, औषधी खरिद लगायतका क्रियाकलापमध्ये खोर निर्माण तर्फ रु. १०,३०,०००।– कृषकले व्यहोर्ने र वोका तथा बाख्रा खरिद, औषधी खरिद, ढुवानी, अनुगमन मूल्यांकन, कार्यक्रम सञ्चालन तथा व्यवस्थापन लगायतका रु.१५,००,०००।– को कार्यपालिकातर्फ बाट व्यहोर्ने गरी विभिन्न क्रियाकलाप समेटेर कार्यक्रम बनाएको देखिन्छ । तर सो वमोजिमको लागत अनुमान तथा कार्य सम्पन्न भएको प्रमाण लेखापरीक्षणमा पेश नभएकोले कृषकले गरेको लागत साझेदारी सम्बन्धमा सुनिश्चित हुन सकिएन । तसर्थ, कार्यक्रम अनुसार प्राविधिक लागत अनुमान तथा कार्य सम्पन्न

प्रतिवेदन पेश हुनु पर्दछ । साथै, कृषक समूह तथा फर्मलाई बाख्रा तथा बोका वितरण गर्दा गरिने सम्झौता तथा सम्झौता अनुसार कार्य भए नभएको सम्बन्धमा अनुगमन प्रतिवेदन समेत संलग्न गरी नियमित गर्नुपर्ने रू.

अनियमित भएको	११,००,१००

६३ **फरक शीर्षकबाट भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ की नियम ३९(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले भौचर नं १९२।२०८२।३।२४ बाट कार्यस्थलमा आधारित क्षमता विकास तालिम शीर्षकमा विनियोजित रकमबाट विभिन्न मोटरसाईकल मर्मत वापतको रु.९८,९५०।– भुक्तानी गरेको छ । त्यसैगरी भौचर नं १९५।२०८२।३।२५ बाट कार्यस्थलमा आधारित सीप विकास तालिम र जीवन उपयोगी सीप तालिम शीर्षकमा विनियोजित रकमबाट फोहोर उठाउने ट्याक्टर चालक विक्रम कुँवरलाई विगत देखि भुक्तानी गर्न बाँकी रहेको दैनिक २००।– का दरले ५७४ दिनको भनि रु.१,०३,२८१।– भुक्तानी गरेको छ । यसरी विगतदेखि चालकले सो भत्ता नपाएको सम्बन्धमा कुनै निर्णय एवं भुक्तानी दिन बाँकी प्रमाणित समेत पेश नहुनुले उक्त रकम सम्बन्धमा यकिन गर्न समेत नसकिएकोले उपरोक्त दुवै शीर्षकमा भएको खर्च नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	२,०२,२३१

६४ **अनुगमन भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन पाउने छैनन् भन्ने व्यवस्था गरेको छ । त्यसैगरी पालिकाका कर्मचारीहरुलाई समेत तालिम कार्यक्रमको अनुगमन बापत भत्ता दिने सम्बन्धमा स्पष्ट ब्यवस्था गरेको देखिएन । पालिकाले देहाय बमोजिमका पदाधिकारी तथा कर्मचारीलाई गो.भौ.नं. ६९।२०८२।३।१७ बाट गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत झोला बनाउने तालिमको अनुगमन गरेवापत अनुगमन भत्ता उपलब्ध गराएको देखियो । नियम बिपरित भुक्तानी भएको उक्त रकम सम्बन्धितबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

सि.नं.	पदाधिकारी ।कर्मचारी	रकम	कर कट्टी	भुक्तानी रकम
१	नगर प्रमूख राजेन्द्र बहादुर कुँवर	१५००	२२५	१२७५
२	नगर उप प्रमूख शिव बहादुर कुँवर	१५००	२२५	१२७५
३	प्र प्र अधिकृत लक्ष्मीप्रसाद शर्मा	१५००	२२५	१२७५
४	शंकर बहादुर थापा	१५००	२२५	१२७५
५	अम्बर बहादुर बोहरा	१५००	२२५	१२७५
६	सर्जन साउद	१५००	२२५	१२७५
७	अनिता जोशी	१५००	२२५	१२७५
८	बिक्रम आउजी	१५००	२२५	१२७५
	जम्मा	**१२०००**	**१८००**	**१०२००**

असुल गर्नुपर्ने	१०,२००

६५ **दिवा खाजा**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **४७,१६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **१३,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६६ **शीर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट र कार्यक्रमको सीमाभित्र रही खर्च गर्नु पर्ने उल्लेख छ । पालिकाले भौचर नं ११८।२०८२।३।२१ बाट स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरबन्दी अनुसारको तलब भत्ता शीर्षकबाट मसलन्द तथा कार्यालय सामाग्री खरीद गरी चन्द्रकला अर्डर एण्ड सप्लायर्सलाई रु. ७,२१,३९७।– तथा भौचर नं १३२।२०८२।०३।२३ मा सोही शीर्षक बाट ९ थान काठको दराज खरीद गरी साँफेबगर फर्निचर उद्योगलाई रु.२,२३,७४०।– भुक्तानी गरेको छ । यसरी खरिद गरेका दराजहरु स्टोर दाखिला (PAMS प्रणाली) समेत गरेको छैन । तसर्थ उक्त दराज स्टोर दाखिला गरेको प्रमाण सहित नियमित गर्नुपर्ने रु.

अनियमित भएको	९,४५,१३७

६७ **मेलमिलाप सम्बन्धी तालिम**

अर्थ मन्त्रालयद्वारा जारी तालिम सञ्चालन सम्बन्धी मापदण्ड बमोजिमसञ्चालित सबै प्रकारका तालिममा दैनिक ४ सेसन सम्म चलाउन सक्ने, हरेक सेसनको अवधि १.५ घण्टाको हुनुपर्ने र प्रत्येक सेसनको कार्यपत्र संलग्न गरेर मात्र प्रशिक्षण भत्ता भुक्तानी गर्नुपर्ने साथै तालिम सञ्चालन गर्दा खर्चको प्रभावकारिता हुने गरी समेत गर्नुपर्ने उल्लेख छ ।पालिकाले गोश्वारा भौचर नं ६५३।२०८२।०३।२४ बाट मिति २०८१।०३।१२ देखि ०३।१९ सम्म ८ दिने मेलमिलाप सम्बन्धी तालिम कार्यक्रम सम्पन्न वापत रु. १०,१४,५७१.०० भुक्तानी खर्च लेखेको छ ।यस सम्बन्धमा देखिएका अन्य बेहोरा देहाय बमोजिम रहेका छन्।

६७.१ मेलमिलापकर्ताको तालिम सञ्चालन गर्दा सेसन सञ्चालनका लागि मेलमिलाप परिषदले तोकेको ढाँचाको कार्यतालिका बनाइ सोही अनुसार कार्यपत्र निर्माण गरी कक्षा सञ्चालन गर्नुपर्नेमा सो अनुसारको कार्यपत्र संलग्न गरेको पाइएन ।त्यसै गरी कानुन विज्ञ वा मेलमिलाप परिषदबाट तालिम प्राप्त व्यक्तिलाई प्रशिक्षकको रुपमा सम्झौता गरी कार्यक्रम गर्नुपर्नेमा सो सम्झौता र प्रमाणपत्र संलग्न गरेको छैन ।तसर्थ आवश्यक प्रकृया तथा प्रमाण नपुर्याइ गरेको तालिम कार्यक्रम नियमसम्मत नदेखिएकोले प्रमाण संलग्न गरी नियमित गर्नुपर्ने रु.

अनियमित भएको	१०,१४,५७१

६७.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाइ र कागजात संलग्न भए नभएको तथा भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मेलमिलाप सम्बन्धी तालिम कार्यक्रममा सहभागी भएवापत मिति २०८२।०३।१२ मा उपमेयर शिव बहादुर कुँवरलाई रु.२००० र कर्मचारी नृप विश्वकर्मालाई रु. २००० दोहोरो सहभागी भत्ता भुक्तानी गरेको देखियो ।यसरी एकै मितिको दोहोरो परेको कर कट्टा पछिको भत्ता सम्बन्धितबाट असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३,४००

६८ **बिउबिजन खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाइ र कागजात संलग्न भए नभएको तथा भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहाय बमोजिमको सप्लायर्सबाट बिउबिजन खरिद गरी कृषकलाई वितरण गरेकोमा सम्बन्धित कृषकले बुझेको वितरण भरपाइ पेश भएन ।अतः कृषकले बुझेको भरपाइ पेश गरी नियमित गर्नुपर्ने रु.

गो भौ नं मिति	खरिद विवरण	सप्लायर्सको नाम	रकम
३७९।२०८१।०३।१३	वडा नं २ का लागि कृषि बिउबिजन खरिद	आकाश एग्रो अर्डर एण्ड सप्लायर्स	७४७४०
३७६।२०८१।०३।१३	वडा नं ७ का लागि कृषि बिउबिजन खरिद	फारवेस्ट भेट सेन्टर	९९९५०
४०४।२०८२।०३।१४	वडा नं ८ का लागि आलुको बिउ खरिद	आकास एग्रोभेट सेन्टर	२५०००
४७९।२०८२।०३।१८	वडा नं १० का लागि तरकारीको बिउ खरिद	आकाश एग्रोभेट सेन्टर	९८४००
जम्मा			**२९८०९०**

अनियमित भएको	२,९८,०९०

६९ **सहकारी संस्थालाई भुक्तानी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन ।पालिकाले शैक्षिक कल्याण बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक र शेयर सदस्यलाई व्यवस्थापन तालिम प्रदान गर्नका लागि उक्त सहकारीलाई रु. ४०००००.०० अनुदान दिएको छ ।यसरी नाफामूलक संस्थालाई सरकारी अनुदान दिनु नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	४,००,०००

७० **प्रोत्साहन भत्ता**

साँफेबगर नगरपालिकाको मिति २०८२।०३।०८ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णय नं ५ मा २०८२ असार १० गते सञ्चालन हुने नगरसभामा आवश्यक सहयोग समन्वय र सहजीकरण गरेवापत ९ कर्मचारीहरुलाई खाइपाइ आएको तलबको ५० प्रतिशतमा नबढ्ने गरी प्रोत्साहन भत्ता रकम उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरी सोही निर्णयका आधारमा पालिकाले गो.भौ.नं. ५१९।२०८२।०३।२० बाट निम्न ८ कर्मचारीलाई नगर कार्यपालिकाले प्रोत्साहन भत्ता स्वरुप निर्णय गरेको रकमको ६ गुणा बराबरको रकम भुक्तानी गरेको छ।पालिकाले निर्णयमा उल्लेख भएका मध्ये श्री महेन्द्र बहादुर शाहलाई यस भौचरबाट खर्च लेखेको नदेखिएकोले अन्य भौचरबाट निर्णय भन्दा बढी भुक्तानी गरेको भए पालिकाले एकिन गरी उक्त रकम असुल गर्नुपर्दछ । यसरी निर्णय गरे भन्दा बढी भुक्तानी भएको प्रोत्साहन भत्ता वापतको रकम सम्बन्धित कर्मचारीबाट असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

सि नं	कर्मचारीको पद नाम	खाइपाइ आएको तलब रकम	निर्णय बमोजिम पाउनुपर्ने प्रोत्साहन भत्ता रकम	पाएको प्रोत्साहन भत्ता रकम	कर कट्टी पछिको बढी भुक्तानी
१	नि.प्र.प्र.अधिकृत लक्ष्मी प्रसाद शर्मा	६११३१	३०५६५.५	१८३३९३	१२९९०३.००
२	अधिकृत छैठौं शंकर बहादुर थापा	५०९६९	२५४८४.५	१५२९०७	१०८३०९.००
३	सुचना अधिकृत अम्बर बहादुर बोहोरा	४३६८९	२१८४४.५	१३१०६७	९२८३९.००
४	सहायक कम्प्युटर अपरेटर मुक्तिनाथ जोशी	४४९६९	२२४८४.५	१३४९०७	९५५५९.००
५	सहायक नृप विश्वकर्मा	३२९०२	१६४५१.०	९८७०६	६९९१७.००
६	सहायक बिक्रम आउजी	१६०००	८०००.०	४८०००	३४०००.००
७	का.स. कर्ण सिंह बुढा	२१८७०	१०९३५.०	६५६१०	४६४७४.००
८	का.स. डबल बहादुर केसी	२१८७०	१०९३५.०	६५६१०	४६४७४.००
जम्मा		**२९३४००**	**१४६७००**	**८८०२००**	**६२३४७५.००**

असुल गर्नुपर्ने	६,२३,४७५

७१ **साँफेबगर महोत्सव**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाइ र कागजात संलग्न भए नभएको तथा भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गो भौ नं ५५६।२०८२।०३।२१ बाट विविध साँस्कृतिक कार्यक्रम सहितको मिति २०८१।१०।११ देखि १०।२० सम्म सातौं साँफेबगर महोत्सव आयोजना वापत मूल आयोजक समितिका नाममा रु. १०,००,०००। भुक्तानी गरी विभिन्न साङ्गितिक कलाकर्मीहरुलाई पारिश्रमिक वितरण गरेका भरपाइ लगायतका बिल भरपाइ संलग्न गरेको छ। आयोजक समितिले कार्यक्रम सञ्चालनको रुपरेखा एवं खर्चको विवरण सहितको प्रस्तावना पेश गरी उक्त प्रस्तावना अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ सम्झौता पश्चात उक्त सम्झौताका आधारमा कार्यक्रम आयोजना गरी कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन संलग्न गरी भुक्तानी गर्नुपर्नेमा आयोजना प्रस्ताव, सम्झौता एवं कार्यसम्पन्न प्रतिवेदन बेगर भुक्तानी गरेको नियमसम्मत देखिएन । अतः कार्यक्रमको प्रस्तावना, सम्झौता तथा कार्यसम्पन्न प्रतिवेदन संलग्न गरी नियमित गर्नुपर्ने रु.

अनियमित भएको	१०,००,०००

७२ **रीतपूर्वकको कर बिजक**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ ।पालिकाले गो.भौ.नं. ५६४।२०८२।३।२२ बाट सवारी साधन मर्मत वापत न्यू साँफेबगर अटो पार्ट्स सेन्टरलाई (प्यान नं ३०१५०८७५७) विभिन्न बिजकहरु वापत रु. ५९२९९३.०० भुक्तानी गरेकोमा उक्त सेन्टरबाट प्राप्त मिति २०८१।०६।१० को कर बिजकमा बिजक नम्बर ३१ लाई केरमेट गरी हातले बिजक नं ३२ लेखेको पाइयो ।उक्त बिजकबाट मू.अ. कर रकम रु. १०९५६ समेत रु. ९५२३६ भुक्तानी भएको छ । यसबाट भुक्तानी गरिएको मू.अ. कर रकम सरकारको राजस्वमा जम्मा भए नभएको एकिन गर्न सकिएन ।मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मले रितपूर्वकको कर बीजक जारी गर्ने र कार्यालयले भुक्तानी दिँदा सो को चेकजाँच गरी भुक्तानी दिनुपर्ने देखिन्छ । तसर्थ कार्यालयबाट भुक्तानी भएको मूल्य अभिवृद्धि कर रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट मू.अ. कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१०,९५६

७३ **अनुपस्थित पदाधिकारीलाई मासिक सुविधा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाइ र कागजात संलग्न भए नभएको तथा भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाको वडा नं. १० का वडा सदस्य भुपेन्द्र बहादुर महता आर्थिक वर्षको शुरुवात देखि वडा समितिको मासिक बैठकमा उपस्थित भएको देखिएन ।यस सम्बन्धमा लेखापरीक्षणको क्रममा सोधनी गर्दा निज वडा सदस्य वर्षभरि नै अनुपस्थित रहेको जवाफ प्राप्त भयो । यसरी अनुपस्थित पदाधिकारीलाई वर्षभरिको मासिक सुविधा रु. ९५०० र चाडपर्व खर्च रु. ८००० समेत वार्षिक रु. १,२२,०००।०० कार्यालयबाट निजको खातामा भुक्तानी भएको देखिन्छ । यसरी निर्वाचित पदाधिकारीलाई कार्यालयमा उपस्थित भइ जनतालाई सेवा प्रवाह पुर्याएवापत पाउने सुविधा निजको अनुपस्थितिमा भुक्तानी गर्न नमिल्ने भएकोले निजबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,२२,०००

७४ **जडानको प्रमाण नभएको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने तथा नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने र कार्यालयले नापी किताबमा उल्लेख वास्तविक कार्यसम्पादनको आधारमा आधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले निम्न गो भौ नं बाट विभिन्न साइजका पाइप र ग्याबिन बक्स खरिद गरी प्राविधिक मुल्यांकन वेगर नै भुक्तानी गरेको देखिन्छ । प्राविधिक मुल्यांकन वेगर भुक्तानी गर्दा कामको प्रभावकारीता नहुने साथै खरिद भएको मालसामानको जडानको प्रमाण पेश नहुँदा वास्तविक कार्य भए नभएको सम्बन्धमा एकिन गर्न नसकिने हुँदा उक्त पाइप जडान कार्यको प्राविधिक पुष्टाई सहितको प्रमाण पेश गर्नुपर्ने रु.

गो भौ नं मिति	खरिद विवरण	सप्लायर्सको नाम	रकम
४८९। २०८२।०३। १८	ग्याबिन तार ४०० केजी एचडिपीइ पाइप ७०० मिटर	महेश्वर हार्डवेयर एण्ड सप्लायर्स	१००५०२
६९४। २०८१।०३। २५	५० एम एम को २२६० मिटर २५ एम एमको ४०२५ मिटर र १६ एम एमको २३९० मिटर एजडिपिइ पाइपहरु	मोहम्मद शकिल ट्रेडर्स एण्ड सप्लायर्स	११०००००
६२७। २०८२।०३। २३	गत वर्षको पाइप खरिद	कुवेर जनरल स्टोर्स	१९६६४०
जम्मा			**१३,९७,१४२**

प्रमाण पेश नगरेको	१३,९७,१४२

७५ **अनुत्पादक खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुनेगरि मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहले कार्यक्रम छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आय आर्जनसंग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनौटमा ध्यान दिनुपर्दछ । पालिकाले सीमित श्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नुपर्नेमा नमुना छनौट गरी परीक्षण गर्दा तीज लगायतका अन्य विभिन्न वितरणमुखी कार्यक्रमहरुका लागि खर्च

गरेको देखियो । यस्ता वितरणमुखी कार्यले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याउने नदेखिने हुँदा यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

गोभौ मिति	विवरण	भुक्तानी पाउने	रकम
१६२	महिला सञ्जाललाई भुक्तानी	पुन्ना कुँवर	२५०००
६१९	महिला सञ्जाललाई भुक्तानी	अप्सरा कुँवर	४८०००
६४५	वैजनाथ महिला सञ्जाललाई भुक्तानी	वैजनाथ महिला सञ्जाल	२००००
६८४	मूलधार महिलालाई भुक्तानी	अप्सरा कुँवर	४७०००
६००	माउला खाडी मेला व्यवस्थापन	चक्र बहादुर चाड	८५०००
६०४	वडा स्तरीय महिला सञ्जाललाई भुक्तानी	धौली कुमारी बोहोरा	५००००
६१५	आत्मनिर्भर आमा समुह आर्थिक सहायता	कृष्णा भट्ट	१००००
६४३	दलित सञ्जाललाई कुर्सी वितरण	खम्म सिंह आउजी	३००००
		जम्मा	३१५०००

७६ **खेलकुद कार्यक्रम सञ्चालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुनेगरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं. १३१।२०८१।१०।१४ बाट मिति २०८१।१०।०२ देखि १०। ०६ सम्म खुल्ला पुरुष भलिबल प्रतियोगिता सञ्चालन गरे वापत रु. ११,६९,७६६.०० र मिति २०८१। ०९।११ मा सञ्चालित तेस्रो नगरप्रमुख ब्याडमिन्टन प्रतियोगिता सञ्चालन गरे वापत रु. ३,००,०००.०० समेत नगर खेलकुद विकास समितिलाई एकमुष्ट रु. १४,६९,५६६.०० भुक्तानी गरेको छ ।कार्यक्रम सञ्चालन गर्नु अगावै प्रस्तावना तयार तथा स्वीकृत गरी सोही बमोजिम कार्यक्रम सञ्चालन गरी प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको देखिएन ।साथैं कार्यक्रममा विभिन्न प्रतियोगिताका विजयी टिमहरुलाई नगद पुरस्कार वितरण समेत गरेको छ । प्रथम पुरस्कार राशी रु.२,५१,०००.००, द्वितीय पुरस्कार रु. १,५१,०००.०० र तृतीय पुरस्कार रु. ७५,०००.०० समेत भलिबल खेलको पुरस्कार राशी रकम रु. ४,७७,०००.०० रहेको छ । त्यसैगरी भलिबल प्रतियोगितामा एम्पायरिङ तथा व्यवस्थापन खर्च वापत रु. २,३२,०००.००, अन्य विभिन्न विधाका पुरस्कारको लागि रु. २३०००.००, ट्र्याक सुट लगायत ड्रेस, जुत्ता खरिदमा रु. १,४२,०००.०० खर्च गरेको छ । नगर कार्यपालिकाले खेलकुद प्रतियोगिता सञ्चालनका लागि विधा अनुसार प्रथम, द्वितीय र सान्त्वना पुरस्कारको रकम समेत तोकेर निर्णय गर्नुपर्नेमा सो सम्बन्धमा कुनै निर्णय नै नगरी नगद पुरस्कारमा बिना आधार ठूलो धनराशी खर्च गरेको छ ।यसरी कार्यविधि एवं निर्णय बेगर गरेको खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१४,६९,७६६

७७ **पदाधिकारीलाई अग्रीम भुक्तानी सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ बमोजिम पदाधिकारीहरुलाई महिना भुक्तान भएपछि तोकिएको शीर्षकमा निश्चित मासिक सुविधा वापतको रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । महिना भुक्तान नभइ अग्रीम रुपमा मासिक सुविधा भुक्तानी दिन मिल्ने व्यवस्था ऐनमा नभएकोमा पालिकाले निम्न बमोजिमका पदाधिकारीलाई अग्रीम रुपमै मासिक सुविधा

भुक्तानी गरेको छ । आन्तरिक आय न्यून भइ वर्ष भरिको पदाधिकारीको सुविधा खर्च धान्न नसक्ने अवस्थामा यसरी सुविधा रकम अग्रीम पेश्की दिनु नियमसम्मत देखिएन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

गो भौ नं मिति	पदाधिकारीको नाम	मासिक सुविधा रकम	अग्रीम सुविधा पाएको महिना	रकम
११।२०८१।०६।१६	उपप्रमुख शिव बहादुर कुँवर	३३५००	श्रावण-चैत्र	२०१०००
११।२०८१।०६।१६	वडा नं ६ वडाध्यक्ष मिन बहादुर बोहोरा	२५०००	श्रावण-बैशाख	१७५०००
११।२०८१।०६।१६	वडा नं ११ वडाध्यक्ष राम बहादुर बोहोरा	२५०००	श्रावण-बैशाख	१७५०००
१४०।२०८१।१०।१५	उपप्रमुख शिव बहादुर कुँवर	**३३५००**	बैशाख -असार	**१००५००**
जम्मा				**६५१५००**

७८ **शिक्षक अनुदान**

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६ मा विद्यार्थी संख्याका आधारमा हिमाल, पहाड तथा तराईका विद्यालयहरुमा तोकीएको विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गर्नुपर्ने, शिक्षक दरबन्दी अपुग भएमा जिल्लामा पुल दरबन्दीमा रहेका अन्य स्थानीय तहबाट मिलान गर्नुपर्ने र सो गर्दा समेत अपुग भएमा प्रदेश मन्त्रालयको समन्वयमा प्रदेश भित्रका जिल्लाका पुल दरबन्दीबाट मिलान गर्नुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष दरबन्दी मिलानका उल्लेखित प्रक्रिया पालना नगरी संघीय सरकारबाट प्राप्त दरबन्दी बराबरको शिक्षक पदपुर्ती भएको अवस्थामा समेत पालिकास्तरबाट नै तलबभत्ता उपलब्ध गराउने गरी विद्यालयमा पालिका अनुदान शिक्षक नियुक्त गरी समानीकरण अनुदानबाट चाडपर्व खर्च समेत रु १९,५२,०००। खर्च गरेको छ ।पालिकाको आन्तरिक आय रु १,०६,०९,७१६।०० मात्र रहेकोमा दीर्घकालिन दायित्व सिर्जना हुने गरी ठुलो मात्रामा करार नियुक्ति गरी तलब भत्ता खर्च लेख्नु उचित देखिदैन । पालिकाले वास्तविक शिक्षकको आवश्यक्ता पहिचान गरी दरबन्दी मिलानका थप प्रकृयातर्फ पहल गरी वित्तीय हस्तान्तरणको रकमलाई विकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

७९ **त्रिपाल वितरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाइ र कागजात संलग्न भए नभएको तथा भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटका आधारमा परीक्षण गर्दा विपद व्यवस्थापन तथा विविध शीर्षकमा पालिका तथा वडाबाट भुकम्प प्रभावित जनताका लागि त्रिपाल खरिद गर्न देहायको सप्लायर्सलाई भुक्तानी गरेको देखियो । उक्त त्रिपालको प्रयोग र वितरण सम्बन्धमा पालिका वा वडाको निर्णय वा भुकम्प प्रभावितले बुझेको प्रमाण संलग्न गरेको छैन ।अतः उक्त खर्च पुष्टि गर्ने प्रमाण पेश गर्नुपर्ने रु.

गो भौ नं मिति	विवरण	सप्लायर्स	रकम
६२१।२०८२।०३।२३	वडा नं ५ बाट त्रिपाल खरिद	कुँवर जनरल स्टोर एण्ड सप्लायर्स	१९८३८०
६९२।२०८२।०३।२५	पालिकाबाट त्रिपाल खरिद	जस्मिन ट्रेडर्स एण्ड सप्लायर्स	२६१६००
जम्मा			**४५९९८०**

प्रमाण पेश नगरेको	४,५९,९८०

८० **मोर्डन कम्प्युटर सेन्टरलाई भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।गो भौ नं २३४।११।२२ मा मोडर्न कम्प्युटर सेन्टरलाई वडा नं ८ को लागि विद्युतीय सामग्री खरिद वापत रु. १७,६५०.०० भुक्तानी गर्नुपर्नेमा रु. १७९७६०.०० भुक्तानी भएको देखियो ।यसरी बिल भन्दा बढी भएको भुक्तानी सम्बन्धमा खर्च पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने वा सम्बन्धितबाट असुल गरि स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,६२,११०

८१ **भिडियो डकुमेन्टरीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।त्यसै गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ५७ मा बिल या बिजकको भुक्तानी खरिद सम्झौताको अधिनमा रही तोकिए बमोजिम दिनुपर्ने व्यवस्था छ ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुनेगरि मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गो भौ नं १७।२०८१।०६।१६ बाट प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिताका बारेमा वृत्तचित्र निर्माण तथा प्रसारण वापत मर्निङ बेल मिडिया हाउसलाई रु. ३,९५,५००.०० भुक्तानी गरेको छ ।पालिका र मर्निङ बेल मिडिया हाउस बिच मिति २०८१।०१।२५ मा भएको सम्झौताको बुँदा नं २ मा आ. व. २०८०।८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट निर्माण भएका विकास निर्माण कार्यहरु वृत्तचित्रमा समावेश गर्नुपर्ने र बुँदा नं ३ मा कार्यक्रमबाट लाभान्वितहरुको अनुभव समेट्नुपर्ने उल्लेख गरेकोमा उक्त कार्यक्रम प्रसारण भए नभएको र सम्झौता बमोजिमका शर्तहरु पालना भए नभएको सम्बन्धमा प्रमाण पेश भएन । गत आर्थिक वर्षको कार्यक्रमको भुक्तानी आ व २०८१।८२ मा गरेकोमा उक्त खर्चको पुष्टि गर्ने सम्बन्धमा प्रमाण पेश नभएकोले सम्झौता बमोजिमको शर्त सहित कार्यक्रम प्रसारण भएको प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.

अनियमित भएको	३,९५,५००

८२ **विभिन्न खर्चको एकमुष्ट भुक्तानी**

पालिकाले गो भौ नं ६७०।२०८२।०३।२५ बाट अनुगमन मूल्याङ्कन खर्च शीर्षकमा नगर प्रमुख राजेन्द्र बहादुर कुँवरलाई दैनिक भ्रमण भत्ता, इन्धन, हवाइ टिकट एवं विविध खर्च वापत रु. ४५००००.०० भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्

८२.१ अन्य विविध खर्च - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाइ र कागजात संलग्न भए नभएको तथा भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।नगर प्रमुखलाई अनुगमन मूल्यांकन शीर्षकबाट भुक्तानी गरेको खर्चमा नेपाल र भारतका विभिन्न स्थानका होटेल र रेष्टुरेन्टका बिलका साथै सामान खरिदका बिल समेत संलग्न गरी रु. ९४८९६ भुक्तानी गरेको छ । उक्त बिलको प्रयोजन नखुल्नुका साथै होटेल रेस्टुरेन्ट तथा सामान खरिदका बिल वापतको भुक्तानी दिन मिल्ने नदेखिएकोले यस्तो खर्च सम्बन्धितबाट असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९४,८९६

८२.२ बोर्डिङ पास - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाइ र कागजात संलग्न भए नभएको तथा भुक्तानी दिन्न रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिका प्रमुख राजेन्द्र ब. कुँवर विभिन्न मितिको धनगढी- काठमाडौं-धनगढी भ्रमणमा हवाइ टिकट

वापत रु. ४३७१०। खर्च लेखेको छ । भुक्तानीको श्रेस्तामा हवाइ टिकटका साथमा बोर्डिङ पास संलग्न गर्नुपर्नेमा टिकट मात्र संलग्न गरेको पाइएकोले हवाई यात्रा गरेको मिति पुष्टी हुने सोही मितिको बोर्डिङ पासको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

सि.नं.	उडान गरेको स्थान	टिकट मिति	टिकट रकम
१	काठमाडौ-धनगढी	१८ मार्च २०२५	१७०१०
२	धनगढी - काठमाडौ	१३ मार्च २०२४	७९००
३	काठमाडौ-धनगढी	२९ अप्रिल २०२४	७९००
४	धनगढी - काठमाडौ	२५ अप्रिल २०२४	१०९००
जम्मा			**४३७१०**

प्रमाण पेश नगरेको	४३,७१०

८२.३ फरक शीर्षक - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ ।पालिकाले इन्धन खर्च वापत रु. ११९७९४.०० को भुक्तानी इन्धन खर्च शीर्षकबाट नगरी अनुगमन मूल्यांकन शीर्षकबाट गरेको छ । यसरी एउटा शीर्षकको खर्च अर्को शीर्षकबाट लेख्नु नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,१९,७९४

८३ **सामग्री खरिदको बिल**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ। गो भौ नं १४२।२०८१।१०।१५ बाट नगर प्रमुख राजेन्द्र बहादुर कुँवरलाई भ्रमण खर्च, हवाइ टिकट लगायतको रु. २१०२७२.०० को भुक्तानीमा भाटभटेनी सुपरमार्केटको खाद्य सामग्री लगायतको बिल संलग्न गरी रु. ३३६९०.०० भुक्तानी गरेको देखियो ।उक्त सामग्री खरिदको प्रयोजन नखुलेको र जिन्सी दाखिला समेत नगरेकोले यस्तो खर्चको भुक्तानी दिन नमिल्ने हुँदा उक्त खर्च गर्न पाउने आधार र प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३३,६९०

८४ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ को उपनियम (१क) मा २५ लाखसम्मको औषधि सिधैं खरिद गर्न सकिने सोहि नियमको उपनियम (३ख) मा सिधैं खरिद गर्दा त्यस्तो उत्पादकले आफ्नो उत्पादनको खुद्रा तथा डिलर बिक्री मूल्य सूची राष्ट्रियस्तरको समाचारपत्रमा प्रकाशन गरेको र उत्पादकले स्थानीय डिलरलाई दिए सरहको छुट दिनुपर्ने उल्लेख छ । साथै पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनुपर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । पालिकाले औषधि सिधैं खरिद गरेकोमा उपनियम (३ख) मा उल्लेखित शर्त बमोजिम छुट दिएको एवम मूल्य सूची प्रकाशन गरेको प्रमाण पेश नभएको एवम प्याकेज बनाई प्रतिस्पर्धा बिना खरिद गरेको देखिएकोले यसमा नियन्त्रण हुनुपर्दछ । पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने खरिद समिति वा विज्ञबाट तोकिएको स्पेशिफिकेसन अनुसार भए नभएको

मुचुल्का खडा गरी दाखिला गरेको छैन ।त्यसै गरी पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

गो भौ नं मिति	विवरण	आपूर्तक	भुक्तानी रकम	कैफियत
१३४।२०८२।०३।२३	विभिन्न १४ प्रकारका औषधी खरिद	भाइरल मेडि डिस्ट्रिब्युटर्स	३२६२७०	दाखिला मुचुल्का नगरेको
१३६।२०८२।०३।२३	विभिन्न १३ प्रकारका औषधी खरिद	भाइरल मेडि डिस्ट्रिब्युटर्स	७४११६	
२०।२०८१।०६।१८	विभिन्न ४१ प्रकारका औषधी खरिद	प्रिमियम मेडिसिन सप्लायर्स	१२६४६३८	औषधीको ब्याच नम्बर र एक्सपायरी डेट नखुलेको
६०७।२०८२।०३।२३	विभिन्न ५२ प्रकारका औषधी खरिद	प्रिमियम मेडिसिन सप्लायर्स	२०६६३१४	
जम्मा			**३७३१३३८**	

८५ **विविध समाग्री खरिद**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ४ मा अधिकार प्राप्त अधिकारीको लिखित आदेश विना कसैले कुनै खरिद गर्न गराउन हुँदैन भन्ने उल्लेख छ ।पालिकाले रोजगार सेवा केन्द्रको लागि भनी देहाय बमोजिमका सामाग्री खरिद बापत खिलराज शर्मालाई विभिन्न विल संलग्न गरीगो.भौ.नं.१९६।२०८२।३।२५ बाट रु.७३,०००।००भुक्तानी गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

८५.१ सिटिसप मोबाइल ग्यालरी बाट सामासुङ्ग ग्यालेक्सी M14 मोबाइल १ थान खरिद बापत रु.२०,०००।००, न्यु बुटवल बस्त्रालय एण्ड सपिङ्ग सेन्टरबाट ७ थान झोला,३ थान छाता खरिद बापत रु.२९,८००।०० एवं आयुसा स्टेशनरीबाट बेरोजगार फाराम फोटोकपी बापत रु.१०,१५०।०० समेत रु.५९,९५०।०० को खरिद विल संलग्न भएपनि उक्त समाग्री खरिदको लागि अधिकार प्राप्त अधिकारीको लिखित खरिद आदेश, PAMS प्रणालीमा जिन्सी दाखिला र उक्त सामाग्री कस्को लागि खरिद गरिएको हो सो बुझेको भरपाई लगायतका प्रमाण संलग्न नभएकोले उक्त प्रमाणहरु पेश हुनुपर्दछ । अन्यथा यसरी अधिकार प्राप्त अधिकारीको लिखित खरिद आदेश विना सामान खरिद गरी भुक्तानी दिएको रकम सम्बान्धित कर्मचरीबाट असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५९,९५०

८५.२ सामाग्री खरिद गरेका बिल भरपाई भन्दा बढी भुक्तानी गरेको रु.१३०५०।०० सम्बान्धित कर्मचरीबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१३,०५०

८६ **प्रदेश विशेष अनुदान**

स्थानीय तहलाई प्रदान गरिने विशेष अनुदान सम्बन्धी कार्यविधि २०८१ को दफा ३ मा प्रदेश वा स्थानीय तहलाई शैक्षिक विकास, आधारभूत खानेपानी र सरसफाइ र विभेदमा परेका वर्गको उत्थानका लागि विशेष अनुदान प्रदान गर्न सकिने क्षेत्र र आधार सम्बन्धी व्यवस्था छ ।पालिकाले यो वर्ष शैक्षिक गुणस्तर विकासका लागि रु. ३००००००।००र विपन्न दलित तथा अल्पसंख्यक समुदाय जिविकोपार्जन र आय आर्जन कार्यक्रमका लागि रु. ३०,००,०००।०० समेत बजेट प्राप्त भइ खर्च भएको छ। सो सम्बन्धमा देखिएका व्यहोरा निम्न बमोजिम रहेका छन ।

८६.१ शैक्षिक गुणस्तर विकास - पालिकाले विद्यालयको शैक्षिक गुणस्तर विकास गर्ने उद्देश्यले खेल सामग्री, फर्निचर, आइसिटी सामग्री खरिद वितरण, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री संशोधनको लागि कार्यशाला सञ्चालन, शिक्षाको गुणस्तर विकासका लागि अतिरिक्त

कक्षा सञ्चालन गरी शिक्षकलाई पारिश्रमिक लागि प्राप्त अनुदानबाट रु. २९,९७,८२५ । खर्च गरेको छ । अनुदानबाट वितरित सामग्री र सञ्चालित कार्यक्रमबाट विद्यार्थीको शैक्षिक उन्नयनमा भएको सकारात्मक परिवर्तन र विद्यालयको गुणस्तर अभिवृद्धि सम्बन्धमा पालिकाले नियमित अनुगमन तथा अभिलेखांकन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

८६.२ बाख्रा तथा बोका वितरण - पालिकाले विपन्न दलित तथा अल्पसंख्यक समूदायको जिविकोपार्जन र आय आर्जन कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट १४० गोटा बाख्रा सुदुरपश्चिम खसी बोका बाख्रा संकलन केन्द्रबाट रु. १६८००००।०० मा तथा १४ गोटा बोका मणिलेक पशुपंक्षी तथा कृषि फर्मबाट रु. ४,२०,०००।०० मा खरिद गरी विभिन्न १४० विपन्न दलित पशुपालक कृषकलाई वडाको सिफारिसका आधारमा वितरण गरेको छ ।यसरी वितरित बाख्रा तथा बोकाहरुको सम्भावित क्षतिबाट बच्नको लागि पशु बीमा गर्नुपर्नेमा गरेको देखिएन । साथै कार्यक्रमको उद्वेश्य अनुरुप लक्षित वर्गलाई बाख्रा तथा बोकाहरु वितरण गरेकोमा सोबाट दलित कृषकहरुको जीवनस्तरमा सुधार भए नभएको सम्बन्धमा अनुगमन प्रतिवेदन पेश गरेको देखिएन ।तसर्थ पालिकाले अनुदानबाट सञ्चालित गरेको कार्यक्रमको उद्वेश्य अनुरुप भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्नुका साथै बाख्रा तथा बोका खरिद गरी वितरण गर्दा सम्भावित जोखिमबाट बच्नको लागि अनिवार्य पशु बीमा गर्नुपर्ने तथा वितरित अनुदानको सार्वजनिकिकरण समेत गर्नुपर्दछ ।

८७ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित अनुसूची-१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत खर्च गर्न पाउने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित निर्माण योजनाबाट ४ प्रतिशतका दरले कन्टेन्जेन्सी कट्टी गर्ने गरेकोमा वार्षिक रुपमा के कति रकम कट्टी गरेको हो सो सम्बन्धी अभिलेख खाता नराखेको कारण अनुसूचीमा उल्लेख शिर्षकहरुमा के कति खर्च भयो र खर्च सिमाभित्र रहेर गरेको छ भन्न सकिएन । पालिकाले देहाय अनुसार संघीय र प्रदेशको सशर्त, विशेष र समपुरकतर्फ विभिन्न निर्माण कार्यको कुल खर्च (कन्टीजेन्सी र मू.अ.कर बाहेक) रु.४०२८३४०५।०० रहेकोमा नियमावलीको व्यवस्था बमोजिम रु.१६११३३६।०० कन्टेन्जेन्सी खर्च गर्न पाउनेमा रु.२४६६९३२।०० अर्थात् ६.१२ प्रतिशत कन्टिन्जेन्सी खर्च गरेको देखियो । पालिकाले कन्टिन्जेन्सी रकम निर्माण कार्यसँग सम्बन्धित कार्यमा खर्च गर्नुपर्नेमा कर्मचारी मार्फत सोधभर्ना भुक्तानी, खाना खाजाको बिभिन्न होटल बिल भुक्तानी,बैठक भत्ता बितरण,बिज्ञापन खर्च,अपरेटर भत्ता, फ्रीज लगायतका स्टेशनरी खरिद तथा सवारी साधन मर्मत सम्भार र दैनिक भ्रमण भत्ता जस्ता निर्माण कार्यसँग असम्बन्धित कार्यमा समेत खर्च गरेको देखियो । नियमावलीले तोकेको सीमा भन्दा बढी रु.२४६६९३२।०० कन्टिन्जेन्सी खर्च गरेको नियमसम्मत नदेखिएको रु.

शिर्षकको नाम	**कुल खर्च**	**कन्टिजेन्सी खर्च**	**मू.अ.कर.रकम**	**कन्टिजेन्सी गणना गर्ने रकम**	**कन्टिजेन्सी खर्च गर्न मिल्ने**	**बढी कन्टिजेन्सी खर्च रकम**	**कैफियत**
संघिय पूँजिगत	२३२४४५८०	१८५०८५४	२४६१२२५	१८९३२५००	७५७३००	१०९३५५४	
प्रदेश पूँजिगत	२४०५५०००	२२२७४१५	४७६६८०	२१३५०९०५	८५४०३६	१३७३३७८	कुल निर्माण काम मध्ये ५ वटा कोटेशनबाट गराएकोमा बाँकी सम्पूर्ण उ.स.बाट गराएको
जम्मा	**४७२९९५८०**	**४०७८२६९**	**२९३७९०५**	**४०२८३४०५**	**१६११३३६**	**२४६६९३२**	

अनियमित भएको	२४,६६,९३२

८८ **कार्यक्रम प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा अनुसूची-२ अनुसारको प्रगती विवरण तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले धेरै कार्यक्रममा शून्य तथा न्यून प्रगति गरेको छ। पालिकाले पुरा गर्न सक्ने योजनाहरू छनोट गरी कार्यान्वियनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ शून्य प्रगति भएका पुँजीगत तर्फका योजनाहरूको केही उदाहरण देहायअनुसार छन्:

क्र.स.	योजनाको नाम	विनियोजित रकम	प्रगति प्रतिशत
१	दासवाडा ढुंगेधारा मर्मत	५००००	०
२	लाटाझाड प्रतिक्षालय निर्माण	७००००	०
३	शैलेश्वरी आ.वि दिवा खाजा भान्साघर निर्माण	१०००००	०
४	सुनार टोल खानेपानी निर्माण	२०००००	०
५	त्रिपुरा सुन्दरी मन्दिर घेरापर्खाल निर्माण	१०००००	०
६	सिमल घाडी बडरुख सिंचाई कुलो निर्माण	६००००	०
७	गलुकाडा नवदुर्गा आ.वि खानेपानी योजना चुल्ठे	८००००	०
८	नगर परिसर तारजाली तथा भवन रंग रोगन	३५०००००	०

८९ **नाफामुलक संस्थाको भवन मर्मत**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । निजि क्षेत्रको त्रिपुरा युवा विकास सांस्कृतिक केन्द्रको भवनमा रंगरोगन तथा प्लाष्टरको काम सोही संस्थाबाट गरी गो.भौ.नं.३१।२०८०।११।२२ बाट रु.१४४०००।०० भुक्तानी गरेकोमा उक्त संस्था निजि क्षेत्रको भएकोमा भवन मर्मतको लागि भएको खर्च नियमसम्मत नभएको हुँदा यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

९० **निर्देशिका बिपरित खर्च**

प्रदेश पुँजीगतमा एक गाउँ एक पालिका नमुना नगदे बालि पर्वद्धनको लागि कृषि र सिचाई सहकारी कार्यक्रम अन्तर्गत रु.१२ लाख बजेट विनियोजन गरेको सुदुरपश्चिम प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय च.नं.३२७ मिति २०८१।०८।१९ मा आ.व. २०८१।०८२ को वित्तीय हस्तान्तरण बजेट कार्यन्वयन पत्रमा बुंदा नं.२ मा वित्तीय हस्तान्तरण भएको रकम सिँचाई सुबिधा पुर्याउने कार्यमा मात्र खर्च गर्नुपर्नेछ भन्ने उल्लेख गरेकोमा सिँचाई कार्यमा रु.८६००००।०० मात्र खर्च गरेको पाईयो । उक्त बजेटबाट दैनिक भ्रमण भत्ता, बैठक भत्ता लगायतमा रु.३४००००।०० समेत गरी कुल खर्च रु.१२०००००।०० देहाय अनुसार खर्च गरेकाले बजेट खर्च गर्न गरिएको पत्राचार तथा निर्देशिका विपरित खर्च भएको नियमित नदेखिएको रु.

गो. भौ.नं./ मिति	रकम	कार्यक्रम	निर्माण/ खरिद	प्राविधिक मुल्यांकन	लागत सहभागिता रकम	कैफियत
३८।२०८२।०३।२१	७००००००	कृषि र सहकारी कार्यक्रम	साना सिचाई योजना-९	८४६५३९	१४६५३९	निर्माण
२२/ २०८२/ ०३/ २१	१६००००	कृषि र सहकारी कार्यक्रम	साना सिचाई(पाइप खरिद)-१४	१९०९०५	३०९०५	निर्माण
१४/ २०८२/ ०३/ २०	२४९३०५	बिभिन्न	दैनिक भ्रमण भत्ता र बैठक भत्ता	०	०	कन्टिजेन्सी
९४/ २०८२/ ०३/ २४	२१४९५	प्रसाशन शाखा प्रमुख दैनिक भ्रमण भत्ता	शंकर ब. थापा	०	०	कन्टिजेन्सी
५७/ २०८२/ ०३/ २३	६९२००	नगर उपप्रमुख दैनिक भ्रमण भत्ता	शिव ब. कुँवर	०	०	कन्टिजेन्सी
जम्मा	**१२०००००**	**-**	**-**	**१०३७४४५**	**१७७४४५**	**कन्टिजेन्सी कुल रु.३४००००**

अनियमित भएको	३,४०,०००

९१ पुँजीगत बजेटबाट चालु खर्च

एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाउने उल्लेख छ । पालिकाले यस वर्ष पूँजीगत बजेट शीर्षकबाट देहायका चालु प्रकृतिका कार्यक्रम सञ्चालन गरी रु.३५६८५८।०० खर्च गरेको छ । यसरी देहाय अनुसार चालु प्रकृतिको कार्यक्रममा खर्च शीर्षक नै पुँजीगत बजेटमा समावेश गरी उक्त शीर्षकबाट खर्च लेखांकन गरेकोले गोश्वरा भौचर नं ७७।२०८२।३।१४ बाट रु १२१३००।०० बिबिध बिल भुक्तानी गरेकोमा गोश्वरा भौचर लगायत बिल भरपाई संलग्न गरी सोही प्रमाणको आधारमा नियमित गर्नुपर्ने रु.

गो. भौ.नं.।मिति	खर्च रकम	बिबरण	कैफियत
७७।२०८२।३।१४	१२१३००	वडा नं. २ को पूँजिगत बजेटबाट बिबिध बिल भुक्तानी	गोश्वरा भौचर लगायत बिल भरपाई पेश नभएको
७२।२०८२।३।१२	१३५८९२	वडा नं.११ मा सडक मर्मत र फर्निचरको बजेटबाट बैठक भत्तामा खर्च	वडा सचिब हिमालय जोशी मार्फत खर्च
१९२।२०८२।३।२३	९९६६६	त्रिपुरासुन्दरी मन्दिर घेरा पर्खाल निर्माणको बजेटबाट स्टेशनरी खरिद	वडा नं. २ को लागि एन्जिला ट्रेड एण्ड सप्लायर्सबाट खरिद
जम्मा	**३५६८५८**		

अनियमित भएको	३,५६,८५८

९२ बजेट विनियोजन नभएको शिर्षकमा खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा बिनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र रहेको, स्वीकृत लागत र खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गरिएको सुनिश्चित गरेर मात्र रकम खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले गत आर्थिक वर्ष २०८०।८१ मा बजेट विनियोजन नभएका देहाय बमोजिमका योजनामा बजेट खर्च गरी आर्थिक वर्ष २०८१।८२ को लागि भुक्तानी बाँकी दायित्व शिर्षक अन्तर्गत सोही योजना तथा कार्यक्रम राखी बजेट विनियोजन गरी रु.१२३७१४०।०० भुक्तानी गरेको छ । यस सम्बन्धमा गत बिगत बर्षहरुको लेखापरीक्षण प्रतिबेदनमा ब्यहोरा उल्लेख गरेकोमा स्थिति यथावत रहेको

पाईयो । यसरी विगत वर्षमा बजेट नै विनियोजन नभएको कार्यक्रममा बजेट खर्च गरी आर्थिक बर्ष २०८१।८२ मा भुक्तानी बाँकीको दायित्व शीर्षकमा बजेट ब्यबस्था गरी खर्च गर्ने परिपाटी नियमसम्मत नदेखिएकोले यस प्रकारको खर्च गर्ने परिपाटीमा पूर्ण रुपमा नियन्त्रण हुनुपर्दछ ।

गो. भौ.नं.।मिति	कार्यक्रम ।योजनाको नाम	भुक्तानी खर्च रकम
११|२०८१।१०।०७	अपांग आवास निर्माण	१२९६००
२१|२०८१।१०।१५	वडासैन खेल मैदानमा प्रायटिस कोड निर्माण उ.स. सा.न.पा.-०७	२०००००
२९।२०८१।१०।१५	बडासैनखेल मैदानमा प्राक्टिक्स कोर्ड निर्माण वडा नं.७	२०००००
६६|२०८२।०३।१२	त्रिपुरा सुन्दरी प्राथमिक विद्धालय वडा नं-०९ ऐराडा	१३९२००
९८|२०८२।०३।२०	पुवागाउँ देखि वडा कार्यालयसम्म ब्रेस्टवाल निर्माण	४९४४६०
१०५|२०८२।०३।२१	खानेपानी टंकी निर्माण उ.स. सा.न.पा.-०८	२४६२५६
१४८|२०८२।०३।२१	श्री त्रिपुरा सुन्दरी आ.वि. वाल निर्माण सा.न.पा.-९ बाँसकाटिया	७१०४०
१७४|२०८२।०३।२२	इन्द्रसरा आयल स्टोर, साँफेबगर	२१७६१५९
२०४|२०८२।०३।२३	खप्तड भेरासैन बल्याल्त विधुत विस्तार सा.न.प.-१२, खप्तड	६२४०००
२०५|२०८२।०३।२३	कर्मचारी आवासीय भवन तथा शौचालय मर्मत सा.न.प.-१२ खप्तड	४२५०००
जम्मा		**४७०५७१५**

९३ पूर्व निर्धारित क्षतिपूर्ति

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम सप्लायर्सको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । पालिकाले भ्याकुलोडर खरिदको लागि छनौट भएको स्ट्याण्डर्ड अर्थमुभर्स प्रा.लि.धनगढीले मिति २०८२।२।१६ गते भित्र सप्लाई गर्ने गरी रु.५७५००००।०० मा मिति २०८२।१।१७ गते सम्झौता भएकोमा भुक्तानी निबेदन र मू.अ.कर बिजक मिति २०८२।३।१ गते (जिन्सी दाखिला मिति २०८२।५।४ गते गरेको) दिए अनुसार गो.भौ.नं.१६२।२०८२।३।२१ बाट रु.५७५००००।०० भुक्तानी दिएको छ । यसरी सप्लायर्सले तोकिएको समय भन्दा १५ दिन ढिलो गरी भ्याकुलोडर सप्लाई गरेकोले सम्झौता रकम रु.५७५००००।०० को प्रतिदिन ०.०५ प्रतिशतले हुने रु.४३१२५।०० पूर्वनिर्धारित क्षतिपूर्ति वापतको रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	४३,१२५

९४ प्रदेश फिर्ता बाँकी

अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ८ को दफा २८ मा बित्तिय अनुशासन सम्बन्धी व्यवस्था रहेको छ । प्रदेश तथा संघ सरकारबाट स्थानीय तहलाई प्राप्त हुने अनुदान रकम मध्ये समपुरक,सशर्त,बिशेष अनुदानहरु आर्थिक वर्षको अन्त्यमा खर्च नभइ मौज्दात रहन गएमा सम्बन्धित सरकारको संचितकोषमा फिर्ता गर्नुपर्दछ । प्रदेश सरकारबाट पूँजिगतको गो.भौ.नं.८५।२०८२।३।२५ बाट रु.२३४००२।०० खर्च लेखाँकन गरेकोमा गोश्वरा भौचर तयार गर्ने,पेश गर्ने र प्रमाणित गर्नेको दस्तखत गरेको छैन । उक्त गोश्वरा भौचरबाट खर्च लेखांकन गरेको रु.९९४५०।०० बिभिन्न मितिमा बोलपत्र मूल्यांकनको बैठक भत्ता बितरण गर्न सन्देश बिक्रम रावतको बैंक खातामा बैंक ट्रान्सफर (ई.एफ.टी.) गर्दा दुई पटक क्लिक भई रु.१९८९०२।०० भुक्तानी हुन गएकोले रु.९९४५०।०० दोहोरो भुक्तानी भएकोले कारण मिति २०८२।५।१५ गते नगरपालिकाको संचित कोषमा फिर्ता गरेको देखियो । पालिकाले शुरुमा म्यानुअली चेक जारी गरेकोमा आर्थिक बर्षको अन्त्यमा मात्र बैंक ट्रान्सफर (ई.एफ.टी.) बाट भुक्तानी दिएको र अधिकांश कारोबार अन्तिम समयमा गरेकोले अन्य भुक्तानी गर्दा बैंक ट्रान्सफर (ई.एफ.टी.) गर्दा दोहोरो हुन गएको भए यकिन गरी बढी भुक्तानी रकम

सम्बन्धित संचितकोषमा फिर्ता दाखिला गर्नुपर्दछ । अत: पालिकाको संचितकोषमा फिर्ता प्राप्त भएको रकम रु.९९४५०।०० प्रदेश संचितकोषमा फिर्ता गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	९९,४५०

९५ उपभोक्ता समितिबाट भएको काम

सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७ को उपनियम ८ मा उपभोक्ता समितिहरुबाट निर्माण गराउदा सम्झौता तथा लागत अनुमान अनुसारको काम तोकिएको समयमा गर्नुपर्ने र समयमा काम सम्पन्न नगरेको अवस्थामा म्याद थप गर्न नमिल्ने तथा समितिसँग भएको सम्झौता तोडी बाँकी काम नियमानुसार गराउनुपर्ने ब्यबस्था गरेको छ ।यसरी उपभोक्ता समितिबाट भएको कामहरु मध्ये नमूना छनौटको आधारमा परीक्षण गर्दा केहि उपभोक्ता समितिहरुले सम्झौता अनुसार आर्थिक बर्ष भित्र नसकी काम बाँकी रहेको देखिएकोले नियममा भएको प्रावधानको पालना गरेको पाईएन । उपभोक्ता समितिबाट भएको कामको सम्बन्धमा देखिएका मुख्य ब्यहोराहरु निम्नानुसार रहेका छन ।

९५.१ **उपभोक्ता समितिलाई ओभरहेड भुक्तानी** - सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर,ओभरहेड,कन्टिजेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ भन्ने ब्यबस्था रहेको छ । सडक बोर्ड तर्फको शंखबेल बस्तीगाउँ सडक मर्मत उपभोक्ता समितिले सडक मर्मत गरे वापत गो.भौ.नं.११।२०८२।३।१७ बाट रु.१२२७३८५।०० भुक्तानी दिएको पाइयो । उक्त समितिलाई भुक्तानीमा १५ प्रतिशत ओभरहेड वापत रु.१६००९३।०० भुक्तानी दिएको छ । साथै पालिकाले उपभोक्ता समितिबाट निर्माण काम गराउँदा पन्ध्र प्रतिशत जनसहभागिताको रकम कट्टा गरी भुक्तानी दिने गरेको छ । तर शंखबेल बस्तीगाउँ सडक मर्मत उपभोक्ता समितिले गरेको कुल प्राबिधिक मूल्यांकन रु.१४२४२९०।०० को रु.२१३६४३।०० कट्टा गरी रु.१२१०६४६।०० भुक्तानी दिएकोले बढी भुक्तानी हुन गएको रु.१६७३९।०० तथा ओभरहेड वापतको रु.१६००९३।०० समेत कुल रु.१७६८३२।०० बढी भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,७६,८३२

९५.२ **हस्तान्तरण नगरेको** - सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सुचना सार्बजनिक सुचना पार्टीमा टाँस गर्नुपर्ने, तोकेको अबधी र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने, नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । नियमानुसार प्रकृया पुरा गरी काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।

९५.३ **समाजिक सुरक्षा कर कट्टी नभएको** - आयकर ऐन २०५८ अनुसार भुक्तानीमा एक प्रतिशत सामाजिक सुरक्षा कर कट्टा गरी भुक्तानी दिनुपर्ने ब्यबस्था रहेकोमा नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले उपभोक्ता समितिहरु मार्फत बिभिन्न निर्माण काम गराएकोमा उपभोक्ता समितिहरुले काम गरी भुक्तानीको लागि पेश गरेका डोर हाजिरी ज्यामी ज्याला वापत भुक्तानी भएको रकममा ऐन बमोजिम एक प्रतिशत हुने कर कट्टा गरेको नदेखिएको हुनाले पालिकाले ऐन नियममानुसार कर कट्टा गरी भुक्तानी दिनुपर्दछ ।

९५.४ **उपभोक्ता समितिले ईक्विपमेन्ट प्रयोग** - साँफेबगर नगरपालिकाको आर्थिक ऐन, २०८१ मा ब्याकहो लोडरको प्रति घण्टा रु.१४००।०० र एक्साभेटरको प्रति घण्टा रु.२५००।०० तथा ब्रेकर सहित प्रतिघण्टा रु.४५००।०० को दरले साधन प्रयोगकर्ताले अग्रिम रुपमा बुझाउनुपर्ने,अपरेटरको खाना खाजा,भत्ता र ईन्धन प्रयोगकर्ताले बेहोर्नुपर्ने उल्लेख गरेको छ । उक्त ऐनमा पालिकाले ईन्धन सहित साधन उपलब्ध गराएको अबस्थामा सो को दररेट खुलाएको पाइएन । पालिकामा भएका (जे.सि.बि.) डोजर र एक्साभेटरहरु व्यक्ति तथा व्यवसायीलाई भाडामा दिँदा भाडा सम्झौता गर्ने गरेको देखिएन । डोजर तथा एक्साभेटर पालिकाबाट विभिन्न व्यक्तिलाई भाडामा दिएको तथा पालिकाको प्रमुख/उपप्रमुख लगायतको आदेश अनुसार विभिन्न स्थानमा खटाएको पाइयो । डोजर तथा एक्साभेटर

परिचालन गर्ने सम्झौता र पालिकाको पदाधिकारी तथा कर्मचारीहरुले दिएको आदेश अनुसार लगबुकमा प्रमाणित गरेको वा सो आदेशलाई प्रमाणको रुपमा कार्यादेश जारी गरी सम्पूर्ण बिबरण देखिने गरी सो को अभिलेख राखेको नदेखिएकोले बर्ष भरी ईक्विपमेन्ट प्रयोगबाट प्राप्त हुनुपर्ने राजस्व, सो वापत प्राप्त रकम र उठ्न बाँकी रकम सम्बन्धमा यकिन गर्न सक्ने अवस्था भएन । साथै उक्त डोजर तथा एक्साभेटरले गरेको कार्यको प्राविधिक मूल्यांकन पालिकाबाट तयार गर्ने गरेको छैन ।

नमूना छनौटको आधारमा उपभोक्ताहरुको फाइल परीक्षण गर्दा उपभोक्ताहरुले पालिकाको साधन प्रयोग गरेको मध्ये केही उपभोक्ताले ईन्धन सहित प्रयोग गरेको देखिएकोमा ईन्धन बाहेकको दररेट र ईन्धनको रेट अनुसार राजस्व लिने गरेको देखिएको हुँदा ईन्धन सहित प्रयोग गर्दा सो को छुट्टै दररेट कायम गरी राजस्व असुल गर्ने ब्यबस्था मिलाउनुपर्दछ । देहाय अनुसारको उपभोकताहरुले मेशिन प्रयोग गरेकोमा संलग्न लगबुकमा सवारी प्रयोग गर्नेको महलमा ब्यक्ति,उपभोक्ता समितिको पदाधिकारीको नाम तथा कार्यालय मार्फत मध्ये एक उल्लेख गर्ने गरेकोले प्रयोग भएका ईक्विपमेन्ट वापत उपभोक्ता समितिबाट कति रकम प्राप्त हुने लकबुकमा नखुल्ने हुदाँ पालिकाले बिभिन्न ब्यक्ति तथा उपभोक्ता समितिहरुबाट ईक्विपमेन्ट प्रयोगबाट प्राप्त हुनुपर्ने रकम यकिन गरी प्राप्त हुन छुट भएको पाइएमा प्रचलित कानून अनुसार असुल गर्नुपर्दछ । केही उदाहरणहरु देहाय अनुसार रहेका छन ।

गो.भौ.नं.र मिति	रकम	उपभोक्ता समितिको नाम	डोजर वा एक्साभेटर चलेको घण्टा	प्राप्त रकम	कैफियत
२४१। ०८२। ३।२४	२०००००	छिपेखोला कठेना लेसाङ सडक मर्मत उ.स.	४८.८२	०	पेश भएको लकबुक एवम बिबरण अनुसार मेशिनमा प्रयोग भएको २९० लिटरको ईन्धनको रु.४५५८०।०० असुल भएकोमा ईक्विपमेन्ट प्रयोग वापत रकम प्राप्त भएको प्रमाण पेश नभएकोले यकिन गरी असुल हुनुपर्दछ ।
२३६। ०८२। ३।२४	२३१९७८	बुढाबगर बाब्ला सडक उ.स.	६४.७४ घण्टा र ईन्धन ५०० लि.	१५३१११	पेश भएको लकबुकमा कार्यालय मार्फत समेत उल्लेख गरेको देखिएकोले प्राप्त भएको रु.१५३१११।०० को रकमको सम्बन्धमा यकिन गर्न नसकिएकोले पालिकाले यकिन गरी असुल हुन बाँकी भए असुल गरी प्रमाण पेश गर्नुपर्दछ ।

९५.५ **जटील प्रकृतिको काम उपभोक्ताबाट गराएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले वडा नं. १२ मा खप्तड विद्युतीकरण गर्ने कार्य उपभोक्ता समितिबाट गराई गोश्वरा भौचर नं.२०४।२०८२।३।२३ बाट रु.६२४०००।०० भुक्तानी दिएको देखियो । उक्त काम नियमावलीमा भएको ब्यबस्था विपरित जटील प्रकृतिको काम उपभोक्ता समितिबाट गराएकोले नियमसम्मत नदेखिएको हुँदा पालिकाले यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।

९६ निर्माण कार्यको गुणस्तर

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम २ मा निर्माण कामको गुणस्तर कायम गर्न ठेक्काको बि.ओ.क्यू.मा गुणस्तर परीक्षणको लागि रकम समाबेश गरी लागत अनुमान तयार गर्ने र सोही अनुसार निर्माण ब्यबसायीहरुले गुणस्तर परीक्षण गरेको आधारमा भुक्तानी गर्ने गरिएको छ । तर सो रकमबाट गर्नु पर्ने जति सबै परीक्षण गराउनुपर्नेमा गराएको छैन । निर्माण व्यवसायीबाट Quality Assurance Plan पेश गराउनुपर्नेमा गराएको पाइएन । गुणस्तर परीक्षणको लागि सिलबन्दी नमुना संकलन गर्नुपर्नेमा खुला रुपमा गर्ने गरेको छ । ल्याब प्रतिवेदनमा समेत प्राप्त भएको नमुनाको मात्र परीक्षण भएको भन्ने शब्दावली प्रयोग गरी जिम्मेवारीबाट पन्छिने काम गरेको छ । स्पेशिफिकेशनको आधारमा तोकिएको संख्यामा क्यूब,डण्डी,बालुवा,गिट्टी,सिमेन्ट लगायत निर्माण सामाग्रीहरुको परीक्षण गर्नुपर्दछ ।

९७ स्थानीय दररेट निर्धारण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन

अगावै तोकी सक्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म पनि ऐनमा व्यवस्था भए अनुसार न्यूनतम दररेट निर्धारण नगरेकोले ऐनमा भएको व्यवस्था अनुसार स्थानीय दररेट कायम गर्नुपर्दछ ।

९८ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ४१.०२ देखि ५०.०२ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

ब.उ.शि.नं	कामको विवरण	ठेक्का न	निर्माण व्यवसयिको नाम	लागत इस्टिमेट	सम्झौता रकम	घटि प्रतिशत
प्रदेश समपुरक	खसड स्वा.चौ.भवन निर्माण	डब्ल्यू।१।०८१।८२	डि.पि.कन्स्ट्रक्सन	१०९९५०२७	६२४१६१४	४१.०२
प्रदेश समपुरक	रिडिकोट वडा कार्यालय भवन	डब्ल्यू।३।०८१।८२	डि.पि.कन्स्ट्रक्सन	११२१४०४१	६३२०२९१	४३.७४
संघ बिशेष	तुका मा.बि.भवन निर्माण	डब्ल्यू।२।०८१।८२	जय श्री बैजनाथ कन्स्ट्रक्सन	५८६३४३४	२९८३५६४	४९.२४
सडक बोर्ड	बुढाबगर बाब्ला सडक	डब्ल्यू।४।०८१।८२	मुना निर्माण सेवा साँफेबगर	५०९४८७१	२५४७०१४	५०.०२

९९ **नापी किताब**

निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि महालेखा परीक्षकबाट स्वीकृत गराई महालेखा नियन्त्रक कार्यालयले लागु गरेको म.ले.प.फा.नं.५०३ को ढाँचामा निर्माण कामको परिमाण र रकम खुलाउनुपर्ने एवम सार्वजनिक निकायले प्रयोग गरेका कम्प्यूटीकृत नापी किताबमा पाना नं.सिलसिलेबार राखी नापी किताब नियन्त्रण खाता म.ले.प.फा.नं. ५१२ मा प्रबिष्टी गरी नापी किताबको अभिलेख राख्नुपर्ने ब्यबस्था रहेको छ । नापी किताब सम्बन्धी स्वीकृत (फाराम) नापी किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम सुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अधिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारीस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख गर्नुपर्ने प्राबधान रहेको छ। लेखापरीक्षणको क्रममा पेश भएका नापी किताबको परीक्षण गर्दा कम्प्युटर प्रिन्टबाट नापी किताब तयार गरेकोमा स्वीकृत ढाँचा अनुसार बिबरणहरु नापी किताबमा अधिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम लगायत आवाश्यक बिबरणहरु नापी किताबमा चढाएको देखिएन।अतःनापी किताबमा खुलाउनुपर्ने व्यहोरा सबै खुलाई नापी किताब नियत्रण खाता म.ले.प.फा.नं.५१२ मा अभिलेख जनाई नापी किताब प्रयोगमा ल्याउनु पर्दछ। साथै नापी किताबमा चढाएको परिमाण अनुसार प्राबिधिक मूल्यांकनमा परिमाण र रकम ठिक दुरुस्त छ भन्ने कुरामा आश्वस्त हुन नसकिएकोले यस तर्फ समेत कार्यालयले यकिन गरी सुधार गर्नुपर्दछ ।

१०० **कट्टि रकम दाखिला बाँकी**

आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ बमोजिम भुक्तानीमा कट्टी गरिएका अग्रिम कर सम्बन्धित खातामा दाखिला गर्नुपर्दछ । पालिकाबाट प्राप्त बिबरण अनुसार सुत्रबाट तयार गरेको म.ले.प.फा.नं. २७० अनुसार बिद्युतिय प्रणाली मार्फत भुक्तानी गर्दा कट्टी गरिएका अग्रिम आयकर,सामाजिक सुरक्षा कर,पारिश्रमिक कर,मू.अ.कर लगायतका बिभिन्न कट्टी गरेकोमा आर्थिक बर्ष समाप्त भएकोले एफ.सि.जि.ओ.सँग कनेक्शन असफल भएको (Payment Failed Conceled by FCGO due to the end of the fiscal year) कारण मिति २०८२ आषाढ महिनामा रु.१२४५४७०६।०० कट्टी रकम दाखिला भएको देखिएन । यसरी अग्रिम आयकर,सामाजिक सुरक्षा कर,मू.अ.कर लगायतका करहरु बिबिध तर्फ रु.२७९५७०।०० र चालु तथा पूँजिगत तर्फ रु.३७४२६४८।०० गरी रु.४०२२२१८।०० कट्टी भएको रकम संघीय संचितकोषमा दाखिला भएको पाइएन । कार्यालयबाट आर्थिक बर्ष २०८१।८२ को अधिकांश महिनामा म्यानुअली चेक काटी कारोबार गरेकोमा आर्थिक बर्षको अन्त्यमा मात्र बिद्युतिय माध्यमबाट कारोबार गरेको पाईयो । म्यानुअली चेक काटी कारोबारको भुक्तानीमा कट्टी गरिएको कर,धरौटी,संचयकोष,नागरिक लगानीकोष लगायतका कट्टी रकमहरु सम्बन्धित कोष एवम राजस्व खातामा दाखिला भए नभएको सम्बन्धमा बिबरण प्राप्त नभएकोले म्यानुअली कट्टी रकम दाखिला बाँकी भए पालिकाले यकिन गरी सम्बन्धित खातामाहरुमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ । साथै बिद्युतीय प्रणाली मार्फत भुक्तानी गर्दा कट्टी गरिएका अग्रिम आयकर,सामाजिक सुरक्षा कर,मू.अ.कर लगायतका कर रकम रु.४०२२२१८।०० संघीय सरकारको सम्बन्धित राजस्व खातामा दाखिला भएको प्रमाण सहित अन्य कट्टी रकम सम्बन्धित कोषमा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,२४,५४,७०६

१०१ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति,भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१०२ सोझै खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा सार्वजनिक निकायले रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य सिलबन्दी दरभाउपत्रबाट गर्नुपर्ने एवम नियम ८५ मा रु.१० लाख रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण काम सोझै गर्न सकिने तर एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्ति वा फर्म बाट सोझै खरिद गर्न नहुने तथा बिभिन्न योजनाहरुलाई प्याकेज गरी प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले चालु बर्ष बिभिन्न निर्माण कामहरु देहाय बमोजिम सोझै कोटेशनको माध्यमबाट गराएको हुनाले ऐन नियममा ब्यबस्था भए अनुसार प्याकेजिङ्ग गरी प्रतिस्पर्धाको माध्यमबाट गराई मितव्ययिता अपनाउनु पर्दछ । नमुना छनौटको आधारमा परीक्षण गर्दा देखिएका एवम पालिकाबाट प्राप्त बिबरण अनुसार सोझै निर्माण गराएका केही उदाहरण निम्नानुसार छन । अत: एउटै निर्माण ब्यबसायीबाट एक पटक भन्दा बढी पटक सीमा भन्दा बढी रकम रु.१५७४१७३२।०० को निर्माण काम गराएको हुदाँ उक्त निर्माण कार्य नियमसम्मत नभएको रु.

(विस्तृत विवरण बेरूजु दफा १०२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	१,५७,४१,७३२

१०३ निर्माण कामको बिमा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक बीस लाख रुपैंया भन्दा बढी मूल्यको निर्माण काम गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री,प्रयोग गरिने मेशिन,औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च एवम तेश्रो पक्ष र जनशक्तिहरुको समेत त्रुटि सच्याउने अबधी समेत खाम्ने गरि बिमा गराउनुपर्ने ब्यबस्था रहेको छ । पालिकाबाट गत बिगत बर्षहरु र यस बर्ष ठेक्का ब्यबस्थापन भई निर्माण काम भई सकेका तथा भइ रहेका कामहरुको नियममा ब्यबस्था

भए अनुसार बिमा नगरेको,बिमा गरेको भएपनि शुरु अबधिदेखि नगरी धेरै पछि देखि गरेको,सम्पूर्ण पक्षको बिमा नगरेको र पुरै अबधि खाम्ने गरि बिमा नगरेको जस्ता कैफियत देखिएको छ । निर्माण ब्यबसायीहरुले पुरै अबधीको बिमा नगर्ने एवम सम्पूर्ण पक्षको बिमा नगरेको अबस्थामा बिमा वापत सम्पूर्ण रकम भुक्तानी दिन मिल्ने देखिदैन । साथै नियम तथा ठेक्काको शर्त बमोजिम सम्पूर्ण पक्ष समेटेर शुरु अबधिदेख त्रुटी सच्याउने अवधिसम्मको बिमा गरेको पोलिसी तथा प्रिमियम बुझाएको बिजक पेश नगरेको अबस्थामा पालिकाले बिल अफ क्वान्टिटीमा समाबेश गरेको बिमा वापतको सम्पूर्ण रकम भुक्तानी दिन नमिल्ने हुदाँ पालिकाले यस सम्बन्धमा निर्माण ब्यबसायीहरुबाट निर्माण काम,तेश्रो पक्ष र सामुहिक दुर्घटना बिमा शुरु अबधिदेखि म्याद थप वा निर्माण काम भएको मिति र त्रुटी सच्याउने अबधि खाम्ने गरी बिमा पोलिसि र सो को बिमा प्रिमियम बुझाएको बिजक पेश गर्न लगाउनुपर्दछ । साथै यस तर्फ पालिकाले उचित ध्यान दिई सुधार गर्नुपर्दछ । यस सम्बन्धि केही उदाहरणहरु देहाय बमोजिम छन ।

(विस्तृत विवरण बेरूजु दफा १०३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१०४ बजेट भन्दा बढी खरिद ब्यबस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम २ मा कार्यालयले चालु आर्थिक बर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुँदैन भन्ने ब्यबस्था गरेको छ । तर पालिकाले देहायका योजनाहरुमा बजेट बिनियोजन भन्दा बढी वा बहुबर्षिय श्रोत सुनिश्चितता बिना लागत अनुमान तयार गरी ठेक्का वा उपभोक्ता समितिबाट निर्माण काम गराएको पाइएकोले उक्त कार्य नियमसम्मत देखिएन । यसरी निर्माण काम गराउँदा बजेटको अभावको कारण निर्माण काम अधुरो हुने तथा समयमा काम सम्पन्न नभएको अवस्था रहेको छ । बजेट भन्दा बढी रकमको काम गराउँदा भुक्तानी दायित्व प्रत्येक बर्ष बढ्दै गईरहेको अबस्था देखिएकोले यसरी काम गराउने परिपाटिमा सुधार हुनुपर्दछ ।

ठेक्का नं. वा उपभोक्ता समिति	योजनाको नाम र काम	बिनियोजित बजेट	लागत अनुमान(कन्टीजेन्सी र मू.अ.कर समेत)	सम्झौता रकम	कुल भुक्तानी रकम	कैफियत
डब्ल्यू।१।०८१।८२	खसड स्वा.चौ.भवन निर्माण	९४०००००	१०९९५०२७	६२४१६१४	६२३३९५२	
डब्ल्यू।३।०८१।८२	रिडिकोट वडा कार्यालय भवन	९००००००	११६०६७१३	६३२०२९१	६२९८७७४	
डब्ल्यू।५।०८०।८१	भिम निर्माण सेवा अछाम	१४००००	२३३६६०४	१३८०६६३	१२८८६८८	आ.ब.२०८०।८१ बजेट ब्यबस्था नभएको

१०५ खहरेखोला झोलुङ्गे पुल

अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ८ मा बित्तिय अनुशासन सम्बन्धि व्यवस्था रहेको छ । प्रदेश तथा संघ सरकारबाट स्थानिय तहलाई प्राप्त हुने अनुदान रकम मध्ये समपुरक योजनाहरुमा आनुपातिक रुपमा खर्च गर्नुपर्ने प्राबधान रहेको छ । त्यस्तै खहरेखोला झोलुङ्गे पुल निर्माणको लागि आर्थिक बर्ष २०८०।८१ मा मिति २०८०।१०।१९ गते भएको सम्झौतामा पालिकाले १३ प्रतिशत,उपभोक्ता समितिले २ प्रतिशत र बाँकी संघिय सरकारले ब्यहोर्ने गरी प्राबधान राखेको पाईयो । उक्त झोलुङ्गे पुल निर्माणको पार्टसहरु बाहेक उपभोक्ता समितिबाट गत आर्थिक बर्ष प्रथम रनिङ्ग बिल रु.१२७५७७५।०० भुक्तानी भई सकेकोमा यस आर्थिक बर्ष अन्तिम रनिङ्ग बिल रकममा उपभोक्ता समितिको योगदान कट्टा गरी संघीय पूँजिगतको गो.भौ.नं.४८ मिति २०८२।३।२४ बाट रु.६५०६९४।०० भुक्तानी दिई कुल रु.१९५६४६९।०० मध्ये पालिकाले रु.२५४३४०।०० बेहोर्नुपर्नेमा सम्पूर्ण रकम संघिय पूँजिगतबाट बेहोरेको देखिएकोले (संघिय बजेटबाट भुक्तानी गरेको) संघीय संचितकोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२,५४,३४०

१०६ बढी भुक्तानी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल,भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने ब्यबस्था गरेको छ । पालिकाले स्थानीय भत्ता पाउने कर्मचारीहरुबाट दैनिक भ्रमण भत्ता भुक्तानी दिदा स्थानीय भत्ता कट्टा गरेको नदेखिएकोले नियमानुसार कट्टा गर्नुपर्दछ । देहायका कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता एवम बिल भरपाईको भुक्तानी दिँदा बिल भरपाई भन्दा बढी भुक्तानी दिएको पुष्ट्याई सहितको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

ब.उ.शि.नं.	**कर्मचारीको नाम र पद**	**गो.भौ.नं.र मिति**	**रकम**	**बिल भरपाई रकम**	**बढी भुक्तानी**
प्रदेश पूँजिगत	ड्राइभर महेन्द्र शाह	८३।०८२।३।२५	१६६१००	१४६१००	२००००
प्रदेश पूँजिगत	ड्राइभर गोपी धामी	८७।०८२।३।२५	१९६४४२	१८१४७३	१४९६९
जम्मा					**३४९६९**

प्रमाण पेश नगरेको	३४,९६९

१०७ **विद्युतीय चुल्हो**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल,भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानि दिनुपर्ने ब्यबस्था रहेको छ । नगरपालिका, महिला बहुउद्देश्यीय सहकारी संस्था लि.वडा नं.६,चण्डीका महिला सहकारी वडा नं.९ र रुडेक नेपाल बीचको लागत साझेदारीमा फलामे चुल्हो (Tier 3) र विद्युतीय चुल्हो वितरण गर्नका लागि २०८१।३।१२ मा सम्झौता भएको छ । सम्झौतामा नगरपालिकाले प्रति फलामे चुल्होको (Tier 3) लागि रु.२१००।०० (३३ प्रतिशत) र विद्युतीय चुल्होको लागि रु.३२००।०० (४३ प्रतिशत) लागत व्यहोर्ने, रुडेक नेपालले प्रति चुल्हो (टियर थ्रि मा २८ प्रतिशत र बिद्युतियमा २४ प्रतिशत) रु.१८००।०० र लाभग्राहीबाट प्रति चुल्हो (टियर थ्रि मा ३९ प्रतिशत र बिद्युतियमा ३३ प्रतिशत) रु.२५००।०० लागत साझेदारी बेहोर्ने प्राबधान राखेको र महिला बहुउद्देश्यीय सहकारी संस्था लि.ले सम्बन्धित निकाय तथा ब्यक्तिहरुबाट चुल्हो रकम संकलन गरी चुल्हो कम्पनीलाई भुक्तानी गर्ने तथा चुल्होहरु सहकारी संस्थाहरुले लाभग्राहीलाई वितरण गर्ने उल्लेख छ । पालिकाले यस बर्ष ईकोस्फेयर नेपाल प्रा.लि.ललितपुर नेपाल र पालिका बिच मिति २०८१।१०।२० मा बिद्युतिय चुल्हो १५० को प्रति गोटा रु.७४५८।०० (मू.अ.कर समेत) र टियर थ्रि ३०० प्रति गोटा रु.५६५०।०० (मू.अ.कर समेत) मा सप्लाई गर्ने गरी सम्झौता भएकोमा टियर थ्रि ४०० वटा खरिद गरी गो.भौ.नं.२४४।२०८२।३।२४ बाट रु.१२८७०५०।०० महिला सुधार बहुउद्धेश्यीय सहकारीलाई भुक्तानी दिएको देखिन्छ । यस सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेको छ ।

१०७.१ **पालिकाले बढी बेहोरेको** - नगरपालिका, महिला बहुउद्देश्यीय सहकारी संस्था लि.वडा नं.६,चण्डीका महिला सहकारी वडा नं.९ र रुडेक नेपाल बीचको लागत साझेदारीमा फलामे चुल्हो (Tier 3) र विद्युतीय चुल्हो वितरण गर्नका लागि २०८१।३।१२ मा सम्झौता भएको छ । सम्झौतामा नगरपालिकाले प्रति फलामे चुल्होको (Tier 3) लागि रु.२१००।०० (३३ प्रतिशत) बेहोर्ने प्राबधान रहेको देखिन्छ । ईकोस्फेयर नेपाल प्रा.लि.ललितपुर नेपालबाट ४०० वटा टियर थ्रि चुल्हो रु.२३०९९२०।०० मा खरिद गरेको मध्ये पालिकाले गो.भौ.नं.२४४।२०८२।३।२४ बाट रु.१२८७०५०।०० खर्च लेखांकन गरी भुक्तानी दिएको पाइयो । सम्झौता अनुसार ३३ प्रतिशतले हुने रु.७६२२७३।०० र नगरपालिका उर्जा विकास उपसमितिको मिति २०८२।३।६ को बैठकबाट आर्थिक बर्ष २०८०।८१ मा बितरण गरिएका टियर थ्रि चुलहोको दायित्व बाँकी रकम रु.११७०५०।०० उल्लेख गरेकोले सो समेत कुल रु.८७९३२३।०० मात्र पालिकाले बेहोर्नुपर्नेमा रु.४०७७२७।०० सम्बन्धितबाट असुल गरी संचितकोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,०७,७२७

१०७.२

खरिद तथा बितरण भरपाई - नगरपालिका र ईकोस्फेयर नेपाल प्रा.लि.ललितपुर नेपाल र पालिका बिच मिति २०८१।१०।२० मा बिद्युतिय चुल्हो १५० र टियर थ्रि खरिद गर्ने सम्झौता गरेकोमा टियर थ्रि ४०० वटा मात्र खरिद गरी बिद्युतिय चुल्हो खरिद गरेको देखिएन । यसरी सप्लायर्ससँग गरेको सम्झौता विपरित बिद्युतिय चुल्हो खरिद नगरेको अवस्थामा सहकारी संस्थाहरुले पेश गरेको बितरण भरपाईमा बिद्युतिय चुल्हो समेत बितरण गरेको देखिएकोले खरिद तथा बितरण सम्बन्धमा यकिन गर्न नसकिएकोले यस सम्बन्धमा पालिकाले पुष्ट्याई सहितको प्रमाण पेश हुनुपर्दछ ।महिला बहुउद्देश्यीय सहकारी संस्था लि.वडा नं.६ बाट दुबै प्रकारको ३२३ वटा चुल्हो बितरण गरेको भरपाई पेश गरेको र चण्डीका महिला सहकारी वडा नं.९ ले चुलो बितरण गरेको भरपाई गोश्वार भौचर साथ संलग्न नभएकोमा छलफलको क्रममा भरपाई पेश गरेकोमा भरपाईको तेरिज नबनाएको कारण कति बितरण गरेको हो यकिन गर्न सकिएन । बितरण भरपाई परीक्षण गर्दा भरपाईमा बितरण गर्दा जनप्रतिनिधि एवम कर्मचारीको रोहवर नराखेको,बितरण मिति र स्थान उल्लेख नगरेको,चुल्हो प्राप्त गर्नेको सम्पूर्णको सम्पर्क नम्बर नखुलाएको आदि कैफियत देखिएको हुदाँ बितरण भएको चुल्होहरु लाभग्राहीले सहि सदुपयोग गरेका छन भन्ने कुराको सुनिश्चित गर्न पालिका,सहकारी संस्थाहरु र रुडेक नेपालको संयुक्त अनुगमन गरी प्रतिबेदन पेश हुनुपर्दछ । महिला बहुउद्देश्यीय सहकारी संस्था लि.वडा नं.६ बाट दुबै प्रकारको ३२३ वटा चुल्हो बितरण गरेको भरपाई पेश गरेकोमा टियर थ्रि २ वटा बिग्रेकोले सप्लायर्सलाई फिर्ता पठाएको देखिएकोले खरिद मूल्य प्रति गोटा रु.५६५०।०० ले हुने रु.११३००।०० सप्लायर्सबाट असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	११,३००

१०७.३ **सहकारीले रकम बुझाएको प्रमाण** - नगरपालिका, महिला बहुउद्देश्यीय सहकारी संस्था लि.वडा नं.६,चण्डीका महिला सहकारी वडा नं.९ र रुडेक नेपाल बीचको लागत साझेदारीमा फलामे चुल्हो (Tier 3) र विद्युतीय चुल्हो वितरण गर्नका लागि २०८१।३।१२ मा सम्झौता भएको छ । सम्झौतामा महिला बहुउद्देश्यीय सहकारी संस्था लि.ले सम्बन्धित निकाय तथा ब्यक्तिहरुबाट चुलोको रकम संकलन गरी चुल्हो कम्पनीलाई भुक्तानी दिने उल्लेख छ । ईकोस्फेयर नेपाल प्रा.लि.ललितपुर नेपालबाट टियर थ्रि चुल्हो खरिद गरी बिजक नं.००२।२०८१।७।७ बाट १७८ वटा, बिजक नं.००१।२०८१।७।५ बाट २२ वटा र बिजक नं.००६।२०८१।१२।२६ बाट २०० गरी जम्मा ४०० वटा रु.२३०९९२०।०० मा खरिद गरेको बिजकको आधारमा गो.भौ.नं.२४४।२०८२।३।२४ बाट रु.१२८७०५०।०० महिला सुधार बहुउद्धेश्यीय सहकारीलाई भुक्तानी दिएको छ । सम्झौतामा उल्लेख भए अनुसार महिला बहुउद्देश्यीय सहकारी संस्था लि.ले सम्बन्धित निकाय तथा लाभग्राहीबाट रकम संकलन गरी चुल्हो कम्पनीलाई रकम बुझाई सो को प्रमाण पालिकामा पेश गर्नुपर्नेमा सहकारीले पेश नगरेकोले टियर थ्रि चुल्होको लाभग्राहीले बेहोर्ने ३९ प्रतिशतले हुने रु.९००८६८।०० ,रुडेक नेपालले बेहोर्ने २८ प्रतिशतले हुने रु.६४६७७७।०० सम्बन्धितबाट संकलन गरेको रकम सहित पालिकाबाट बेहोर्ने ३३ प्रतिशतले हुने रु.७६२२७५।०० सप्लायर्सलाई बुझाएको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	७,६२,२७५

१०८ **बढी भुक्तानी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल,भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने ब्यबस्था गरेको छ । ईन्द्रसरा आयल स्टोर्सको बिजक नं.१४९४ मिति २०८२।३।२२ बाट डिजल १४५ लिटरको रु.२२१८५।००,वडा नं. १२ को मिति २०८२।३।१५ को रु.२२१८५।०० भुक्तानी गरिदिने सिफारिस र आयल स्टोर्सको मिति २०८२।३।२२ को रु.२२१८५।०० भुक्तानी माग निबेदन संलग्न रहेकोमा गो.भौ.नं. २३४ मिति २०८२।३।२४ बाट रु.७६५००।०० भुक्तानी भएकोले सप्लायर्सलाई रु.५४३१५।०० बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	५४,३१५

१०९ **म्याद थप र पूर्वनिर्धारित क्षतिपूर्ति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा काबु बाहिरको परिस्थिति,सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने अबस्था परेमा, खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा २१ दिन अगावै कार्यतालिका सहित आवश्यक पुष्ट्याई र प्रमाण कागजात संलग्न गरी निबेदन दिनुपर्ने प्राबधान रहेको छ । पालिकाले निर्माण ब्यबसायीबाट निबेदन प्राप्त भए पश्चात अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा वा गराउँदा निर्माण ब्यबसायीले दिएको पुष्ट्याई र कारण उचित लागेमा एवम निर्माण ब्यबसायीले सम्झौतामा तोकिएको समयत तथा कार्यतालिका बमोजिम काम गर्न भरमग्दुर प्रयास गरेको थियो भन्ने लागेमा म्याद थप गर्न सकिने अन्यथा निर्माण ब्यबसायीको लापरवाहीको कारण समयमा काम सम्पन्न नभएको अवस्थामा सोही नियमावली बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाई निर्माण काम सम्पन्न गराउनु पर्दछ । ठेक्का ३।०८०।८१ को वडा नं. ८ को चण्डिकामा डिप बोरिङ्ग गर्न मिति २०८१।३।१५ गते सम्म सम्पन्न गर्ने गरी रु.२९७३५४०।०० मा मिति २०८०।१२।१६ गते युना ड्रिलिङ्ग प्रा.लि.किर्तिपुर काठमाडौंसँग सम्झौता भएकोमा गत बर्ष र यस बर्ष निर्माण कामको भुक्तानी भएको नदेखिएकोले निर्माण काम भएको पाइएन । यसरी निर्माण ब्यबसायीले सम्झौता अनुसारको म्याद भित्र निर्माण काम शुरु गरेको समेत नदेखिएको अवस्थामा निर्माण अवधि समाप्त हुनु भन्दा ३ दिन अगाडि मिति २०८१।३।१२ गते बर्षातको कारणले म्याद थपको लागि निबेदन दिएको देखिएतापनि म्याद थप गरेको देखिएन । तसर्थ तोकिएको म्याद भित्र निर्माण शुरु नै नगर्ने निर्माण ब्यबसायीबाट पूर्बनिर्धारित क्षतिपूर्ति लगाई काम सम्पन्न गराउनु पर्दछ ।

११० जिन्सी दाखिला

साँफेबगर नगरपालिका आर्थिक कार्यविधि कानुन, २०७४ को दफा १४ मा कार्यालयले जिन्सी मालसामान प्राप्त भएको ७ दिन भित्र तोकिएको स्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकारको २०७७ कार्तिक २० को निर्णय अनुसार कार्यालयमा प्राप्त भएका जिन्सी मालसामान सम्पत्ति व्यवस्थापन सफ्टवेयर (PAMS) मा अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खरिद गरेका देहाय अनुसारका जिन्सी सामानहरु जिन्सी किताब (पाम्स भि २) मा दाखिला गरेको पाइएन । साथै पालिकाले जिन्सी सामानहरु प्रतिस्पर्धा नगरी सोझै खरिद गरी मितव्ययीता अपनाएको देखिएन । अत जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा ११० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	४५,९५,२५५

१११ बिल भरपाई पेश नभएको

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल,भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानि दिनुपर्ने ब्यबस्था रहेको छ । देहाय अनुसारका कारोबारको बैंक नगदी किताबमा खर्च लेखांकन गरेकोमा सो को गोश्वरा भौचर लगायतका बिल भरपाईहरु पेश नभएको रु.

शिर्षक	गो.भौ.नं. र मिति	रकम	विवरण	कैफियत
न.पा.पूँजिगत	८३।२०८२।३।१४	२६८०२२	वडा नं. १३ मा सडक पि.सि.सि.	गोश्वरा भौचर लगायत बिल भरपाई पेश नभएको
न.पा.पूँजिगत	७९।२०८२।३।१४	५००००	कुँवर जनरल स्टोर एण्ड अर्डर सप्लायर्स	बिल भरपाई पेश नभएको
न.पा.पूँजिगत	७९।२०८२।३।१४	५००००	टंक बहादुर ताम्राकार	बिल भरपाई पेश नभएको
प्रदेश पूँजिगत	१६।२०८२।३।२१	७६८०००	बिमकोट खोला तटबन्ध	गोश्वरा भौचर लगायत बिल भरपाई पेश नभएको
जम्मा		**११३६०२२**		

प्रमाण पेश नगरेको	११,३६,०२२

११२ **नापी तथा कार्यसम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) (ख) मा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भए अनुसार वास्तविक कार्यसम्पादनको आधारमा तयार गरिएको ठेक्का विल भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसार पूँजिगतको सडक पुल तथा यातायात खर्च शिर्षकबाट नगरपालिका बिभिन्न वडाका सडक निर्माण, सफाई तथा नाली व्यवस्थापन वापत उल्लेख गरी ईन्धन खरिद गरेको विल तथा वडाको भुक्तानी सिफारिसको आधारमा तथा पालिकाबाट काम गराएकोमा सिफारिस बिना देहाय अनुसार रकम भुक्तानी दिएकोमा उक्त कार्य गरेको देखिने प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । सडक निर्माण, मर्मत तथा नाली व्यवस्थापनमा भएको खर्चको प्राविधिक विल तथा नापी किताब पेस गर्नुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा ११२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	६९,२३,०३४

११३ **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा सम्बन्धमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को परीपालना सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्

११३.१ पारदर्शिता - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा पालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको छैन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

११३.२ अनुगमन तथा निरीक्षण - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्त कार्य भएको विवरण पेश हुन आएन। अनुगमन तथा निरीक्षणको अभावमा वितरण प्रकृया नियमानुसार भएको छ भन्ने एकिन नहुने साथै सोमा गर्नुपर्ने सुधारका लागि पृष्ठपोषण नहुने हुँदा कार्यविधिको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिनुपर्दछ ।

११३.३ सार्वजनिक सुनुवाई - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३४ (१) मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्नेछ । ३४(२) मा उपदफा १ बमोजिम गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तहले आफुले सक्ने विषय सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझाव सम्बोधनका लागि स्थानीय तह प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो गरेको छैन ।

११४ **लगत कट्टा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को ११(२) मा कुनै लाभग्राहीको मृत्यु भएमा वा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमको सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गर्नुपर्ने उल्लेख छ। पालिकाले निम्न लाभग्राहीको मृत्युपश्चात लगत कट्टा नगरी बढी निकासा भएको सामाजिक सुरक्षा भत्ता असुल गर्नुपर्ने रू.

नाम	नागरिकता नम्बर	वडा नम्बर	बढी निकासा भएको रकम
झुमा बोगटी	४/४३	४	५४५३।-
जम्मा			**५४५३।-**

असुल गर्नुपर्ने	५,४५३

११५ **निष्क्रिय खाता**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को अनुसुची १० मा स्थानीय तह र बैंकवीच हुने सम्झौतापत्रको सि.नं.९ मा सामाजिक सुरक्षा विशेष खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निस्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । तर बैंकले खाताको विवरण तोकिएको अवधिमा सम्बन्धित पालिकालाई उपलब्ध गराएको देखिएन ।तसर्थ निष्क्रिय खाता सम्वन्धी विवरणका अभावमा कति खाता निस्क्रिय छन र सोमा कति रकम बाँकि छ एकिन गर्न सक्ने अवस्था रहेन। पालिकाले समयमै यस्ता निष्क्रिय खाता र सो खाताहरुमा रहेको रकमहरुको विवरण बैंक सँग माग गरी निष्क्रिय खातामा रहेको रकम फिर्ता गर्नुपर्दछ।

११६ **धरौटी फिर्ता**

अर्थ मन्त्रालय राजश्व महाशाखाको च.नं. ३६९-२०६९।७० मिति, २०६९।६।१७ को परिपत्र अनुसार मुल्य अभिवृद्धि कर भुक्तानी गर्ने कार्यालयहरुले अन्तिम भुक्तानी वा कुनै धरौटी फिर्ता गर्नु पूर्व व्यवसायीले भुक्तानी लिएको मुल्य अभिवृद्धि सहितको रकमको सम्बन्धमा त्यस्ता करदाता दर्ता रहेको ठुला करदाता कार्यालय तथा सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गरेपछि मात्र अन्तिम भुक्तानी वा धरौटी फिर्ता खर्च लेख्नु पर्ने व्यवस्था छ। पालिकाको गत बर्षको धरौटी मौज्दात रु.८६९९२।०० रहेकोमा यस बर्षको आय रु.७३९५२९।०० भई कुल आम्दानी रु.८२६५२१।०० रहेकोमा पूरै रकम फिर्ता दिएको देखिन्छ । पालिकाले देहायका निर्माण व्यवसायीहरुलाई धरौटी रकम रु.८२६५२१।०० फिर्ता खर्च लेखेकोमा निज व्यवसायीलाई रनिङ्ग बिल भुक्तानी दिंदा दिएको मुल्य अभिवृद्धि कर रकमको सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट मु.अ.कर समायोजन गरेको पत्र वेगर धरौटी फिर्ता गरेकोमा मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने रु.

गो.भो.नं.र मिति	धरौटी रकम	निर्माण ब्यबसायीको नाम	कैफियत
२।२०८१।१०।१४	८६९९२	सि.बि.कन्स्ट्रक्सन एण्ड सप्लायर्स	मू.अ.कर समायोजन संलग्न नभएको
४।२०८२।३।१८	८१०१७	पिकासो निर्माण सेवा अछाम	निबेदन,कर चुक्ता र मू.अ.कर समायोजन संलग्न नभएको
५।२०८२।३।१८	४२३१९	त्रिपुरा सुन्दरी निर्माण सेवा अछाम	कर चुक्ता र मू.अ.कर समायोजन संलग्न नभएको
६।२०८२।३।१८	४३४१४	सरस्वती निर्माण सेवा	मू.अ.कर समायोजन संलग्न नभएको
७।२०८२।३।१८	४३९७६	कालिका कन्स्ट्रक्सन अछाम	मू.अ.कर समायोजन संलग्न नभएको
८।२०८२।३।१८	२७०८७	कालिका ट्रेडर्स एण्ड सप्लायर्स अछाम	मू.अ.कर समायोजन संलग्न नभएको
१०।२०८२।३।२५	१२४९४५	पिकासो निर्माण सेवा अछाम	मू.अ.कर समायोजन संलग्न नभएको
१२।२०८२।३।२५	३७६७७१	न्यु कालभैरब अछाम	मू.अ.कर समायोजन संलग्न नभएको
जम्मा	**८२६५२१**		

प्रमाण पेश नगरेको	८,२६,५२१

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : साँफेबगर नगरपालिका, अछाम , साँफेबगर नगरपालिका , अछाम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	लक्ष्मी प्रसाद शर्मा	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	सरस बुढा	२०८०-११-१८	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,३२८,२८४.२	३४,४८९,०३७	५२,४७७,०४९	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	८९,२९४,३७०.२
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	४३४,११८.२
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	८८,८६०,२५२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५३५६४५७३	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५१२४५८१०७	चालु खर्च	५६१५०७३८५
प्रदेश सरकारबाट अनुदान	४६८३४३८१	पूँजीगत खर्च	१०३४९९५८५
राजश्व बाँडफाँट	८२६०१०२१	वित्तीय/अन्य व्यवस्था	२२४७२६३३८
आन्तरिक आय	१०६०९७१६		
अन्य आय	१९५०७४६८५		
कुल आय	८४७५७७९१०	कुल खर्च	८८९७३३३०८
बाँकी मौज्दात		११४०९१७५	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		८,४७,९५,००८.४७	०	८,४७,९५,००८.४७	८,४७,७८,६२२.८९	०	८,४७,७८,६२२.८९
१३०००	अनुदान		५५,९२,९२,४८८.००	०	५५,९२,९२,४८८.००	५३,९३,७४,०००.००	०	५३,९३,७४,०००.००
१४०००	अन्य राजस्व		५८,८०,४०२.००	०	५८,८०,४०२.००	१,११,२२,४६२.००	०	१,११,२२,४६२.००
क	कुल जम्मा प्राप्ति		६४,९९,६७,८९८.४७		६४,९९,६७,८९८.४७	६३,५२,७५,०८४.८९		६३,५२,७५,०८४.८९
३	चालु		४७,६४,२७,३१३.५२	०	४७,६४,२७,३१३.५२	५२,६०,४०,६६९.६०	०	५२,६०,४०,६६९.६०
२१०००	पारिश्रमिक / सुविधा		२९,५८,६६,९३८.०४	०	२९,५८,६६,९३८.०४	३६,७८,९५,८४३.४१	०	३६,७८,९५,८४३.४१
२२०००	मालसामान तथा सेवाको उपयोग		१२,७६,४२,६८५.४८	०	१२,७६,४२,६८५.४८	१४,०९,४९,१६७.१९	०	१४,०९,४९,१६७.१९
२५०००	सहायता (Subsidy)		२३,३९,९८०.००	०	२३,३९,९८०.००	९१,५०,०००.००	०	९१,५०,०००.००
२७०००	सामाजिक सुरक्षा		१,८७,४२,८१०.००	०	१,८७,४२,८१०.००	६०,३२,५५९.००	०	६०,३२,५५९.००
२८०००	अन्य खर्च		३,१८,३४,९००.००	०	३,१८,३४,९००.००	२०,१३,१००.००	०	२०,१३,१००.००
४	पूंजीगत		१०,१९,९९,५८५.०६	०	१०,१९,९९,५८५.०६	८,०४,८५,२१९.४३	०	८,०४,८५,२१९.४३
३१११०	भवन तथा संरचना		२,१८,६८,३४५.००	०	२,१८,६८,३४५.००	२,८७,१३,४१६.९२	०	२,८७,१३,४१६.९२
३११२०	सवारी		९९,९३,८१३.००	०	९९,९३,८१३.००	२२,४५,२७५.००	०	२२,४५,२७५.००

	साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स							
३११३०	अन्य पूँजीगत खर्च		१२,००,०००.००	०	१२,००,०००.००	१,४४,१३,८३३.००	०	१,४४,१३,८३३.००
३११५०	सार्वजनिक निर्माण		६,८९,३७,४२७.०६	०	६,८९,३७,४२७.०६	३,५१,१२,६९४.५१	०	३,५१,१२,६९४.५१
ख)	कुल जम्मा भुक्तानी		५७,८४,२६,८९८.५८		५७,८४,२६,८९८.५८	६०,६५,२५,८८९.०३		६०,६५,२५,८८९.०३
ग)	बचत /कमी (ग = क-ख)		७,१५,४०,९९९.८९		७,१५,४०,९९९.८९	२,८७,४९,१९५.८६		२,८७,४९,१९५.८६
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		-४८,४८२.२४		-४८,४८२.२४	-४२,९११.००		-४२,९११.००
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी		-१६,९१२.००		-१६,९१२.००	-५०,३६८.००		-५०,३६८.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		७,१४,९२,५१७.६५		७,१४,९२,५१७.६५	२,८७,०६,२८४.८६		२,८७,०६,२८४.८६

च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		५,२५,९१,९९३.००		५,२५,९१,९९३.००	२,४८,५८,२८८.७०		२,४८,५८,२८८.७०
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		१२,४०,८४,५१०.६५		१२,४०,८४,५१०.६५	५,३५,६४,५७३.५६		५,३५,६४,५७३.५६

बेरूजु दफा १०२ सँग सम्बन्धित विवरण - अनुसूची -४

सि.नं	भौचर नं/ मिति	रकम	योजनाको नाम	निर्माण व्यवसायीको नाम	कैफियत
१	१०१।२०८२।३।२१	९९२४६६	रिडीकोट वडा कार्यालय शौचालय तथा सेप्टिक टंकी निर्माण	के.एल. कन्स्ट्रक्सन	नगरपालिका पुजीगत
२	१९६।२०८२।०३।२३	४९९१४४	बुडागडा सिचाई पोखरी निर्माण	लक्ष्मी इन्फ्राटेक प्रा.लि.	नगरपालिका पुजीगत
३	१९६।२०८२।०३।२३	३९९५२५	चनाडीखेत सिचाई कुलो निर्माण	लक्ष्मी इन्फ्राटेक प्रा.लि.	नगरपालिका पुजीगत
४	१११।२०८२।०३।२१	९७५३११	१२ नं वडा कार्यालय वाल निर्माण	न्यु कालभैरव कन्स्ट्रक्सन	नगरपालिका पुजीगत
५	२५।२०८१।१०।२४	९८११७७	नवाठाना सडक ग्याबिन निर्माण	सरस्वति गंगा बहुउदेश्यीय कम्पनि	नगरपालिका पुजीगत
६	१५४।३०८२।०।२१	९७२७६०	बर्माली सडक ग्याबिन निर्माण	डी.पी. कन्स्ट्रक्सन	नगरपालिका पुजीगत
७	३५।२०८१।११।१२	९७०३९५	कालिमाटी अधुरो छात्राबास निर्माण	न्यु कालभैरब कन्स्ट्रक्सन साँफेबगर	नगरपालिका पुजीगत
८	९८।२०८२।३।२०	४९४४६०	पुवा गाउँदेखि वडा कार्यालय ब्रेस्टवाल निर्माण	ए.एण्ड बि.निर्माण सेवा अछाम	नगरपालिका पुजीगत
९	६३।२०८२।०३।२४	७८६५६४	मुवासैन भाटबाडा जोखिम बस्ति संरक्षण तटबन्धन	बददिवी निर्माण सेवा	प्रदेश ससर्त पुजीगत
१०	३२।२०८२।०३।२३	९७९५५९	बैधनाथ धाम संग्रहालय अधुरो भवन निर्माण	श्री बैधनाथ निर्माण सेवा प्रा.लि.	प्रदेश ससर्त पुजीगत
११	४४।२०८२।०३।२३	७९६३११	कालाआम खानेपानी मुहान संरक्षण	न्यु कालभैरव बिल्डर्स	प्रदेश ससर्त पुजीगत
१२	६१।२०८२।०३।२४	७८५५७६	साँफे खोला बुढीगंगा तटबन्धन	बददिवी निर्माण सेवा	प्रदेश ससर्त पुजीगत
१३	७७।२०८२।०३।२४	७९५४४६	मुवासैन पोखरी निर्माण	बददिवी निर्माण सेवा	प्रदेश ससर्त पुजीगत
१४	३८।२०८२।३।२०	९४७१०५	मोटेना बसाले सडक मर्मत	समृद्धि बिल्डर्स अछाम	सडक बोर्ड
१५	१५।२०८२।३।१३	९५६४१३	गोयलापानी बुढीखोला सडक मर्मत	त्रिपुरा सुन्दरी निर्माण सेवा अछाम	सडक बोर्ड
१६	३।२०८२।३।१३	९५७३११	बुढाकोट पातलकोट सडक मर्मत	न्यु कालभैरब कन्स्ट्रक्सन साँफेबगर	सडक बोर्ड
१७	५।२०८२।३।१३	९४७०४४	सरस्वती आ.बि.टाँके सडक	न्यु कालभैरब कन्स्ट्रक्सन साँफेबगर	सडक बोर्ड
१८	७।२०८२।३।१३	९२४०९०	देउलीखाँद लाटाका झाड गैरा सडक मर्मत	न्यु कालभैरब कन्स्ट्रक्सन साँफेबगर	सडक बोर्ड
१९	९।२०८२।३।१३	५८७०२०	पातलकोट भासुवन सडक मर्मत	न्यु कालभैरब कन्स्ट्रक्सन साँफेबगर	सडक बोर्ड
२०	१३।२०८२।३।१३	९४२१२३	घनखोला शेरिखोला सडक	जयश्री वैद्यनाथ कन्स्ट्रक्सन	सडक बोर्ड
२१	२६।२०८२।३।२०	५६१६८३	जनकल्याण जयाकोट सडक मर्मत	बददिवी निर्माण सेवा	सडक बोर्ड
२२	२८।२०८२।३।२०	९५२१५७	भैरबस्थान देखि कालिका सडक मर्मत	लाङटाङ कन्स्ट्रक्सन प्रा.लि.	सडक बोर्ड
२३	४०।२०८२।३।२०	९५०५९४	भैरबस्थान देखि कालिका सडक	लाङटाङ कन्स्ट्रक्सन प्रा.लि.	सडक बोर्ड
२४	३०।२०८२।३।२०	८२३२८०	सेतीलोकमार्ग देखि खसड सडक मर्मत	जयश्री वैद्यनाथ कन्स्ट्रक्सन	सडक बोर्ड
२५	३२।२०८२।३।२०	८१२६८६	फुलौटी डाँडा देखि बस्ती सडक	एस.एच.कन्स्ट्रक्सन	सडक बोर्ड
२६	३४।२०८२।३।२०	७६५९०३	ठाटी देविस्थान सडक मर्मत	ए.एण्ड बि.निर्माण सेवा अछाम	सडक बोर्ड
२७	१७।२०८२।०३।१७	९६५५९७	बुढाबगर चौसिल्ला सडक मर्मत	पिकासो निर्माण सेवा	सडक बोर्ड

२८	२३।२०८२।०३।१३	९४१३३७	ठुलासाल-बाब्ला सडक मर्मत	मुना निर्माण सेवा	सडक बोर्ड
२९	१९।२०८२।०३।१३	६९३७३३	किमरुख धामिलेख सडक निर्माण	सरस्वति गंगा बहुउदेश्यीय कम्पनि	सडक बोर्ड
३०	४५।२०८२।३।२५	८४७८६५	भगवती स्वा.चौ.देखि नवाठाना सडक	बददिबी निर्माण सेवा	सडक बोर्ड
३१	३६।२०८२।३।२०	८८५०२१	साँफे बुढाकोट देखि खैरेली सडक	उपहार निर्माण सेवा	सडक बोर्ड
	जम्मा	**२५८८९६५६**			
माथिको तालिका अनुसार देहाय बमोजिमका निर्माण ब्यबसायीहरुबाट एक पटक भन्दा बढी पटक निर्माण गराएको पाइयो ।					
न्यु कालभैरब कन्स्ट्रक्सन साँफेबगरबाट ६ पटक निर्माण गराई भुक्तानी भएको रु.					५३६११७१
बददिबी निर्माण सेवाबाट ५ पटक निर्माण गराई भुक्तानी भएको रु.					३७७७१३४
ए.एण्ड बि.निर्माण सेवा अछामबाट २ पटक गराई भुक्तानी भएको रु.					१२६०३६३
सरस्वति गंगा बहुउदेश्यीय कम्पनिबाट २ पटक गराई भुक्तानी भएको रु.					१६७४९१०
भैरबस्थान देखि कालिका सडकको काम टुक्रा गरी लाङटाङ कन्स्ट्रक्सन प्रा.लि.बाट २ पटक गराई भुक्तानी भएको रु.					१७६५४०३
जयश्री वैद्यनाथ कन्स्ट्रक्सनबाट २ पटक गराई भुक्तानी भएको रु.					१९०२७५१
	जमा				**१५७४१७३२**

बेरूजु दफा १०३ सँग सम्बन्धित विवरण - अनुसूची -५

ठेक्का नं.	**निर्माण ब्यबसायीको नाम**	**भुक्तानी रकम**	**बिमा भुक्तानी**	**बिमा गरेको मिति**	**बिमाको अबधि**	**बिमा प्रिमियम बुझाएको रकम**	**कैफियत**
डब्ल्यू।३।०८०।८१	युना ड्रिलिङ्ग प्रा.लि.किर्तिपुर काठमाडौं	०	०	०८१।३।६	०८१।३।१६	०	बिमा शुरु देखि गर्नुपर्नेमा पूरै अवधिको नगरी १० दिनको मात्र गरेको,तेश्रो पक्ष र सामुहिक दुर्घटनाको बिमा नगरेको
डब्ल्यू।१।०८१।८२	डि.पि.कन्स्ट्रक्सन	६२३३९५२	२००००	०	०	०	बिमा कागजात पेश नभएकोले बिमा गरे वा नगरेको यकिन भएन ।
डब्ल्यू।३।०८१।८२	डि.पि.कन्स्ट्रक्सन	६२९८७७४	२००००	०८१।२।२०	०८१।३।१५	२६०२६	बिमा शुरु देखि गर्नुपर्नेमा पूरै अवधिको नगरी २७ दिनको मात्र गरेको र सामुहिक दुर्घटनाको बिमा नगरेको
डब्ल्यू।२।०८१।८२	जय श्री बैजनाथ कन्स्ट्रक्सन	२८९१५०४	२००००	०८१।१०।१५	०८२।३।१६	१५९६२	बिमा शुरु देखि गर्नुपर्नेमा पूरै अवधिको नगरेको
डब्ल्यू।४।०८१।८२	मुना निर्माण सेवा साँफेबगर	२५४२३९६	०	०	०	०	सम्झौतामा बिमा प्राबधान नगरेको

बेरूजु दफा ११० सँग सम्बन्धित विवरण - अनुसूची -६

गो.भौ.नं./ मिति	रकम	सप्लायरको नाम	खर्चको शिर्षक	सामान	कैफियत
१७|०८१|१०|१४	४१८३२६	सेलिना फर्निचर उद्योग,साफेबगर	फर्निचर	काठको दराज १ थान समेत १६ आइटम	
२३|०८१|१०|१४	१३४९९९	वाबेश्वारी अटो मोटिभर्स, धनगढी	मेसिनरी	मोटर साइकल RTR 160	
२७|०८|१०|१५	९५०००	पुर्णिमा मोबाइल ग्यालरी एण्ड सप्लायर्स ,मंगलसेन	मेसिनरी	ब्याट्री थान १	
१०|०८२|३|२२	१५३७००	जयकेदार बिजनेश ग्रुप पा.लि धनगढी	कार्यालय संचालन	ल्यापटप १ थान समेत ६ आइटम	
१६८|०८२|३|२१	३०००००	सेलिना फर्निचर उधोग,साफेबगर	फर्निचर	सोफा सेट १ थान समेत ७ आइटम	
१७०|०८२|३|२१	९२९४२५	कृतिक ट्रेडर्स एण्ड सप्लायर्स, धनगढी	मेसिनरी	ल्यापटप ५ थान समेत ६ आइटम	
१७२|०८२|३|२१	९९३२७०	गडतोला कम्पुटर स्टोर्स ,धनगढी	मेसिनरी	डेल ल्यापटप १ थान समेत १३ आइटम	
२२८|०८२|०३|२४	८६३८८५	इन्द्र ट्रेडर्स, धनगढी	बिभिन्न योजना	डी.एस.एल.आर क्यामेरा १ थान समेत ११ आइटम	
२३०|०८२|०३|२४	२८२५००	गडतोला कम्पुटर स्टोर्स ,धनगढी	मेसिनरी	गडतोला कम्पुटर स्टोर्स ,धनगढी बाट मोबाइल २ थान	
२५।०८२।३।२१	२११२०३	सेलिना फर्निचर साँफेबगर	फर्निचर	सोफा सेट १ थान समेत ११ आईटम	
३६।०८२।३।२३	५०६२४	सेलिना इलोट्रोनिक एण्ड सप्वलायर्स साँफेबगर	मेसिनरी	फ्रिज १ थान	
२१।०८२।३।२१	१६२३२३	एन्जिला ट्रेड एण्ड सप्लायर्स साँफेबगर	मेसिनरी	पाइलट कलम समेत १५ आईटम	सप्लायर्सबाट ३ वटा बिजकबाट रु.४३८४३९।०० को खरिद गरेकोमा आंशिक दाखिला गरेको
जम्मा	**४५९५२५५**				

बेरूजु दफा ११२ सँग सम्बन्धित विवरण - अनुसूची -७

गो.भौ.नं. र मिति	रकम	बिबरण	कैफियत
३।२०८१।६।१८	१६९२५००	ईन्द्रसरा आयल स्टोर्सलाई बिभिन्न मितिका ३ वटा बिजकबाट डिजल ९७७९ लिटर र पेट्रोल ७८४ लिटर	सप्लायर्सको निबेदन र बिजक मात्र संलग्न रहेको, निर्माण तथा मर्मत गरेको स्थान,मिति र ईन्धन प्रयोग भएको ईक्विपमेन्ट नखुल्ने,प्राबिधिक मूल्यांकन तयार नगरेको साथै गत आर्थिक बर्ष २०८०।८१ को बिजकको समेत भुक्तानी गरेको कारण नखुलाएको,
१७४।२०८२।३।२२	५०१९१५९	ईन्द्रसरा आयल स्टोर्सलाई बिभिन्न मितिका १५ वटा बिजकबाट डिजल २९४३० लिटर र पेट्रोल २७२७ लिटर	सप्लायर्सको निबेदन र बिजक मात्र संलग्न रहेको, निर्माण तथा मर्मत गरेको स्थान,मिति र ईन्धन प्रयोग भएको ईक्विपमेन्ट नखुल्ने,प्राबिधिक मूल्यांकन तयार नगरेको
२३२।२०८२।३।२४	७००००	ईन्द्रसरा आयल स्टोर्सलाई एक वटा बिजकबाट डिजल ४५७ लिटर	वडा नं. ९ को सडक मर्मत उल्लेख भएकोमा निर्माण तथा मर्मत गरेको मिति र ईन्धन प्रयोग भएको ईक्विपमेन्ट नखुल्ने,प्राबिधिक मूल्यांकन तयार नगरेको
९२।२०८२।३।१८	४१३७५	ईन्द्रसरा आयल स्टोर्सलाई भुक्तानी	वडा नं. १० को सडक मर्मत उल्लेख भएकोमा निर्माण तथा मर्मत गरेको मिति र ईन्धन प्रयोग भएको ईक्विपमेन्ट नखुल्ने,प्राबिधिक मूल्यांकन तयार नगरेको
४२।२०८२।३।२४	१०००००	ईन्द्रसरा आयल स्टोर्सलाई एक वटा बिजकबाट पेट्रोल ५८८ लिटर	वडा नं. ७ को सडक मर्मत उल्लेख भएकोमा निर्माण तथा मर्मत गरेको मिति र ईन्धन प्रयोग भएको ईक्विपमेन्ट नखुल्ने,प्राबिधिक मूल्यांकन तयार नगरेको
जम्मा	**६९२३०३४**		

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।